# प्रदेश नं.१को बजेट कार्यान्वयनको
# वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष २०७८/७९)

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर

# प्रदेश नं.१को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष २०७८/७९)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर
२०७९, कात्तिक

आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश नं.१ विराटनगर
नेपाल

# मन्तव्य

आर्थिक वर्ष २०७८/७९ को राजस्व सङ्कलनको समीक्षा, सो आर्थिक वर्षमा वित्तीय व्यवस्थापनमा गरिएका सुधारका कामहरु, बजेट कार्यान्वयनको बिस्लेषण, मन्त्रालयगत रुपमा भएका मुख्य प्रगतिका साथै बजेट कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि अवलम्बन गर्नुपर्ने विषयवस्तु समेटेर आर्थिक वर्ष ०७८/०७९ को प्रदेश नं.१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

आ. ब. ०७८/०७९ मा पटक पटक प्रदेश सरकार निर्माण र बिघटनको चक्रब्युहमा ब्यतित हुन पुग्यो। बिगत बर्षहरुमा सिर्जित ठुलो आर्थिक दायित्व, राजनैतिक अस्थिरता, सिमित कर्मचारी र संघबाट कानून तथा अधिकार हस्तान्तरणमा गरेको ढिलाइको कारण जनअपेक्षा बमोजिमको कार्य सम्पादन गर्न हामीलाई चुनौतिपुर्ण रहन गयो।। विभिन्न चुनौतिको वाबजुत प्रदेश नं.१ सरकारले बजेट इतिहासमै सबैभन्दा बढि रकम खर्च गरेर देशभरिकै उत्कृष्ठ प्रगति हासिल गर्न सफल रहयो। राजस्व संकलन लक्ष भन्दा बढि गरेको, संचित कोष मजबुत अवस्थामा रहेको, संघीय सरकारका हस्तान्तरित कार्यक्रमहरुमा पर्याप्त थप बजेट प्राप्त हुँदा आयोजनाहरुको कार्यान्वयन प्रभावकारी रुपमा भएको, परिणाममुखी र ठोस प्रकृतिका बहुबर्षीय आयोजनामा गरिएको लगानीले बजेट छरिने प्रबृति निरुत्साहित भएकोले आगामी दिनमा यसबाट आर्थिक तथा सामाजिक विकासमा दरिलो जगको रुपमा काम गर्ने आधार निर्माण भएको छ।

प्रदेशको सार्वजनिक खर्चको परिमाणात्मक र गुणात्मक पक्षलाई अब्बल बनाउनका लागि विनियोजन कुशलता एवम् कार्यान्वयन क्षमतामा कँही कमी कमजोरी हुन नदिन अर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन निर्माण र कार्यान्वयन गरिएको, सार्वजनिक खर्चको मापदण्ड निर्माण पश्चात् कार्यान्वयनमा लगिएको जस्ता कार्यहरुबाट प्रदेशमा वित्तीय अनुशासन कायम गर्न र सार्वजनिक श्रोतमाथि हुन सक्ने क्षति रोक्ने कामको सुरुवात भएको छ। बजेट कार्यान्वयन कार्यदक्षता वृद्धि गर्दै सार्वजनिक खर्चलाई विवेकपूर्ण विनियोजन र दक्षतापूर्वक परिचालन गरी उत्पादकत्व बढाउनको लागि तत्कालै पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नु पर्ने आवश्यक रहेको छ र यस तर्फ सरकारले कार्य प्रारम्भ पनि गरेको छ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा समेटिएको प्रदेश सरकारको आम्दानी, खर्चको अवस्था, विभिन्न मन्त्रालय वा निकायहरूबाट सञ्चालन भएका आयोजना वा कार्यक्रमहरुको प्रगति विवरण सम्बद्ध सबैलाई उपयोगी हुने विश्वास लिएको छु। अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

मिति २०७९।०७।१५

इन्द्रबहादुर आङ्बो
मन्त्री

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर, मोरङ

## मन्तव्य

प्रदेश नं. १ मा आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारबाट सञ्चालित वार्षिक कार्यक्रमहरुको प्रगतिको समीक्षा गरी यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ । समीक्षा अवधिको समष्टिगत आर्थिक परिसूचक, राजश्व परिचालन, खर्च व्यवस्थापन, आर्थिक तथा सामाजिक प्रमुख सूचक र वित्तीय संघीयता कार्यान्वयनमा देखिएका प्रमुख प्रवृत्तिहरुको विश्लेशण यस प्रतिवेदनमा गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ पनि कोभिड-१९ को असर निरन्तर नै रह्यो । तथापि आ.व. को उत्तरार्धबाट कोभिड-१९ को प्रकोप क्रमशः कम हुँदै गर्दा संचार भएको सकरात्मक वातावरणबाट सार्वजनिक खर्चको क्षमतामा वृद्धि गर्न सहयोग पुगेको थियो। फलस्वरुप कुल पुँजिगत बजेटको ८९.८% बजेट खर्च गर्न प्रदेश सफल भएको छ। यो प्रतिवेदन विषयगत मन्त्रालय र निकायहरुक मन्त्रालय स्तरीय समीक्षा र प्रगति प्रतिवेदनका आधारमा तयार गरिएको छ। प्रगति समीक्षाबाट आगामी आ.व. मा विकासका लक्ष्यहरु हासिल गर्न नीतिगत र कार्यगत सुधार हुने अपेक्षा गरेको छु।

अन्त्यमा, यो वार्षिक प्रगति प्रतिवेदन प्रदेश नं. १ को वार्षिक कार्यक्रम कार्यान्वयनका अवस्था सम्बन्धमा अध्ययन अनुसन्धान र जानकारी राख्न चाहने सवैका लागि उपयोगी हुने विश्वास लिएको छु। यस प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण, तथ्यांक उपलब्ध गराउने विषयगत मन्त्रालयहरु, निकायहरु र प्रतिवेदन तयारीमा संलग्न मन्त्रालयको सम्पुर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

शिव कुमार कार्की
प्रदेश सचिव

# विषय सूची


| विषय | पाना नं |
|---|---|
| परिच्छेद एक | |
| प्रदेशको समष्टिगत आर्थिक तथा वित्तिय स्थिति...... | १ |
| १.१ वास्तविक क्षेत्र...... | १ |
| १.२ सरकारी वित्त स्थिति...... | १ |
| परिच्छेद दुई | |
| राजस्व परिचालन तथा अनुदान प्राप्ति...... | ३ |
| २.१ राजस्व संकलन तथा अनुदान...... | ३ |
| परिच्छेद तीन | |
| बजेट विनियोजन र खर्च स्थिति...... | ६ |
| ३.१ पृष्ठभूमी...... | ६ |
| ३.२ शिर्षकगत खर्चको स्थिति...... | ७ |
| ३.३ खर्चको स्रोतगत विश्लेषण...... | ९ |
| ३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति...... | ११ |
| ३.५ पाँच आर्थिक वर्षको चालु, पूँजिगत र वित्तिय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण | १२ |
| ३.६ निष्कर्ष...... | १२ |
| परिच्छेद चार | |
| स्थानीय तहमा वित्तिय हस्तान्तरण...... | १४ |
| ४.१ पृष्ठभूमी...... | १४ |
| ४.२ स्थानीय तहमा वित्तिय हस्तान्तरण...... | १४ |
| परिच्छेद पाँच | |
| क्षेत्रगत मन्त्रालय/निकाय र प्रगतिको अवस्था...... | १६ |
| ५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय...... | १६ |
| ५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय...... | १८ |
| ५.३ आन्तरिक मामिला तथा कानुन मन्त्रालय...... | २१ |
| ५.४ वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय...... | २३ |
| ५.५ सडक पुर्वाधार तथा शहरी विकास मन्त्रालय...... | २४ |
| ५.६ सामाजिक विकास मन्त्रालय...... | २७ |
| ५.७ स्वास्थ्य मन्त्रालय...... | २८ |

५.८ उद्योग श्रम तथा रोजगार मन्त्रालय........................................................................ ३४
५.९ कृषि मन्त्रालय........................................................................................................ ३७
५.१० पर्यटन तथा संस्कृति मन्त्रालय........................................................................ ४५
५.११ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय............................................ ४६
५.१२ यातायात व्यवस्था तथा संचार मन्त्रालय.............................................................. ४६
५.१३ खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय................................................................ ४६
५.१४ प्रदेश सभा सचिवालय.......................................................................................... ४८
५.१५ प्रदेश लोलसेवा आयोग........................................................................................ ४९
५.१६ प्रदेश योजना आयोग............................................................................................ ५१
५.१७ मुख्य न्यायधिवक्ताको कार्यालय............................................................................ ५१

परिच्छेद छ

बहुवर्षिय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण.................................................... ५२

परिच्छेद सात

बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू.............................. ५३

७.१ बजेट तर्जुमामा देखिएका समस्याहरू........................................................................ ५३
७.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू................................................................. ५४
७.३ लेखा प्रणालि र अभिलेख व्यवस्थापनका समस्याहरू.................................................... ५५
७.४ बजेट तर्जुमामा गर्नुपर्ने सुधारहरू........................................................................... ५५
७.५ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधारहरू..................................................................... ५६
७.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू...................... ५८
७.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू.................... ६०

# अनुसूचीहरू

अनुसूची-१
आ.व.२०७८/०७९ को कायम बजेट विनियोजन............................................................ ६३

## परिच्छेद एक

## प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### १.१ वास्तविक क्षेत्र

- आ.व.२०७८/७९ को नेपालको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं.१को हिस्सा १५.७ प्रतिशत रहेको छ ।
- केन्द्रिय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रमा योगदान ३५.२ प्रतिशत रहेको छ।
- प्रदेशको कुल क्षेत्रफलको १८ प्रतिशत भुभाग तराईमा र ८२ प्रतिशत भुभाग पहाड र हिमाली क्षेत्रले ओगटेको छ । संसारकै अग्लो हिमाल सगरमाथा देखी नेपाललाई सबै भन्दा होचो ठाँउ केचना यसै प्रदेशमा रहेका छन् । प्रदेशको कुल भुभागको २३ प्रतिशत क्षेत्र कृषिका लागि उपयुक्त रहेको छ । त्यसैगरी कुल भुभागको ४३ प्रतिशत बन क्षेत्र र १९ प्रतिशत भुभाग निकुञ्ज वा संरक्षित क्षेत्र रहेको छ ।
- जनगणना २०२१ को तथ्यांक अनुसार प्रदेश १ मा ४९,७२,०२१ जनसंख्या रहेका छन् । प्रदेशको औसत साक्षरता दर ७१.१ प्रतिशत रहेको छ । मानव विकास प्रतिवेदन २०२२ को अवस्थालाई हेर्दा यस प्रदेशको मानव विकास सुचकांक स्थिति ०.५८० रहेको छ ।
- यस प्रदेशमा स्थानीय सडक संजाल १३१२९ कि. मी विस्तार भएको छ भने विद्यालयहरुको संख्या ६७५९ रहेका छन् । ठुला उद्योगको दर्ता संख्या ८०७ पुगेका छन् र ती उद्योगमा भएको लगानी परिमाण ५५५.६ अर्ब रहेको छ । विद्युत उत्पादनका हिसाबमा प्रदेश १ मा ३२७ मेगावट विद्युत उत्पादन भएको छ ।
- प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ। ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ। खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र मित्रराष्ट्रमा समेत निर्यात गर्ने हैसियत राख्दछ।

### १.२ सरकारी वित्त स्थिति

१.२.१ खर्च तथा राजस्व

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं.१ प्रदेश सरकारको कुल खर्च रू.२९ अर्ब ९६ करोड ६४ लाख रहेको छ। जसमा चालु खर्च रू. १३ अर्ब १२ करोड ७२ लाख र पूँजीगत खर्च रू. १६ अर्ब ८३ करोड ९२ लाख रहेको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरण वापतको खर्च रू.३ अर्ब ९० करोड ५८ लाख रहेको छ।
- समीक्षा वर्षमा प्रदेश नं.१को प्रदेश सञ्चित कोषमास्रेस्ता अनुसार रू.३२ अर्ब ३५ करोड ५४ लाख कुल आम्दानी भएको छ। यस्तो आम्दानी अघिल्लो वर्ष रू.२९ अर्ब ९६ करोड २९ लाख भएको थियो।
- RMIS मा देखिएको सवारी साधन कर मध्ये आषाढ २१ देखि आषाढ मसान्तसम्मको संकलित रकम पछिल्लो आर्थिक वर्षमा बाँडफाँट हुने गरेको र वन रोयल्टी शीर्षकको रकम नेपाल सरकारले बाँडफाँट गरेपछि मात्र प्रदेश सञ्चित कोषमा प्राप्ति हुनेछ।

**१.२.२ अनुदान बचत/नगद मौज्दात**प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार रू.३२ अर्ब ३५ करोड ५४ लाख प्राप्ति भई रू.२९ अर्ब ९६ करोड ६४ लाख खर्च भई सञ्चित कोषको मौज्दात रु.२ अर्ब

३८ करोड ८९ लाख रहेको छ। सञ्चित कोष मौज्दात मध्ये आ.व.२०७८/७९ मा संघीय सरकारबाट प्राप्त भएको अनुदान खर्च नभई बाँकी रहेको रु.१ अर्ब ४१ करोड १ लाख रकम आ.व.२०७९/८० मा संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने प्रारम्भिक प्रतिवेदनको तथ्याङ्क रहेको छ।

# परिच्छेद दुई

## राजस्व परिचालन तथा अनुदान प्राप्ति

### २.१ राजस्व संकलन तथा अनुदान

आर्थिक वर्ष २०७८/७९ मा ३२ अर्ब ४६ करोड ९२ लाखको बजेटमा रू.१५ अर्ब ९१ करोड ४२ लाख राजस्व संकलन हुने अनुमान गरिएको थियो। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा रू.१६ अर्ब ५५ करोड ४९ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएको थियो। नगद मौज्दात रु.२ अर्ब ६३ करोड ७५ लाख बचत हुने अनुमान गरिएको छ । यस अवधिमा विभिन्न शीर्षकहरूमा संकलन भएको राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१ राजस्व संकलनको अवस्था (स्रोत परिचालनको RMIS अनुसार विवरण)**

(रकम रू. हजारमा)

| क्र.सं. | शीर्षक | आ.व.२०७७/७८ | | | आ.व.२०७८/७९ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | |
| १. | आन्तरिक राजश्व | ४७५०७४७ | ३४९७१०४ | ७४% | ४०९७५९६ | ४४२१४१० | १०८% | २६% |
| २. | राजश्व बाँडफाँट मु.अ.कर , अन्तशुल्क र रोयल्टी समेत | १००३५४०० | ८७७१४३० | ८७% | ९८१६६९६ | ९४६८४४८ | ९६% | ८% |
| ३. | निकासा फिर्ता, बेरुजु असुली, मौज्दात | ६०००००० | ७४३८०३ | - | २०००००० | - | - | - |
| ४. | वित्तीय समानीकरण अनुदान | ७९९८४०० | ७९९८४०० | १००% | ८५६७८०० | ८५६७८०० | १००% | ७% |
| ५. | सशर्त अनुदान | ५७३७७०० | ८२३४२२० | १४४% | ५९६७७०० | ८१३९६४८ | १३६% | -१% |
| ६. | समपूरक अनुदान | ८४२७०० | ८४२७०० | १००% | ११६४८०० | ११६४८०० | १००% | ३८% |
| ७. | विशेष अनुदान | ५३५००० | ५३५००० | १००% | ५९३३०० | ५९३३०० | १००% | ११% |
| ८. | नेपाल सरकारसँग ऋण | ५०००००० | ० | - | - | - | - | - |
| ९. | वैदेशिक अनुदान (सोझै भुक्तानी) | - | - | - | २६१३०८ | - | - | - |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ४०८९९९४७ | ३०६२२६५७ | ७५% | ३२४६९२०० | ३२३५५४०६ | ९९.६% | ५.७% |

**(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)**

माथिको तालिका नं.२.१ अनुसार यस आर्थिक वर्षमा राजस्व तथा अनुदानबाट जम्मा रु.३२ अर्ब ३५ करोड ५४ लाख ६ हजार संकलन भएको **RMIS** को विवरणले देखाएको छ। **RMIS** मा संकलन देखाएको रकम मध्ये आषाढ २१ देखि आषाढ मसान्तसम्मको राजस्व बाँडफाट एवम् सवारी साधन कर पछिल्लो आर्थिक वर्षमा बाँडफाँट हुने गरेको र रोयल्टी शीर्षकको राजस्व संघबाट बाँडफाँट भई प्राप्त हुने भएकोले प्रदेश सञ्चित कोषमा पछिल्लो आ.व.मा मात्र प्राप्ति हुन्छ। आन्तरिक राजस्व र राजस्व बाँडफाँटमा गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भई प्रदेश सञ्चित कोषमा प्राप्ति हुने आय गत वर्षको तुलनामा वृद्धि भएको छ। संघ सशर्त अनुदानमा थप रु.२ अर्ब २९ करोड १६ लाख रकम प्राप्त भएको हुँदा स्रोत व्यवस्थापनमा केही सहज भएको छ। संघबाट वित्तीय समानीकरण, सशर्त र विशेष अनुदान स्रोतमा गत वर्षको तुलनामा केहि बढी अनुदान प्राप्त भएको छ। प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित रहेको हुँदा प्रदेशको खर्चको आवश्यकता र कार्यक्षेत्र अनुसार स्रोत परिचालनका लागि प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउन आवश्यक रहेको छ।

**रेखाचित्र २.१ आ.व.२०७८/७९ मा राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण**

(कुल प्राप्तिको तुलनामा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

माथिको चित्रअनुसार प्रदेशको कुल आयस्रोतमा संघबाट प्राप्त हुने अनुदानको हिस्सा सबैभन्दा बढी (५७ प्रतिशत) रहेको छ। चार वटा अनुदान प्राप्ति मध्ये सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा ५३.६ प्रतिशत रहेको छ भने वित्तीय समानीकरण अनुदान ४६.४ प्रतिशत मात्र रहेको छ। शर्त तोकिएर आयोजना/कार्यक्रममा बजेट प्राप्त हुने अनुदान भन्दा वित्तीय समानीरण अनुदानको प्रतिशत कम देखिएको छ। संघ अनुदान बाहेक राजस्व तथा विविध आय तर्फ प्रदेश सरकारको स्रोत कुल आयको तुलनामा ४३ प्रतिशत मात्र रहेको छ। प्रदेशको कुल आयमा आन्तरिक स्रोतको अनुपात १३.६ प्रतिशत र कुल राजस्व प्राप्तिको तुलनामा प्रदेशको आन्तरिक स्रोतको अनुपात ३१.८ प्रतिशत रहेको छ।

**तालिका २.२ प्रदेशको आन्तरिक राजस्वको शीर्षकगत विश्लेषण**

रकम रु. हजारमा

| क्र.सं. | विवरण | आ.व.२०७९/८० को वार्षिक लक्ष्य | आ.व.२०७७/७८ को प्राप्ति | आ.व.२०७९/८० को प्राप्ति | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बाँडफाँटबाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर | ११५०००० | १३८९७३२ | १६५०८७१ | १९% |
| २. | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३२०००० | ११२५३३२ | ११२९६८८ | ०% |
| ३. | चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धीदस्तुर | ५३१६०० | ३६९१०० | ५८४३९९ | ५८% |
| ४. | बाँडफाँड भई प्राप्त दहत्तर बहतर (ढुङ्गा, गिट्टी, वालुवा, प्राकृतिक स्रोत विक्री) शुल्क | १००००० | ३३७६३२ | २८०४०० | -१७% |
| ५. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०००१० | १४२३१८ | ९५१५८ | -३३% |
| ६. | यातायात क्षेत्रको आम्दानी | ११०००० | ९००१४ | ८९६१९ | ०% |
| ७. | प्रशासनिक सेवा शुल्क | १४४२५० | ३०६८५ | ८५६९२ | १७७% |
| ८. | दण्ड जरिवाना र जफत, विविध राजस्व | ३८६६ | ५४०७ | ७७६५ | ४४% |
| ९. | वस्तु तथा सेवा विक्रि, बहालबाट प्राप्त रकम | ८८२८३० | ५०६८ | ४४०४९ | ७६९% |
| १०. | मनोरंजन तथा विज्ञापन कर | ३५०० | १८१५ | ४५०३ | १४८% |
| ११. | अनुदान फिर्ता निकासा फिर्ता र बेरूजु असुली | ६३७५०० | - | ४४९२६५ | - |
| जम्मा | | ४०९७५९६ | ३४९७१०३ | ४४२१४१० | २६.४% |

स्रोत प्रदेश लेखा नियन्त्रक कार्यालय

माथिको तथ्याङ्क विश्लेषण गर्दा प्रदेशको आन्तरिक राजस्वको प्रमुख स्रोतको रुपमा रहको सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, यातायात क्षेत्रको शुल्क, दहत्तरबहत्तर शुल्कमा उल्लेखनिय वृद्धि भएको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश आर्थिक ऐन, २०७७ अनुसार स्थानीय तहबाट संकलन भई प्रदेशलाई समेत प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन कर र दहत्तर बहत्तर शुल्क बाँडफाँट भई कतिपय स्थानीय तहबाट प्राप्त भएको छैन। प्रदेश आर्थिक ऐनमा उल्लेख रहेको पर्यटन तथा पदयात्रा शुल्क संकलन हुन सकेको छैन। घरजग्गा रजिष्ट्रेशन शुल्क अघिल्लो आ. व. को संकलन यस आ व मा बाँडफाँटमा भई प्राप्त भएकोले RMIS मा यस आर्थिक वर्षमा प्रविष्टि भएको हुँदा र घरजग्गा रजिष्ट्रेशनको दर र दायरामा पुनरावलोकन गरिएको साथै कारोबार समेत वृद्धि भए अनुसार अघिल्लो वर्षको भन्दा बढी संकलन भएको हो। कोभिड-१९को कारण सिर्जित बन्दाबन्दीको समयमा घरेलु तथा साना उद्योग दर्ता नवीकरण शुल्कमा प्रदेश आर्थिक ऐन अनुसार छुट एवम् सहुलियत दिइएको हुँदा व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलनमा कमी भएको हो। प्रदेश लोकसेवा आयोगको परीक्षा शुल्क संकलन एवम् अन्य प्रशासनिक सेवा शुल्कमा समेत वृद्धि भएको छ।

## परिच्छेद तीन

## बजेट विनियोजन र खर्च स्थिति

### ३.१ पृष्ठभूमि

आर्थिक वर्ष २०७७/७८ मा कोरोना महामारीबाट प्रदेशका वासिन्दाहरूको जीवन रक्षा गर्ने, सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेना उपलब्ध गराउने, जीवनोपयोगी तथा सिपयुक्त शिक्षाको प्रबन्ध मिलाउने, आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिदै सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनसील क्षेत्रमा परिचालन गरी गरिबी निवारण गर्ने, आर्थिक सामाजिक पूर्वाधारको विकास गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने र राज्यको लोककल्याणकारी भूमिकालाई सिदृढ बनाउदै सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने उद्देश्य सहित बजेट प्रस्तुत भएको थियो।

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि परिक्षणको दायरा विस्तार, उपचारको व्यवस्था, स्वास्थ्य यन्त्र उपकरण तथा सामग्रीको आपुर्ति, निःशुल्क खोपको सुनिश्चितता र चिकित्सक एवम स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालन, व्यवस्थित स्वास्थ्य प्रणाली तथा स्वास्थ्य संरचनाका लागि पूर्वाधार निर्माणमा जोड तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि तथा कृषि क्षेत्रमा युवाहरूको परिचालन, उद्योग, व्यावसाय, पर्यटन क्षेत्रहरूमा रोजगारी तथा स्वरोजगारीका अवसरहरूको सिर्जना, निर्माणाधिन तथा अधुरा आयोजनाहरूको निर्माण कार्य सम्पन्न, लक्षित वर्गलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षण, जीवनोपयोगी एवम सीपमुलक शिक्षामा जोड, संघ र स्थानीय तहसंग सहयोग, समन्वय र सहकार्य मार्फत सन्तुलित विकास, सबै प्रकारका विभेदको अन्त्य गर्दै विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच र नतिजामुखी शासकीय व्यवस्था र सुशासन कायम हुने गरी प्राथमिकता निर्धारण गरेको थियो।

#### ३.१.१ कुल वार्षिक विनियोजन र खर्चको स्थिति

**तालिका ३.१ प्रदेश नं.१को आर्थिक वर्ष २०७८/७९को विनियोजन र खर्च** (रू.हजारमा)

| बजेट | कुल विनियोजन | कुल विनियोजन सँगको अनुपात प्रतिशत | कुल खर्च | कुल खर्चसँगको अनुपात प्रतिशत | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **चालु** | १५९६८९७८ | ४५.९४ | १३१२७२१५ | ४३.८१ | ८२.२० |
| **पूँजीगत** | १८७६१८७५ | ५३.९७ | १६८३९२२१ | ५६.१९ | ८९.७५ |
| **वित्तीय व्यवस्था** | ३०००० | ०.०९ | ०.० | ० | ० |
| **जम्मा** | ३४७६०८५३ | १०० | २९९६६४३६ | १०० | ८६.२० |

*(स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यलय (आ.व.२०७८/७९ को प्रदेश नं.१को आय र व्ययको वार्षिक विवरण (प्रारम्भिक))*

तालिका ३.१ अनुसार प्रदेशको कुल विनियोजनको तुलनामा ८६.२८ प्रतिशत खर्च भएको छ। जुन अघिल्लो आर्थिक वर्षको खर्च प्रतिशतभन्दा बढी हो। आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजनको करीव ६४.३९ प्रतिशत खर्च भएको थियो। आ.व.२०७८/७९ मा प्रदेश नं.१को सुरु विनियोजन रु.३२ अर्ब ४६ करोड ९२ लाख रहेकोमा संघ सशर्त अनुदानमा रु.२ अर्ब २९ करोड १६ लाख ५३ हजार थप भई जम्मा

विनियोजन रु.३४ अर्ब ७६ करोड ०८ लाख ५३ हजार कायम भएको छ। मन्त्रालयगत सुरु विनियोजन र थप बजेट सहित कायम बजेटको विवरण अनुसूची -१ मा प्रस्तुत गरिएको छ ।

## ३.२ शीर्षकगत खर्चको स्थिति

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ बमोजिम स्थापना भएका मन्त्रालय र केही कार्यालयहरु थपघट भएको हुँदा आर्थिक वर्षको बीचमा बजेट रकमान्तर हुँदा शीर्षकगत बजेटको सुरु विनियोजनमा परिवर्तन भएको थियो। चालुतर्फको कतिपय प्रशासनिक खर्च र पुँजीगत तर्फ सवारी साधन तथा सामाग्री खरिद लगायतमा समेत आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने परिपाटी विद्यमान रहेको हुँदा आर्थिक संकेत वर्गीकरण अनुसार हुनुपर्ने खर्चको यथार्थ तथ्याङ्क प्राप्त हुन सकेको छैन। प्रदेश सरकारको आय व्ययको विवरणमा प्राप्त तथ्याङ्क अनुसार चालु र पूजीगत तर्फ खर्चशीर्षकगत रुपमा भएको खर्चको तुलनात्मक विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३.२ चालु खर्चको शीर्षकगत विश्लेषण** (रू.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | तलव भत्ता तथा पारिश्रमिक | १९३७५२७ | १९७९००३ | २.१४ |
| २ | कार्यालय सञ्चालन र मसलन्द | ४६७६३१ | ५६८०१६ | २१.४७ |
| ३ | सेवा परामर्श तथा करार सेवा शुल्क | ३८७०५९ | ४८७४०० | २५.९२ |
| ४ | तालिम तथा गोष्ठी खर्च | १५२०४४ | २४९८१४ | ६४.३० |
| ५ | कार्यक्रम खर्च | १०३५६३० | १९१६०२८ | ८५.०१ |
| ६ | अनुगमन तथा मूल्याङ्कन खर्च | ६५१३० | ९९९२६ | ५३.४३ |
| ७ | भ्रमण खर्च | २१९१६ | ३९६१८ | ८०.७७ |
| ८ | विविध | ४१२४७ | ८८८४५ | ११५.४० |
| १० | व्यक्ति/संस्थालाई चालु र पूँजीगत अनुदान/सहायता | १५४५६५९ | १२६७७९७ | -१७.९८ |
| ११ | वित्तीय हस्तान्तरण र अनुदान | २८७०७९८ | ३७७२४७० | ३१.४१ |
| १२ | सरकारी निकाय समिति र वोर्डलाई अनुदान | ३२४१८३ | ४६२२२८ | ४२.५८ |
| १३ | सामाजिक सुरक्षा र अन्य सामाजिक सहायता | ११११७ | १००४६ | -९.६३ |
| १४ | छात्रवृत्ति | ८८९५ | २३१०० | १५९.७० |

| | | | | |
|---|---|---|---|---|
| १५ | राहत/औषिधि खरिद खर्च | २४६१५४ | ८८५०२ | -६४.०५ |
| १७ | घर जग्गा र अन्य भाडा | ५८२५७ | ६३०७४ | ८.२७ |
| १८ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५३७१४ | ७९५२७ | ४८.०६ |
| १९ | राजस्व तथा संघ अनुदान फिर्ता | २८५८२५१ | १९३१८२० | -३२.४१ |
| जम्मा चालु खर्च | | १२०८५२१२ | १३१२७२१५ | ८.६२ |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.२ मा चालु खर्चतर्फ शीर्षकगत खर्च देखाइएको छ। तलब वृद्धि र केही संगठन संरचना थप समेत भएकोले अघिल्लो वर्षको तुलनामा तलब भत्ता शीर्षकमा केही बढी खर्च भएको देखिन्छ। सेवा, परामर्श खर्च तथा करार सेवा शुल्कमा समेत उल्लेख्य खर्च वृद्धि भएको छ। आफ्नो आन्तरिक जनशक्तिबाट हुने काममा समेत परामर्श सेवामा वाह्य जनशक्ति परिचालन गर्ने प्रवृत्ति समेत रहेको छ, यसका साथै कतिपय स्थायी दरबन्दी रिक्त हुँदा करारमा जनशक्ति लिनु परेकोले पनि यो खर्च बढेको देखिन्छ। तालिम, गोष्ठी, कार्यक्रम खर्च, अनुगमन खर्च, भ्रमण खर्चमा अघिल्लो वर्ष कोभिड-१९ महामारीको कारण सबै कार्यक्रम कार्यान्वयन हुन नसकेकोमा आ.व.२०७८/७९ मा केही सहज भएको हुँदा यी शीर्षकहरुमा बढी खर्च भएको देखिन्छ। मसलन्द तथा कार्यालय सामाग्री खर्च, विविध खर्च, मर्मत सम्भार खर्च अघिल्लो वर्षको तुलनामा उल्लेखनीय रुपमा बढेको देखिन्छ। प्रदेश लोकसेवा आयोगले परीक्षा सञ्चालन सम्बन्धी कार्यमा विविध खर्च शीर्षकबाट खर्च गर्ने भएकोले पनि विविध खर्च वृद्धि देखिएको हो। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तरगत छात्रवृत्तिका लागि संघ सशर्त अनुदानमा प्राप्त रकम खर्च भएको हुँदा अघिल्लो वर्ष भन्दा यो शीर्षकमा बढी खर्च भएको हो। स्थानीय तहलाई वित्तीय हस्तान्तरण, विभिन्न स्वायत्त संस्था, बोर्ड, विश्वविद्यालयलाई अनुदान दिने रकम वृद्धि भएको, प्रशासनिक कार्यमा अघिल्लो वर्ष भन्दा बढी खर्च भएको तथा कार्यक्रमहरु लक्ष्य अनुसार सञ्चालन भएको हुँदा अघिल्लो वर्ष भन्दा चालु खर्च ८.६२% ले बढी भएको हो।

**तालिका ३.३ पूँजीगत खर्च तर्फको शीर्षकगत विश्लेषण** (रकम रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | गैह्र आवासीय भवन निर्माण तथा मर्मत | १५११७५९ | १६७९७६३ | ११.११ |
| २ | सवारी साधन | १४५२२६ | २१७५२१ | ४९.७८ |
| ३ | मेशिनरी औजार र फर्निचर फिक्चर्स | ६५००४७ | ५९२०३१ | -८.९२ |
| ४ | अनुसन्धान तथा विकास र पूँजीगत परामर्श | ५९४५७ | ४९१३३ | -१७.३६ |
| ५ | सडक, पुल, सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माण | १३३३५२९१ | १३९५७९१३ | ४.६७ |
| ६ | वन तथा वातावरण संरक्षण | १६२६८९ | ३३१६३५ | १०३.८५ |
| ७ | पशुधन तथा बागवानी विकास खर्च | ० | ११०७६ | - |

| | | | | |
|---|---|---|---|---|
| ८ | जग्गा प्राप्ति खर्च | १५७९ | १३९ | -९१.२० |
| | **जम्मा** | १७८६६५९७ | १६८३९२२१ | -५.७५ |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.३ मा पूँजीगत खर्चतर्फ शीर्षकगत खर्चलाई अघिल्लो आर्थिक वर्षको तुलनात्मक रुपमा देखाइएको छ। आर्थिक वर्ष २०७७/७८ को भन्दा आर्थिक वर्ष २०७८/७९ मा बजेटको आधार सानो भएको हुँदा सोही अनुपातमा पूँजीगत खर्चमा कमि देखिएको हो। सरकारी तथा सामुदायिक भवन निर्माणमा वृद्धि भएकोले यस्तो खर्च बढेको छ। स्वास्थ्य तर्फ एम्बुलेन्स तथा शव वाहन खरिद, विपद् सामाग्री ओसारपसारको लागि सवारी साधन खरिद, वन संरक्षण र गस्ती परिचालनको लागि सवारी साधन खरिद तथा नयाँ स्थापना भएका मन्त्रालयको लागि सवारी साधन खरिद गरिएकोले पनि अघिल्लो वर्षको भन्दा सवारी साधन खरिद शीर्षकमा खर्च वृद्धि हुन गएको हो। सडक पुल, सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माणमा विनियोजित बजेट खर्च उल्लेखनीय रहेको छ। अघिल्लो वर्ष भन्दा कम बजेट विनियोजन भएतापनि संघ सशर्त अनुदानमा थप बजेट माग गरेर एवम् बजेट समर्पण भएको रकम समेत थप गरी सम्पन्न भएका वा निर्माणाधीन आयोजनाहरुको सिर्जित दायित्व भुक्तानी गर्न स्रोत व्यवस्थापन गरिएको हुँदा विकास निर्माण कार्यमा गतवर्षको भन्दा बढी खर्च भएको छ। जलाधार व्यवस्थापन, भू संरक्षण, वृक्षारोपण लगायतको कार्यमा बजेट तथा कार्यक्रम वृद्धि गरिएको, संघ सशर्त अनुदानमा वन संरक्षण, फुलवारी तथा पार्क निर्माण कार्यको लागि प्राप्त बजेट समेत खर्च गरिएको हुँदा वन तथा वातावरण शीर्षकमा अघिल्लो वर्षको तुलनामा खर्च वृद्धि भएको हो। अनुसन्धान तथा विकास र पूँजीगत परामर्शमा खर्च गर्दा जटिल संरचना निर्माण गर्दा यस्तो खर्च आवश्यक भएपनि अहिले सामान्य कामका लागि समेत परामर्श सेवा लिने प्रवृत्ति बढेको छ। मेशिनरी औजार तथा फर्निचर फिक्चर्सको खर्च अघिल्लो आर्थिक वर्ष तुलनामा केही कमी देखिएतापनि कुल पूँजीगत खर्चको ४ प्रतिशत खर्च भएको छ। अक्सिजन प्लान्ट लगायत स्वास्थ्य औजार उपकरण खरिद, फोहोर व्यवस्थापनका लागि आवश्यक सामान खरिद, घरेलु तथा साना उद्योग कार्यलयबाट उपयुक्त प्रविधि हस्तान्तरण, नयाँ स्थापना भएका निकायमा सामाग्री खरिद लगायतमा खर्च भएको देखिन्छ। आयोजनाको कन्टिन्जेन्सी खर्चबाट समेत सवारी साधन, मेशिनरी तथा फर्निचर खरिद, मर्मतसम्भार लगायतमा खर्च हुने भएकोले शीर्षकगत रुपमा यथार्थ खर्चको विश्लेषण नहुने भएकोले आर्थिक संकेत वर्गीकरण अनुसार सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरेर खर्च गर्ने एवम् कन्टिन्जेन्सी खर्च अन्यत्र खर्च नगर्ने नीति अवलम्बन गर्न सकेमा गैह्रबजेटरी खर्चमा नियन्त्रण हुन सक्ने देखिन्छ।

## ३.३ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०७८/७९ मा कुल खर्चको ५४.२१% रकम संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान स्रोतबाट खर्च व्यहोरिएको छ भने राजस्व एवम् प्रदेश सरकारको स्रोतबाट ४५.७९% खर्च व्यहोरिएको छ ।

**तालिका ३.४ आर्थिक वर्ष २०७८/७९ को स्रोतगत खर्चको विवरण**

(रू.हजारमा)

| **स्रोत** | कुल विनियोजन | | कुल खर्च | | **विनियोजनको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| **प्रदेश सरकार** | १६१९९६१८ | ४६.६०% | १३७२१५०६ | ४५.७९% | ८४.७% |

| | | | | | |
|---|---|---|---|---|---|
| संघ अनुदान | १८५६१२३५ | ५३.४०% | १६२४४९३० | ५४.२१% | ८७.५% |
| जम्मा | ३४७६०८५३ | १००% | २९९६६४३६ | १००% | ८६.२% |

(स्रोत- प्रदेश लेखा नियन्त्रक कार्यालय)

तालिका नं. ३.४ को स्रोतगत खर्चको तथ्याङ्क विश्लेषण गर्दा प्रदेशको कुल खर्चमा संघ अनुदानको हिस्सा ५४.२१ प्रतिशत रहेको छ। जसमा वित्तीय समानीकरण अनुदानको हिस्सा सबैभन्दा बढी रहेको छ। संघ अनुदानको कुल खर्च रु.१६ अर्ब २४ करोड ४९ लाख ३० हजार मध्ये वित्तीय समानीकरण अनुदान स्रोतको खर्च रु.७ अर्ब ७५ करोड ७३ लाख ३८ हजार अर्थात् ४७.७% रहेको छ। संघबाट प्रदेशलाई अनुदान प्राप्त हुँदा सशर्त तोकिएर कार्यक्रममा विनियोजन भई आउने सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा वित्तीय समानीकरण अनुदान भन्दा रहेको छ। यसकारण सशर्त, समपूरक र विशेष अनुदान स्रोतबाट कुल अनुदानको तुलनामा ५२.३% खर्च भएको छ।

यस्तै गरी प्रदेशको कुल खर्चमा प्रदेश सरकार (आन्तरिक राजस्व र राजस्व बाँडफाँट) स्रोतको खर्च ४५.७९% रहेको छ। प्रदेश सरकार स्रोतको खर्चमा उल्लेखित रकम मध्ये ५ करोड १० लाख ५६ हजार रकम द्विपक्षीय वैदेशिक अनुदान स्वीटजरल्याण्ड स्रोतको सोझै भुक्तानी अनुदान समेत समावेश रहेको छ। प्रदेश स्रोतको खर्चमा प्रदेशको आन्तरिक राजस्वको हिस्सा करिब ३२ प्रतिशत रहेको देखिन्छ। प्रदेश सरकारको स्रोतबाट चालु खर्च धान्ने अवस्था रहेको छ भने प्रदेशको आन्तरिक स्रोतबाट अनिवार्य दायित्व तथा प्रशासनिक खर्च गर्न पुग्ने अवस्था रहेको छ।

**तालिका ३.५ सशर्त, समपूरक र विशेष अनुदानको स्रोतको खर्च स्थिति** (रकम रु. हजारमा)

| सि.नं. | शीर्षक | प्राप्ति | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | सशर्त अनुदान | ८१३९६३८ | ७०४६७२५ | ८६.६% |
| २. | समपूरक अनुदान | ११६४८०० | १००९५३० | ८६.७% |
| ३. | विशेष अनुदान | ५९५३०० | ४३१३३७ | ७२.५% |
| जम्मा | | ९८९९७३८ | ८४८७५९२ | ८५.७% |

तालिका नं.३.५ अनुसार यस आर्थिक वर्षमा संघ सशर्त, समपूरक र विशेष अनुदानमा कुल प्राप्ति रु.९ अर्ब ८९ करोड ९७ लाख ३७ हजार रहेकोमा रु.८ अर्ब ४८ करोड ७५ लाख ९२ हजार (८५.७%) खर्च भई रु.१ अर्ब ४१ करोड २१ लाख ४६ हजार खर्च नभई बचत रहेको प्रारम्भिक तथ्याङ्कबाट देखिन्छ। बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने हुन्छ। सशर्त र समपूरक अनुदानमा भौतिक पूर्वाधार तर्फ खर्च राम्रो रहेको छ। स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास, कृषि क्षेत्रमा र वन तथा वातावरणमा सशर्त अनुदानको खर्च लक्ष्य अनुसार हुन सकेन। विशेष अनुदान तर्फ सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका केही क्रियाकलाप कार्यान्वयनमा समस्या रहेको हुँदा अनुदान प्राप्ति अनुसार खर्च नसकेको हो।

स्वास्थ्य शिक्षा तथा कृषि विकास तर्फ संघ सशर्त अनुदानको रकम खर्च गर्ने कार्यविधि संघीय सम्बन्धित मन्त्रालयबाट समयमै प्राप्त नहुने, बजेट बाँडफाँट भई सम्बन्धित कार्यालयमा समयमै अख्तियारी प्रदान नहुने र कार्यविधिमा केही जटिलता समेत रहेको हुँदा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाई भएको छ। भौतिक

पूर्वाधार तर्फ संघबाट हस्तान्तरण भएका, अधुरा र क्रमागत आयोजनाको दायित्व भुक्तानीमा पर्याप्त बजेट उपलब्ध हुन सकेको छैन। प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार समयमै र पर्याप्त बजेट प्राप्त नहुने लगायतका विविध कारणले गर्दा संघ अनुदान तर्फको कतिपय रकम खर्च गर्न नसकी फिर्ता गर्नुपर्ने अवस्था समेत रहन गएको हो। प्रदेशमा सञ्चालित आयोजनाको सिर्जित दायित्व भुक्तानी दिन स्रोत अपुग हुने तर संघ अनुदान तर्फको रकम खर्च नभई फिर्ता गर्नुपर्ने अवस्था रहेको हुँदा प्रदेशले कार्यक्रम संशोधन वा स्रोतान्तर गरी खर्च गर्न सक्ने व्यवस्था भएमा स्रोत व्यवस्थापनमा पनि सहज हुने र प्रगतिमा पनि सुधार हुने देखिन्छ। संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायता समावेश रकमको शोधभर्ना, फुकुवा भई स्रोत प्राप्तिका लागि प्रतिवेदन पेश गर्ने सन्दर्भमा अन्यौलता र निष्क्रियताका कारण वैदेशिक स्रोत समावेश भएको क्रियाकलाप कार्यान्वयन र भुक्तानीमा समस्या रहेको छ।

## ३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

निकायगत रूपमा तोकिएको सेवा र कार्यका लागि आर्थिक वर्ष २०७८/७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रमका कार्यान्वयनमा भएको विषयगत मन्त्रालय/निकायहरुको खर्चको विवरण देहायअनुसार रहेको छः-

**तालिका ३.६ मन्त्रालय/निकायको कुल विनियोजन बजेट र खर्चको विवरण (रू.हजारमा)**

| सि.नं. | मन्त्रालय/निकाय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका | २२१९८४ | १९९७८२ | ९०.०% |
| २. | प्रदेश लोकसेवा आयोग | ८४२४१ | ६३२८५ | ७५.१% |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७५९३ | ११०५२ | ६२.८% |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९३०४०२ | ४३५११३ | ४६.८% |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७२८०७ | २०२६७७८ | ९७.८% |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९०७९३९ | २२६४९४८ | ७७.९% |
| ७. | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | २२१२९१३ | १८०४२६३ | ८१.५% |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४०६९०७ | ३११०८२ | ७६.५% |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १६२९४३८४ | १४९२९८४२ | ९१.६% |
| १०. | सामाजिक विकास मन्त्रालय | ५३३९९३२ | ४१२७१४० | ७७.३% |
| ११. | प्रदेश योजना आयोग | ३९१२४ | २१३७९ | ५४.६% |
| १२. | अर्थ विविध | ३०५०९ | ० | - |
| १३. | स्थानिय तह | ४२०२११८ | ३७७१७७० | ८९.८% |
| **जम्मा** | | **३४७६०८५३** | **२९९६६४३६** | ८६.२% |

(स्रोतःप्रदेश लेखा नियन्त्रक कार्यालय)

उपर्युक्त तथ्याङ्कविश्लेषण गर्दा पूँजीगतखर्च बढी गर्ने पूर्वाधारसँग सम्बन्धित मन्त्रालयको खर्च राम्रो रहेको देखिन्छ। बजेटको ठूलो हिस्सा ओगट्ने भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको खर्च ९१.६ प्रतिशत रहेको छ। आर्थिक पूर्वाधार र सामाजिक विकाससँग सम्बन्धित मन्त्रालय र अन्य निकायहरुको प्रगति तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ।

### ३.५ पाँच आर्थिक वर्षको चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण

विगत पाँच आर्थिक वर्षको बजेटमा चालु,पूँजीगत र वित्तीय व्यवस्था तर्फ भएको विनियोजन र वास्तविक खर्चको विवरण तालिका नं. ३.८ मा देखाइएको छ।

**तालिका ३.८ विगत चार आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण** (रू.हजारमा)

| शिर्षक/आर्थिक वर्ष | आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधि | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ |
|---|---|---|---|---|---|
| बजेट विनियोजन | | | | | |
| चालु | ५४२९९४ | १६६७२६५६ | १७८८९२५६ | १७६०६८१९ | १५९६८९७८ |
| पूँजीगत | ४७७५०६ | २१८१९८८३ | २५७४८०६६ | २५७६१७३१ | १८७६१८७५ |
| वित्तीय व्यवस्था | ० | ० | ८०००० | ४०००० | ३०००० |
| **जम्मा** | **१०२०५००** | **३८४९२५३९** | **४३७१७३२२** | **४३४०८५५०** | **३४७६०८५३** |
| खर्च | | | | | |
| चालु | ४२३६५७ | ९७६४२५४ | ११९६६६४८ | १२०८५२१२ | १३१२७२१५ |
| पूँजीगत | १९१८५१ | ११४३८६७६ | १७८६६५९६ | १५८६६०४९ | १६८३९२२१ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० |
| **जम्मा** | **६१५५०८** | **२१२०२९३०** | **२९८३३२४४** | **२७९५१२६१** | **२९९६६४३६** |
| विनियोजनको तुलनामा खर्च प्रतिशत | | | | | |
| चालु | ७८.०२ | ५८.५६ | ६६.८९ | ६८.६४ | ८२.२० |
| पूँजीगत | ४०.१८ | ५२.४२ | ६९.३९ | ६१.५९ | ८९.७५ |
| जम्मा | ६०.३१ | ५५.०८ | ६८.२४ | ६४.३९ | ८६.२० |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

प्रदेश सरकार स्थापना भएदेखि आ.व.२०७८/७९ सम्ममा पाँचवटा बजेट कार्यान्वयन भईसकेका छन्। आ.व.२०७४/७५ को बजेट माघ महिनादेखि बाँकी अवधिको लागि रहेको थियो। त्यसबाहेक चार आर्थिक वर्षको पूर्ण बजेट कार्यान्वयन भईसकेका छन्। विगत चार वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा चालु खर्च बढ्दै गएको देखिन्छ। खासगरी अनिवार्य दायित्व र प्रशासनिक खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकहरूमा रहनु र कार्यक्रम खर्च, कृषि अनुदान, सरकारी निकायलाई सञ्चालन अनुदान बढ्दै जानु नै मुख्य कारण हुन्। विगतको तुलनामा आर्थिक वर्ष २०७८।०७९ को खर्च प्रगति राम्रो रहेको छ ।

### ३.६ निष्कर्ष

सरकारी वित्तीय तथ्याङ्क प्रतिवेदन प्रणालीका आधारमा सार्वजनिक खर्चको लेखाङ्कनगर्दा कुल बजेटमा चालु खर्चको अंश उच्च देखिएको छ। प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण भएका वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक जस्ता अनुदानलाई चालु खर्चमा गणना गरिएको कारणले चालु खर्चमा वृद्धि देखिएको हो। वित्तीय हस्तान्तरणको रूपमा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानको उल्लेखनीय हिस्सा प्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण जस्ता पूँजीगत प्रकृतिका कार्यमा खर्च हुने गर्दछ। कृषि उत्पादन बढाउन प्रदान गरिने अनुदान र शिक्षा, स्वास्थ्य लगायतका क्षेत्र अन्तर्गतका अधिकांश कार्यक्रमहरू मानव

पूँजी र सामाजिक पूँजी निर्माण गर्ने प्रकृतिका भएतापनि चालुतर्फ लेखाङ्कन गर्ने विश्वव्यापी मान्यताका कारण यो स्थिति देखिएको हो। चालु खर्च तर्फ विनियोजित तर विकास वा पूँजी निर्माणमा खर्च हुने बजेटलाई छुट्याएर मात्र साधारण खर्चको अवस्था विश्लेषण गर्नु पर्ने देखिन्छ। संघ अनुदान बचत भई ठूलो मात्रामा रकम फिर्ता हुने भएकोले संघ सशर्त अनुदान तर्फको आयोजना/कार्यक्रमको खर्चमा वृद्धि गर्नुपर्ने देखिन्छ। सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोत परिचालन तथा शोधभर्नाका लागि कागजात पठाउने तर्फ सम्बन्धित निकायको सक्रियता हुन आवश्यक रहेको छ।

## परिच्छेद चार

## स्थानीय तहमा वित्तीय हस्तान्तरण

### ४.१ पृष्ठभूमि

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ एवम् प्रदेश आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई अनुदान हस्तान्तरण तथा सवारी साधन कर बाँडफाँट गर्दै आएको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण र सशर्त अनुदान उपलब्ध गराइएको छ। प्रदेशसमपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थानीय तहलाई अनुदान उपलब्ध गराइएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सवारी साधन कर बाडँफाँटको आधार अनुसार स्थानीय तह बीच बाँडफाँट भएको छ।अन्तरसरकारी वित्त परिषद् एवम् प्रदेश समन्वय परिषद्को बैठक आयोजना गरी अन्तरसरकारी वित्त व्यवस्थापनको अवस्था र समस्याको बारेमा विस्तृत छलफल गरी आवश्यक निर्णय समेत हुँदै आएको छ।

### ४.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण

नेपालमा वित्तीय संघीयता शुरुवात भएपछि प्रदेश नं.१ प्रदेश सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

**तालिका ४.१स्थानीय तहमा वित्तीय हस्तान्तरण** (रू.हजारमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५को बाँकी अवधि | - | १९७१७२ | - | - | १९७१७२ |
| २०७५/७६ | ४९९९९९ | ३१५३०८७ | - | - | ३६५३०८६ |
| २०७६/७७ | ९९९९९७ | २९७१३८१ | १४११५८७ | ४४१७०९ | ५८२४६७४ |
| २०७७/७८ | १०००००० | ५६२३८७ | १३०८४११ | ० | २८७०७९८ |
| २०७८/७९ | १०००००० | १६४४९७४ | १२६०८४४ | ० | ३९०५८१८ |

#### वित्तीय समानीकरण अनुदान

स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था अनुरूप आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश नं.१ का १३७ वटा स्थानीय तहलाई जम्मा रू.१ अर्व वित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको थियो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेशको लागि समानीकरण अनुदान निर्धारण गर्दा सेवा लागत सूचकाङ्क, बहुआयामिक गरिबी सूचकाङ्क, सामाजिक तथा आर्थिक असमानता सूचकाङ्क र पूर्वाधार सूचकाङ्कलाई आधार लिइएको छ भने स्थानीय तहको लागि खर्च आवश्यकता र राजस्व क्षमता विचको अन्तर, मानव गरिवी सूचकाङ्क, आर्थिक, सामाजिक तथा अन्य असमानता सूचकाङ्क र पूर्वाधार सूचकाङ्कलाई आधार लिइएको छ।

#### सशर्त अनुदान

स्थानीय तहबाट कार्यान्वयन गरिने कुनै योजना कार्यान्वयन गर्न प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्ने गरेको छ।यसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सशर्त अनुदानका आधारहरू सिफारिस गर्ने

गरेको छ।यो अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन सम्बन्धमा शर्त तोक्न सक्ने र स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८/७९ मा स्थानीय तहलाई जम्मा रू. १ अर्व ८२ करोड १६ लाख ९६ हजार सशर्त अनुदान विनियोजन भएकोमा रू. १ अर्व ६४ करोड ४९ लाख ७४ हजार निकासा/खर्च भएको छ।

### समपुरक अनुदान

प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा योजनाको संभाव्यता, योजनाको लागत, योजनाको प्रतिफल/लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय/भौतिक क्षमता वा जनशक्तिलाई आधार लिने गरिएको छ। प्रदेश समपुरक अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आर्थिक वर्ष २०७८/७९ मा १३७ स्थानीयलाई कुल रू.१ अर्ब ३७ करोड विनियोजन गरिएको थियो। सो मध्ये रु.१ अर्ब २६ करोड ८ लाख ४४ हजार निकासा/खर्च भएको छ।

### राजस्व बाडँफाँट

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ सरकारले सवारीसाधन कर बापत जम्मा रू. १,९८,८६,४९,२५०।- संकलन गरेकोमा ४० प्रतिशतले हुन आउने रु. ७९,५४,५९,७००।- स्थानीय तहमा मासिक रूपमा बाँडफाँड गरि हस्तान्तरण गरेको छ। आ.व.२०७७।७८ बाट जिम्मेवारी सरेको समेत रु.७९,८४,४८,१६९।६० प्रदेश नं. १ का १३७ स्थानीय तहलाई आ.व. २०७८/७९ मा हस्तान्तरण भइसकेको छ।२०७९ असार २१ देखि असार मसान्त सम्ममा संकलित रकम आ.व. २०७९/८० मा हस्तान्तरण हुने छ ।

### अन्तरसरकारी वित्त व्यवस्थापनमा देखिएका समस्याहरुः

प्रदेश विनियोजन ऐन तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहलाई समानीकरण, सशर्त र समपूरक अनुदानको रकम निकासा गर्न अघिल्लो आ.व वा चौमासिकको खर्चको विवरण स्थानिय तहले पेश गर्नुपर्ने हुन्छ। कतिपय स्थानीय तहबाट समयमै प्रतिवेदन प्राप्त नहुँदा अनुदान हस्तान्तरणमा असहजता सृजना भएको छ।

सवारी साधन कर संकलनको लागि अनलाईन प्रणाली नहुँदा सेवाग्राहीहरुले सहजै कर तर्न सकेका छैनन्। त्यस्तै प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर सोझै प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा दाखिला हुने बैङ्किङ प्रणालीमा व्यवस्था नहुँदा तोकिएको समय (मासिक) रुपमा सवारी साधन कर स्थानीय तहमा बाँडफाट गर्न सकिएको छैन। साथै स्थानीय तहको सञ्चितकोषमा रकम दाखिला गर्न समेत प्रणालीमा व्यवस्था नभएको हुँदा मासिक रुपमा रकमको चेक मार्फत दाखिला गर्न समस्या भएको छ।

## परिच्छेद पाँच

## क्षेत्रगत मन्त्रालय/निकाय र प्रगतिको अवस्था

आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत वार्षिक बजेट तथाकार्यक्रम अनुसार विभिन्न मन्त्रालय/निकायहरूबाट सम्पादित कार्यहरूको मुख्यमुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

### ५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र. सं. | कार्यक्रम | सम्पन्न क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश योजना आयोग | • प्रदेश योजना आयोगको गठन<br>• बैठक व्यवस्थापन | |
| २. | स्थानीय तह तथा प्रदेश अन्तरसम्बन्ध र समन्वय सम्बन्धी वृहत अन्तरकृया छलफल | • १३७ स्थानीय तहका प्रमुख, उप-प्रमूख, प्रदेश मन्त्रालयका सचिव, मन्त्री, मुख्यमन्त्री, प्रदेश सभाका बिषयगत समितिका सभापति, उप-सभामुख, सभामुख सहभागी भएको वृहत छलफल तथा अन्तरकृया | २०७९/०२/२४ र २५, २६ मा सम्पन्न |
| ३. | बजेट तथा योजना तर्जुमा सम्बन्धी अन्तरकृया तथा छलफल | • बटम-अप एप्रोचको अवधारणा अनुरुप प्रदेश अन्तर्गतका सबै स्थानीय तह समेट्ने गरी १४ जिल्लामा प्रदेशका मा. मन्त्री तथा सचिव सम्मिलित भई योजना तर्जुमा तथा बजेट निर्माण सम्बन्धी अन्तरकृया तथा छलफल | २०७९/०२/१४ मा सम्पन्न |
| ४. | प्रदेश समन्वय परिषद् | • प्रदेश समन्वय परिषद्को संरचनालाई पूर्णता<br>• २०७९/०२/२४ मा बैठक<br>• समन्वय परिषद्को कार्यविधि, २०७९ स्वीकृत | |
| ५. | प्रदेश सरकारको नीति तथा कार्यक्रम( रणनीति) | • प्रदेश सरकारको स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन<br>• प्रदेश सरकारको आगामी आ.ब ०७९/८० को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा | |
| ६. | मन्त्रिपरिषद्को नियमित बैठक | • ३० वटा बैठक बसी प्रदेश शासन सञ्चालन, व्यवस्थापन, नीतिगत व्यवस्था र बिशेष कार्यक्रमको छलफल र निर्णय | |
| ७. | प्रदेश सरकारको बार्षिक गतिबिधी सम्बन्धी पुस्तक प्रकाशन | • प्रदेश मन्त्रालय तथा निकायबाट सम्पन्न क्रिकलापको विवरण सङ्कलन गरी पुस्तक तयार<br>• प्रकाशनका लागि छापाखानामा पठाइएको | |

| | | | |
|---|---|---|---|
| ८. | सार्वजनीक नीति तर्जुमा,बिश्लेषण, कार्यान्वयन र अनुगमन मूल्याङ्कन सम्बन्धी संबिधान बमोजिम साझा अधिकार क्षेत्रका विषयहरुको कार्यान्वयनमा प्रदेश सरकारको भुमिका बिषयक उच्चस्तरीय अभिमूखिकरण तथा अन्तरकृया छलफल | • मुख्यमन्त्री, मन्त्री, प्रदेश सभाका बिषयगत समितिका सभापति, प्रमुख सचिव, प्रदेश मन्त्रालय तथा निकायका सचिवहरु सहभागी भएको उच्चस्तरीय अभिमूखिकरण तथा अन्तरकृया छलफल सम्पन्न | २०७९/०३/२७ गते सम्पन्न |

❖ **PSP बाट सम्पादित मुख्य मुख्य कार्यक्रमहरु-**

| क्रं.स. | मुख्य मुख्य कार्यक्रमहरु |
|---|---|
| १ | डिजिटल मिसन एप्रोच पेपर , इ-गवरनेन्स रोड म्याप निर्माण |
| २ | प्रदेश सरकारको कानून निर्माण प्रकृयाको अध्ययन तथा स्थानीय तहमा कानून निर्माण प्रक्रिया र कानूनको समिक्षा |
| ३ | संगठन तथा व्यवस्थापन सर्भेको रिपोट हस्तान्तरण |
| ४ | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको कार्यविधि तथा मानव संशाधन प्रणाली निर्माण |
| ५ | प्रदेशका ६ वटा नयाँ मन्त्रालयको लागि वेब-साईट निर्माण तथा हस्तान्तरण |
| ६ | बजेट तर्जुमाको लागि १३७ स्थानीय तहसँग १४ जिल्लामा अन्तरक्रिया तथा छलफल सम्पन्न |
| ७ | फोहोरमैला ब्यबस्थापनको लागि १२ स्थानीय तहसँग पूर्व सम्भाव्यता अध्ययन सम्पन्न |
| ८ | प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयको लागि इ-लर्न प्लाटफर्मको निर्माण तथा हस्तान्तरण सम्पन्न |
| ९ | CM Dashboard मा थप ६ वटा मन्त्रालयहरुको विवरण थप, प्रदेश मन्त्रालयहरुमा सूचना प्रबिधि अधिकृतहरुको लागि अभिमुखीकरण तालिम सम्पन्न, तथा कार्यविधिमा सुधार |
| १० | मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा सहयोग अन्तर्गत झापा जिल्लाको DPR निर्माण सम्पन्न, अन्य ५ क्लस्टर (झापा १, मोरङ १, सुनसरी २,उदयपुर १) मा MoU सहजीकरण |
| ११ | राष्ट्रिय भवन संहिता कार्यान्वयनमा १८ स्थानीय निकाय संग MoU सम्पन्न, भूकम्प प्रतिरोधी प्रबिधि र संरचना सम्बन्धि तालिम सम्पन्न |

❖ **PLGSP बाट सम्पादित मुख्य मुख्य कार्यक्रमहरु-**

| क्र.स. | मुख्य मुख्य कार्यक्रमहरु |
|---|---|
| १ | प्रदेश र स्थानीय सरकारको निम्ति ऐन, कार्यविधि र मापदण्ड तर्जुमा- ६ वटा कार्यविधि, १ वटा मापदण्ड, २ वटा नीति, २ वटा रणनीति र ३ वटा नमुना कानुन |
| २ | १२ वटा क्षेत्रहरुमा प्रदेश तहका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण/परामर्श/तालिम कार्यक्रम संचालन |
| ३ | सार्वजनिक सुनुवाई-४ वटा र समन्वय बैठक -३ वटा |
| ४ | मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रालय र निकायहरुलाई Office automation, digital system निर्माण, प्रदेश पोर्टल निर्माण सम्बन्धि कार्यक्रम संचालन |
| ५ | नवप्रवर्धन साझेदारी कोष कार्यक्रम- ९ वटा स्थानीय तहमा १० वटा परियोजना संचालन |
| ६ | प्रदेश प्रशिक्षण केन्द्रबाट प्रदेश र स्थानीय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विभिन्न क्षमता बिकाश कार्यक्रम संचालन |

## ५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय

- नयाँ संस्करणको PLMBIS मा बजेट प्रविष्टि सम्बन्धी तालिम सञ्चालन गरिएको,
- प्रदेश योजना आयोगसँगको समन्वयमा विषयगत मन्त्रालयहरुसँग प्रारम्भिक बजेट छलफल गरिएको
- अर्थ मन्त्रालयमा प्रदेश सरकार, प्रदेश नं.१ द्वारा आ.ब.२०७९/८० को बजेट तर्जुमाका लागि नेपाल सरकार समक्ष पेश गरिएका नीतिगत/कार्यक्रमगत सुझावहरू पठाइएको।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक प्रदेश सभामा पेश गर्न तयारी तथा प्रदेश सभा, अर्थ समितिमा छलफलको लागि विवरण तयारी सम्बन्धी कार्य गरिएको।
- प्रत्येक जिल्लामा प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, कार्यालय प्रमुख र सरोकारवालासँग बजेट छलफल गरिएको।
- जिल्लागत रुपमा बजेट तर्जुमा छलफलबाट प्राप्त सुझावहरुलाई क्षेत्रगत रुपमा एकीकृत गरी प्रदेशका सबै मन्त्रालय/निकायमा कार्यान्वयनका लागि पठाइएको।
- प्रदेश सभा सदस्य, उद्योग वाणिज्य क्षेत्रका व्यवसायीहरुसँग, अर्थविज्ञहरुसँग प्रदेशको बजेट तथा योजना तर्जुमा गोष्ठी सञ्चालनमा समन्वय गरिएको।
- मन्त्रालय तथा आवास भवन रंगरोगन तथा परिसरमा फूलवारी तथा इन्टरलक ब्लक ओछ्याउने कार्य सम्पन्न। मन्त्रालय परिसर भित्र गाडि तथा मोटरसाइकल राख्न ट्रस सेड निर्माणको कार्य सम्पन्न।
- खाजा खर्च व्यबस्थित गर्ने कार्यविधि, २०७८ तर्जुमा गरिएको।

- प्रदेश सेवामा कार्यरत लेखा समूहका कर्मचारीहरुको पदस्थापन तथा सरुवा सम्बन्धी मापदण्ड, २०७८ तर्जुमा गरिएको।
- कार्यविधि निर्माण (अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि २०७८)
- विभिन्न राजश्व परामर्श उप-समितिमा गठन एवम् प्रतिवेदन प्राप्ति।
- मालपोत, यातायात कार्यालयहरुसँग आर्थिक विधेयक तर्जुमा एवम् राजस्व सम्बन्धी छलफल गरी सुझाव संकलन गरिएको।
- विकास साझेदारहरुसंग विकास सहायताको प्रभावकारी परिचालन सम्वन्धी अन्तरक्रिया र छलफल गरिएको।
- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गरिएको।
- Graphical Information System (GIS) Training , Graphic Design (Adobe Illustrator, Adobe Photoshop, Adobe Indesign) Training, Database Management System (DBMS) Training, Intermediated Advance Excel Training सञ्चालन गरिएको।
- वित्तीय साक्षरता कार्यक्रम सञ्चालन
- बीमा समिति, बैंक तथा वित्तीय क्षेत्रहरुसँग छलफल, अन्तरक्रिया गरिएको।

**(बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमहरूको प्रगति विवरण)**

| क्र.सं. | मुख्य क्रियाकलाप/आयोजना/कार्यक्रम | उपलब्धि |
|---|---|---|
| १ | कार्यविधी परिमार्जन गरिने । | कार्यक्रम सञ्चालन गर्ने उपयुक्त मोडालिटी बारे तथा मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष (सञ्चालन) नियमावली,२०७६ लाई परिमार्जनको सुझाव दिन यस मन्त्रालयको मिति २०७८/०४/१८ गतेको निर्णयानुसार समिति गठन भएको। |
| २ | १. प्रदेशस्तरमा पूँजि बजार विस्तारका लागि धितोपत्र बोर्डसँग सचेतना कार्यक्रम गर्ने<br>२. बीमा समितिसंगको सहकार्यमा बिमा व्यवसाय र जोखिम बहन सम्बन्धी सचेतना<br>३. अर्थमन्त्रालय र बैंक तथा वित्तिय संस्थाहरुसँगको समन्वयमा वितीय साक्षरता कार्यक्रम संचालन गर्ने | विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको। बैंक तथा वित्तीय क्षेत्र समन्वय सम्बन्धी कार्यविधि मस्यौदा तर्जुमा गरिएको। राष्ट्रिय बीमा समितिसँग छलफल एवम् अन्तरक्रिया सञ्चालन गरिएको। |
| ३ | १. सार्वजनिक सम्पति व्यबस्थापन कार्यदल गठन गर्ने<br>२. कार्यदलको प्रतिवेदन पेश गर्ने ।<br>३. PAMS सम्बन्धी तालिम संचालन गर्ने । | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याइएको। |
| ४ | खाजा खर्च व्यबस्थित गर्ने कार्यविधि, २०७८ तयार गर्ने। | खाजा खर्च सम्बन्धी कार्यविधि, २०७८ प्रदेश सरकार (म.प.) बाट मिति २०७८/०५/२३ मा स्वीकृत भएको। |
| ५ | १. कार्यदल गठन गर्ने<br>२. कार्यदलको प्रतिवेदन पेश गर्ने | |

| | | |
|---|---|---|
| ६ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक प्रदेश सभा समक्ष पेश गर्ने । | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक प्रदेश सभामा पेश गरिएको साथै प्रदेश सभाबाट पारित भई माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७८/१२/२३ मा प्रमाणीकरण भएको । |
| ७ | निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम संचालनको लागि स्थानिय तहमा वित्तिय हस्तान्तरण गर्ने | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ प्रदेश सरकारबाट स्वीकृत भई सोही अनुसार स्थानीय तहमा कार्यान्वयनका लागि अनुदान हस्तान्तरण गरिएको। |
| ८ | कार्यविधी तयार गर्ने । | सामाजिक विकास मन्त्रालय र सरोकारवालाहरू संग छलफल गरिएको |
| ९ | (१)संघबाट थप बजेट माग गर्ने।<br>(२)वचत हुने वा समर्पण भएको रकमलाई बहुवर्षिय आयोजनको भुक्तानीमा केन्द्रित गर्ने । | (१)संघबाट भौतिक पुर्वाधार तर्फ रू. १ अर्व ५० करोड सशर्त अनुदानको रूपमा थप बजेट प्राप्त भएको<br>(२) बचत तथा समर्पण भएको रकमलाई बहुवर्षिय आयोजनको भुक्तानीमा केन्द्रित गरिएको । |
| १० | राजस्व चुहावट संम्बन्धि कार्यविधी तर्जुमा गरिने | प्रदेशमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी कार्यविधि/कानून मस्यौदाको चरणमा रहेको। |
| ११ | प्रदेश योजना आयोगसंग समन्वय गरी आयोजना छनौट प्रणालीलाई व्यवस्थित गरिने | १४ वटै जिल्लामा योजना तर्जुमा गोष्ठी र विभिन्न सरोकारवाला निकायहरुसँग बजेट तर्जुमाका लागि सुझाव संकलन गरिएको। |
| १२ | बजेट तर्जुमा प्रणालिलाई सुदृढीकरण गरिनेछ । | सोही अनुसार प्रदेशको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, संघसँग समपूरक र विशेष अनुदान प्रस्ताव र स्थानीय तहमा अनुदान हस्तान्तरणको कार्य गरएको। |
| १३ | प्रदेश योजना आयोगसंग समन्वय गरी उच्चस्तरीय संयन्त्र निर्माण गर्ने । | प्रदेश आर्थिक ऐन, आन्तरिक आयको प्रक्षेपण लगायतमा सुझाव दिन राजस्व परामर्श समितिको गठन, स्रोत अनुमान, मध्यमकालीन खर्च संरचन तर्जुमा, बजेट छलफल लगायतमा समिति परिचालन गरी कार्य अगाडि बढाइएको। |
| १४ | बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाईने | वार्षिक, अर्धवार्षिक एवम् चौमासिक समीक्षा, बजेट कार्यान्वयन मार्गदर्शन, परिपत्र लगायतमा वित्तीय अनुशासनलाई परिपालनाका लागि सबै निकायहरुलाई अनुरोध गरिएको। |
| १५ | संघीय अर्थ मन्त्रालयको समन्वय र सहयोगमा PLMBIS लगायत अन्य बजेट तथा खर्च प्रणालिलाई परिमार्जन गरिने छ । | बजेट, खर्च, लेखाङ्कन, राजस्व लगायतमा प्रयोग भईरहेका PLMBIS/ TSA/ C-GAS/ RMIS/PAMS लगायतको प्रणालीहरुलाई अन्तरआवद्धता गरी स्वचालित बनाउनका लागि संघ अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गरिएको। |

| | | |
|---|---|---|
| १६ | (१) खर्चको मापदण्ड मस्यौदा तयार गरिने छ ।<br>(२)कर प्रशासनलाई थप सुदिढ गरिने छ । | एकल कर प्रशासनलाई थप व्यवस्थित गर्ने पहल/समन्वय गरिएको। क्रियाकलापमा आधारित बजेट विनियोजन र खर्च प्रणाली कार्यान्वयनमा रहेको। खर्चको मापदण्ड मस्यौदा स्वीकृतिका लागि म.प.मा प्रस्ताव पेश गरिएको। |

## ५.३ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

| सि. नं. | आयोजना/कार्यक्रमको नाम | बार्षिक विनियोन | बार्षिक खर्च | बार्षिक लक्ष्य | उपलब्धी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | वित्तिय | भौतिक | |
| १ | मन्त्रालय परिसरमा आवास भवन र विपद गोदामघर निर्माण | ९४,०२,००० | १८,००,००० | १ | १९.१४ | ४० | पहिलो तला ढलान |
| २ | सुरक्षा निकायको लागि मोटरसाईकल खरिद | ४०,००,००० | ३५,९३,४०० | ६ | ८९.८४ | १०० | |
| ३ | गाडी (विपद सामाग्री ओसारपसार) | ६०,००,००० | ५६,९०,००० | १ | ९४.८३ | १०० | |
| ४ | विपद गोदामघरको घेरावारा तथा कम्पाउण्ड वाल निर्माण | १०,००,००० | ५,००,००० | १ | ५० | १०० | |
| ५ | स्थानीय युवा, स्काउट तथा स्वयंसेवकहरुसँगको विपद जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १०,००,००० | ७,४५,९०० | १ | ७४.५९ | १०० | |
| ६ | दमकल चालक तथा कर्मचारीहरुका लागि सीप तथा क्षमता अभिबृद्धि तालिम | ७,००,००० | ४,७४,९८५ | १ | ६७.८६ | १०० | |
| ७ | एसटीसी मिट STC MEET | १२,००,००० | १२,००,००० | १ | १०० | १०० | |
| ८ | प्रकोपजन्य शीतलहर, बाढीपहिरो, हावाहुरी तथा चट्याङबाट हुने क्षति न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | ७,००,००० | १,२३,७७५ | २ | १७.६८ | ५० | |
| ९ | प्रहरी भवन, हिरासत कक्ष तथा कारागारको विद्यमान अवस्था तथा सुधार गर्नुपर्ने पक्षको विषयमा जिल्ला स्थित सुरक्षा निकाय तथा सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रम | ११,००,००० | २,९४,४४० | १४ | २६.७७ | ३५.७१ | |
| १० | प्रदेश कानून तर्जुमा र कार्यान्वयन सम्बन्धमा कानून र न्याय क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुसँग अन्तरक्रिया | १४,००,००० | ११,८०,१३५ | २ | ८४.३० | १०० | |
| १ | म अघि बढ्छु कार्यक्रम-पाक्षिक रेडियो | ५,००,००० | ४,४५,२०९ | १ | ८९.०४ | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम | | | | | | |
| १२ | कारागार भित्र मान अधिकार प्रवर्द्धन तथा कानूनी सचेतना कार्यक्रम | २८,००,००० | १५,१४,८५२ | १४ | ५४.१० | ७१.४२ | |
| १३ | कानून मस्यौदा निर्माण (मार्गदर्शन, कार्यविधि, मापदण्ड, निर्देशिका आदि) निर्माण | ५,००,००० | १,८८,८५२ | ५ | ३७.७७ | ६० | |
| १४ | ट्राफिक सचेतना कार्यक्रम | १२००००० | ७,८४,३०५ | ३ | ६५.३६ | ६६.६७ | |
| १५ | विपद व्यवस्थापनका लागि सुरक्षा निकायसँगको पूर्व अभ्यास सहितको अन्तरक्रिया कार्यक्रम | ८,००,००० | ७,८३,७६७ | २ | ९७.९७ | १०० | |

**मुख्य-मुख्य कार्यक्रमहरू-**

- प्रदेश नं. १ का धनकुटा,मोरङ,सुनसरी,सोलुखुम्बु,ओखलढुङ्गा वाहेकका जिल्लामा कारागार भित्र मानव अधिकार प्रर्वद्धन र कानूनी सचेतना कार्यक्रम संचालन
- प्रदेश कानून तर्जुमा र कार्यान्वयन सम्बन्धमा न्याय क्षेत्रका व्यक्तिहरुसँग अन्तरक्रिया गरेको ।
- प्रदेशमा कार्यरत कानून अधिकृतको क्षमता वृद्धिका लागि तालिम कार्यक्रम संचालन ।
- ३६ वटा ऐन,नियम लगायतका सूचनाको २००० प्रति राजपत्र प्रकाशन तथा वितरण गरेको ।
- बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको ।
- संखुवासभामा मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्र सञ्चालनको लागि बारुणयन्त्र र प्रहरी भ्यान हस्तान्तर गरी पठाईएको।
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाको लागि वि.म.न.पा. र देवानगन्ज गा.पा. मा बारुणयन्त्र हस्तान्तर गरी पठाईएको ।
- विकास प्रकृयामा विपद जोखिम न्यूनीकरण मुलप्रवाहिकरण सम्बन्धी विषयमा सरोकारवाला सँगको अन्तरक्रिया कार्यक्रमहरु भएको ।
- दमकल चालक तथा कर्मचारीहरुको लागि सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम।
- सडक दुर्घटना न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गरेको ।
- विपद व्यवस्थापनका लागि सुरक्षा निकायसँगको पूर्वअभ्यास सहितको अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको ।
- प्रकोपजन्य शीतलहर, बाढीपहिरो, हावाहुरी तथा चटयाङबाट हुने क्षति न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम गरेको ।
- स्थानीय युवा, स्काउट तथा स्वयंसेवकहरुसँग विपद जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरेको ।
- विपद सम्पर्क व्यक्तिहरुको समन्वय बैठकहरु गरेको ।
- विपदबाट स्थापित भएका पिडितहरुलाई उपलब्ध गराउने गरी विभिन्न जिल्ला प्रशासन कार्यालयलाई राहत सामग्री हस्तान्तरण गरेको ।
- विपद खोज उद्धार सामग्री, राहत सामग्री तथा राहत रकम वितरण गरेको ।
- प्रहरी भवन, हिरासत कक्ष तथा कारागारको विद्यमान अवस्था तथा सुधार गर्नुपर्ने विषयमा जिल्ला स्थित सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन

- सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनिकरणका लागि प्रदेश ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा ट्राफिक सप्ताह मनाइएको ।
- प्रदेश स्थित कारागार मर्मत सम्भार तथा रंगरोगनका लागि आवश्यक रकम उपलब्ध गराइएको
- प्रदेश स्थित कारागारहरुमा पुस्तकालय निर्माण तथा विस्तारका लागि फर्निचर र पुस्तकको आवश्यक प्रबन्ध गरिएको ।
- सगरमाथा टिन्स क्लब (एसटिसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ बमोजिम निर्देशन तथा अनुगमन समिति , कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको विभिन्न समयमा बसी "म अघि बढ्छु" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय भई कार्यान्वयन भएको ।
- प्रहरी भवन, हिरासत कक्ष तथा कारागारको विद्यमान अवस्था तथा सुधार गर्नुपर्ने विषयमा जिल्ला स्थित सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन
- सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनिकरणका लागि प्रदेश ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा ट्राफिक सप्ताह मनाइएको ।
- प्रदेश स्थित कारागार मर्मत सम्भार तथा रंगरोगनका लागि आवश्यक रकम उपलब्ध गराइएको
- प्रदेश स्थित कारागारहरुमा पुस्तकालय निर्माण तथा विस्तारका लागि फर्निचर र पुस्तकको आवश्यक प्रबन्ध गरिएको।
- सगरमाथा टिन्स क्लब (एसटिसी) (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ बमोजिम निर्देशन तथा अनुगमन समिति , कार्यक्रम कार्यान्वयन तथा संयोजन समितिको विभिन्न समयमा बसी "म अघि बढ्छु" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय भई कार्यान्वयन भएको ।
- "म अघि बढ्छु" कार्यक्रम सञ्चालनको लागि कार्यविधि बमोजिम कार्यक्रम समन्वय इकाई संयोजक, मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक छनौटका लागि छनौट समितिको बैठक बसी आवेदन आव्हान गरी योग्यताक्रममा परेका उम्मेदवारहरुलाई छनौटका लागि निर्देशक तथा अनुगमन समिति समक्ष सिफारिस गरेको ।
- "म अघि बढ्छु" कार्यक्रम अन्तर्गत मोरङ्ग जिल्लामा उतप्रेरणात्मक कक्षा सञ्चालन भएको ।
- "म अघि बढ्छु" कार्यक्रम अन्तर्गत एसटीसी मिट (STC MEET) सोलुखुम्बु, खोटाङ्ग, उदयपुर, भोजपुर, तेह्रथुम, ईलाम, पाँचथर र मोरङ्गमा सम्पन्न भएको ।
- "म अघि बढ्छु" कार्यक्रम अन्तर्गत टेलिभिजन मार्फत सचेतनामूलक सामग्री प्रसारन गरेको ।

### ५.४ वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

- १६ स्थानमा एकिकृत भू-स्खलन नियन्त्रण, १०.७ कि.मि. वायो इन्जि. खोला किनारा संरक्षण, ३९ वटा सिमसार/पोखरी जलाधार व्यवस्थापन, ३ स्थानमा खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन, १६ स्थानमा जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम, ९ कि.मि. सडक संग भू संरक्षण, ६ स्थानमा एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन कार्यक्रम सञ्चालन रहेको छ ।
- वन्जन्तुहरुको वासस्थान संरक्षणको लागि ८ वटा पानी आहाल र १६ पोखरी निर्माण, १२ स्थानमा होर्डिङ बोर्डहरु जडान गरिएको, वन क्षेत्रमा ४६०० वटा फलफुलका विरुवाहरु रोपण, वन्यजन्तुहरुको उद्धार तथा प्राकृतिक वाससस्थानमा व्यवस्थापन ।
- वातावरणीय सचेतनाका लागि सुचना/ सन्देशमूलक सामाग्री सहितको वाल पेन्टिङ, २० वटा विद्यालयहरुमा वातावरण संरक्षण सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन भएको, ५० वटा फोहरदानी वितरण गरिएको ।

- प्रादेशिक वनक्षेत्र मध्ये ४७३४ वटा (४५९३४१.८३ हेक्टर) वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापन पद्धति अनुसार सर्वेक्षण, नाप नक्शा र सिमाकंन भई व्यवस्थापन भइरहेको, १९९६ वटा (२००७.९२ हेक्टर) निजी वनको रुपमा सर्वेक्षण, नाप नक्शा र सिमाकंन भई व्यवस्थापन भइरहेको, १ वटा चक्ला वन (३३७५ हेक्टर) र धनकुटाको सल्लेरी राष्ट्रिय वन (४३.७३ हेक्टर) सरकारद्वारा व्यवस्थित वनको रुपमा सर्वेक्षण, नाप नक्शा र सिमाकंन भई व्यवस्थापन हुँदै गरेको, गत आ.व. २०७८/०७९ मा ६१ हेक्टर अतिक्रमित वनक्षेत्र नियन्त्रण तथा व्यवस्थापन गरिएको ।
- मातहतका १५ वटा डिभिजन वन कार्यालयहरु मार्फत १ करोड ५७ लाख ६९ हजार १ सय ४२ क्युविक फिट काठ तथा २ हजार ७ सय ५० चट्टा दाउरा तथा ४० लाख ३८ हजार ६ सय ४४ के.जि विभिन्न जातका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार उत्पादन भई विक्रिवितरण भएको, ६ वटा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गरिएको ।
- ४३ लाख ४६ हजार ५ सय ७७ गोटा काष्ठ तथा गैह्रकाष्ठ वन पैदावार विरुवा उत्पादन, ९ गोटा नर्सरी निर्माण, ५० गोटा नर्सरी मर्मत, १६५.०२ हेक्टर, ९९ हेक्टर क्षेत्रमा पुनःरोपण कार्य सञ्चालन भएको, ७२,००० गोटा फलफुलको विरूवा खरिद तथा वितरण गरिएको ।
- रेड पाण्डा नेटवर्क संगको सहकार्यमा रेडपाण्डा पाइने स्थानहरुको अवलोकन तथा उक्त संस्थाले सम्पन्न गरेका कृयाकलापहरुको मूल्याङ्कन गरेको ।
- रेड पाण्डा नेटवर्क संगको सहकार्यमा रेडपाण्डा पाइने स्थानहरुको अवलोकन तथा उक्त संस्थाले सम्पन्न गरेका कृयाकलापहरुको मूल्याङ्कन गरेको ।
- १५ वटै डिभिजन वन कार्यालयहरुबाट वन डढेलो, वनजन्य आक्रमण, चोरी शिकारी नियन्त्रण कार्यमा संलग्न हुँदा पीडित भएकाहरुलाई राहतको व्यवस्था गरिएको ।
- झापा र भोजपुर जिल्लामा लाहा खेती शुरुवात गरिएको तथा भोजपुर संखुवासभा धनकुटा जिल्लामा रुद्राक्ष खेतीका लागि विरुवा वितरण गरेको ।
- वनस्पति विभागसंग हिमाली क्षेत्रमा पाइने जडीबुटी अनुसन्धान तथा प्रवर्धन सम्वन्धी सहकार्यमा भएको
- जलथल र तिनजुरे मिल्के जलजले वन क्षेत्रको संरक्षणका लागि डिभिजन वन कार्यालय मार्फत कार्यक्रम संचालन गरेको ।
- अन्तराष्ट्रियस्तरको जडीबुटी प्रयोगशालाको निर्माणका लागि स्थान छनौट भएको । आगामी आ.व. मा विस्तृत परियोजना प्रतिवेदन DPR तयार गर्न बजेट विनियोजन गरेको ।
- प्रदेश स्तरमा जलवायु परिवर्तन समन्वय समिति गठन भइ संचालनमा रहेको

## ५.५ सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

- प्रदेश सरकार द्वारा संचालित सडक पुर्वाधार तर्फ आ.व. २०७८।०८९ मा ९८.७२ कि.मी. कालोपत्रे, १.५३ कि.मी. RCC/PCC, ९.९५, कि.मी. सोलिङ्ग, ३८०.१९ कि.मी. ग्राभेल र ९१.०५ कि.मी. कच्ची सडकको निर्माण सम्पन्न भएको छ भने १०६.१६ कि.मी. सडक मर्मत भएको छ साथै ४९.०८ कि.मी. सडकको नयाँ ट्र्याक खोल्ने कार्य भएको छ ।
- प्रदेश सरकार द्वारा संचालित बहुवर्षिय योजनाहरू मध्ये १ वटा सडकको निर्माण कार्य सम्पन्न भएको छ । २५ मोटरेवल पुल र २५ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न समेत यसै आ.व. मा भएको छ ।
- शहरी विकास तथा भवन कार्यालयहरू मार्फत ६१ वटा सामुदायिक भवन, ४ सरकारी भवन, ५ सभाहल, ४ खेलकुद पूर्वाधार निर्माण र ५ एकिकृत वस्ती विकासको कार्यसम्पन्न भएको छ । जनता आवास कार्यक्रम

अन्तरगत जम्मा १२३४ वटा आवास निर्माण सम्पन्न भएको छ भने २३९२ वटा आवास निर्माणाधिन रहेको छ ।

- ४ वटा पार्क, ३ ढल निर्माण र २ बसपार्कको निर्माण कार्यसम्पन्न भएको छ भने ७ प्रहरी भवनको निर्माणको कार्य समेत सम्पन्न भएको छ ।

**आ.व. २०७८/७९ मा सडक पूर्वाधार तर्फ सम्पन्न मुख्य-मुख्य कार्यहरुको सारांश**

| सि.नं. | कार्यालयको नाम | सडक निर्माण सम्पन्न भएका (कि.मी.) | | | | | | बहुबर्षिय सडक निर्माण सम्पन्न (संख्या) | मोटरेवल पुल निर्माण सम्पन्न (संख्या) | झोलुङ्गे पुल निर्माण सम्पन्न (संख्या) | ट्र्याक ओपन (कि.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मर्मत | ग्रावेल | कच्ची | (RCC/PCC) | सोलिङ्ग | कालोपत्रे | | | | |
| १ | प्रादेशिक विशेष सडक निर्माण आयोजना, बिराटनगर (मन्त्रालय) | ० | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| ३ | पूर्वाधार विकास कार्यालय, पाँचथर | २५.३२ | ३५.९१२ | ५१.०६५ | ० | १.९५२ | २ | ० | २ | १ | ११.५२ |
| ४ | पूर्वाधार विकास कार्यालय, झापा | ७.३२ | ११६.८६७ | | ०.३५३ | | ५२.२८८ | १ | ५ | २ | १ |
| ५ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | १९.५२ | १२१.४५२ | ० | ०.०७५ | ० | ४१.७८३ | ० | ६ | ४ | ० |
| ६ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | ५ | १५ | | ०.२ | ३ | १ | ० | १ | ६ | ५ |
| ७ | पूर्वाधार विकास कार्यालय, भोजपुर | २८.० | २०.१ | २५.० | ०.१५ | ४.५ | ०.० | ० | २ | २ | ८.५६ |
| ८ | पूर्वाधार विकास कार्यालय, उदयपुर | ६ | ४३.८६ | | ०.३ | ०.५ | १.६५ | ० | ३ | २ | २० |
| ९ | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | १५ | २ | १५ | ०.४५ | ० | ० | ० | ४ | ८ | ३ |
| जम्मा | | १०६.१६ | ३८०.१९१ | ९१.०६५ | १.५२८ | ९.९५२ | ९८.७२१ | १ | २५ | २५ | ४९.०८ |

कार्यालयको नाम:शहरी विकास तथा भवन कार्यालय, ईलाम,ओखलढुंगा,मोरङ,धनकुटा

जिल्ला:

| सि. नं. | हाल सम्मको प्रगति | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | निर्माण संरचना | इकाई | सम्पन्न संख्या | निर्माणाधीन संख्या | लाभान्वित जनसंख्या | |
| 1 | सामुदायिक भवन निर्माण | वटा | ६१ | ३१ | | |
| | सरकारी भवन निर्माण | वटा | ४ | २ | | |
| | सभाहल निर्माण | वटा | ५ | ६ | | |
| | खेलकुद पूर्वाधार निर्माण | वटा | ४ | ४ | | |
| | एकीकृत वस्ती विकास | वटा | ५ | ० | | |
| | जनता आवास कार्यक्रम | वटा | १२३४ | २३९२ | | |
| 2 | सहरी सडक (ढलान) | कि.मि | १.९ | २.४ | | |
| | सहरी सडक (कालोपत्रे) | कि.मि | ८.४ | १.५८ | | |
| | पार्क निर्माण | वटा | ४ | ५ | | |
| | ढल निर्माण | कि.मि | ३ | २ | | |
| | बसपार्क निर्माण | वटा | २ | ३ | | |
| | गेट/ भ्युटावर निर्माण | वटा | ० | २ | | |
| ल जम्म | प्रहरी भवन निर्माण | वटा | ७ | २ | | |
| | फुसको छाना विस्थापन | वटा | ० | ० | | |
| | अन्य पूर्वाधार निर्माण | वटा | ३६ | ७ | | |

आ.व. २०७८/०७९ मा संचालित मध्ये पूर्ण रुपमा सम्पन्न भएका/नभएका बहुबर्षिय आयोजनाहरुको विवरण (सडक पूर्वाधार तर्फ)

| सि.नं. | कार्यालयको नाम | सडक निर्माण | | | मोटरेबल पुल निर्माण | | झोलुङ्गे पुल | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (कि.मि.) | संचालित जम्मा संख्या | सम्पन्न संख्या | संचालित जम्मा संख्या | सम्पन्न संख्या | |
| १ | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय (प्रादेशिक बिशेष सडक निर्माण आयोजना, विराटनगर) | ५ | ० | ० | ० | ० | ० | ० | |
| २ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | ० | ० | ० | ६ | २ | ० | ० | |
| ३ | पूर्वाधार विकास कार्यालय, पाँचथर | ५ | ० | २ | ३ | २ | १ | १ | |
| ४ | पूर्वाधार विकास कार्यालय, झापा | ४१ | १ | ५२.२८८ | २९ | ५ | ४ | २ | |
| ५ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | २१ | ० | ३९.९८ | २३ | ६ | ११ | ४ | |
| ६ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | ५ | ० | ० | २ | १ | ८ | ६ | |
| ७ | पूर्वाधार विकास कार्यालय, भोजपुर | ५ | ० | ० | ९ | २ | ५ | २ | |
| ८ | पूर्वाधार विकास कार्यालय, उदयपुर | ६ | ० | ४०.२ | १२ | ३ | १२ | २ | |
| ९ | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ४ | ० | ० | ९ | ४ | ११ | २ | |
| जम्मा | | ९२ | १ | १३४.४६८ | ९३ | २५ | ५२ | १९ | |

## ५.६ सामाजिक विकास मन्त्रालय

### ५.६.१ अनौपचारिक तथा साक्षरता र बिशेष शिक्षा तर्फ-

- विशेष प्रकृतिका बालबालिका अध्ययन गर्ने स्रोत कक्षाका Care taker हरुका लागि प्रोत्साहन अनुदान
- दृष्टिविहीन बालबालिका अध्ययन गर्ने माध्यमिक तह संचालन भएका स्रोतकक्षा विद्यालयका दृष्टिविहिन विद्यार्थीहरूको सिकाइ क्षमता विकासका लागि ब्रेल प्रिन्टर व्यवस्थापनका लागि अनुदान
- बौदिक अपाङ्गता भएका बालबालिका अध्ययन गर्ने स्रोतकक्षाका बालबालिकाहरूका लागि सीप मूलक व्यावसायिक तालिम संचालनका लागि अनुदान
- बहिरोपन अपाङ्गता भएका बालवालिका अध्ययन गर्ने प्रदेशको एक मात्र विशेष विद्यालय पूर्वाञ्चल बहिरा विद्यालय धरानलाई बहिरोपन अपाङ्गता भएका बालबालिकाहरुको गुणात्मक शैक्षिकस्तर अभिवृद्धि गर्न जीवनोपयोगी सीप प्रदान गर्न र उनिहरुको शारीरिक र मानसिक विकासमा प्रत्यक्ष टेवा पुर्याउन विद्यालयलाई अनुदान

### ५.६.२ उच्च शिक्षा तर्फ-

- प्रदेश भित्र संचालनमा रहेका भाषा शिक्षण र कोचिङ कक्षाहरुको अनुगमन नियमन, कार्यविधि निर्माण र प्रोफाईल निर्माण
- अनुगमन मूल्याङ्कन नीरीक्षण तथा समन्वय
- मनमोहन प्राविधिक विश्वविद्यालयलाई चालु तथा पुँजीगत अनुदान

### ५.६.३ प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिम कार्यक्रम तर्फ-

- ENSSURE परियोजना सम्बन्धी प्रदेश स्तरीय परियोजना कार्यान्वयन समन्वय समिति PICC र परियोजना समन्वय इकाई PCU को सञ्चालन तथा व्वयस्थापन
- NVQS परियोजना सम्बन्धी प्रदेश स्तरीय परियोजना कार्यानवयन समन्वय समिति PICC र परियोजना समन्वय इकाई PCU को सञ्चालन तथा व्वयस्थापन
- CTEVT कार्यालय, प्राविधिक शिक्षालय, प्राविधिक धारका सामुदायिक विद्यालयका प्रमुख / प्रधानाध्यापकहरुको चौमासिक प्रगति तथा योजना निर्माण सम्बन्धी कार्यक्रम
- साझेदार प्राविधिक शिक्षालयलाई ल्याव व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका लागि प्रस्तावमा आधारित अनुदान
- थुलुङ दुधकोशी प्रविधिक शिक्षालय थुलुङ दुधकोशीको भवन निर्माण सम्बन्धी बहुबर्षीय आयोजनाका लागि निरन्तरता

### ५.६.४ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम तर्फ

- सञ्चार माध्यमसँगको सहकार्यमा शैक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण
- अनुगमन मूल्याङ्कन नीरीक्षण तथा समन्वय
- धार्मिक प्रकृतिका विद्यालयलाई अनुदान
- माध्यमिक तहमा स्वयं सेवक विज्ञान शिक्षक व्यवस्थापनका लागि विद्यालयहरूलाई अनुदान सहयोग निरन्तरता
- विद्यालयमा स्काउट विकासका लागि छनोट भएका माध्यमिक विद्यालयहरुलाई अनुदान
- दुर्गम तथा आर्थिक र सामाजिकरूपमा पछाडी परेका क्षेत्रमा सञ्चालित आधारभूत विद्यालयलाई बालमैत्री विद्यालय विकासका लागि अनुदान
- विद्यालयमा इ-शिक्षा तथा स्मार्ट कक्षा व्यवस्थापन

- प्रदेशमा छनोट भएका संघ,प्रदेश र स्थानीय तहसँगको लागत साझेदारीमा विकास हुने ठुला विद्यालयहरु साजीलाल माध्यमिक विद्यालय सुन्दररैचा ६ मोरङ,जगनन्नाथ डेडराज माध्यमिक विद्यालय बराहक्षेत्र, जनसहयोग माध्यमिक विद्यालय इटहरी २० सुनसरी BIG SCHOOL स्वीकृत DPR अनुसार कार्य गर्ने अनुदान
- विद्यालयहरुको भौतिक सुविधा विस्तार कार्यक्रम
- विद्यालयमा स्वच्छ पिउनेपानी प्रबन्ध
- साक्षर जिल्ला घोषणा कार्यक्रम

**५.६.५ युवा तथा खेलकुद कार्यक्रम तर्फ-**

- खेलकुद प्रशिक्षण तथा खेलाडी विकास कार्यक्रम संचालन
- प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन
- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय तयारी कार्यक्रम सम्पन्न
- प्रदेशका उत्कृष्ट र ख्यातिप्राप्त खेलाडी प्रोत्साहन कार्यसम्पन्न
- दुर्गम तथा पहाडी जिल्लामा आवश्यकताका आधारमा रंगशाला तथा खेलमैदान निर्माण/स्तोरन्नती
- प्रदेशस्तरीय खेलकूद प्रतियोगिता सञ्चालन तथा खेल सामग्री व्यवस्थापन

**५.६.६ अन्य कार्यक्रम तर्फ-**

- विभिन्न तहका विभिन्न विषयका शिक्षकहरूलाई तालिम व्यवस्थापन
- विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन
- सामाजिक विकास अन्तर्गत- बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम, लैङ्गिक सशक्तिकरण तथा मूल प्रवाहिकरण कार्यक्रम, ज्येष्ठ नागरिक प्रवर्द्धन तथा संरक्षण कार्यक्रम, अपाङ्गता व्यवस्थापन तथा सशक्तिकरण कार्यक्रम र दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालन सेवा कार्यक्रमहरू संचालन भएको ।

## ५.७ स्वास्थ्य मन्त्रालय

### ५.७.१ अस्पताल तर्फ

- ९ वटा (सोलुखुम्बु, तेह्रथुम, खोटाङ, ताप्लेजुङ, ओखलढुङ्गा, उदयपुर, इलाम, इनरूवा अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) अस्पतालमा अक्सिजन प्लान्ट जडान भएको।
- कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा स्वीस सरकारको सहयोगमा १५० सिलिन्डर क्षमताका २ वटा अक्सिजन प्लान्ट जडान भएको।
- सबै अस्पतालहरूमा आ.ई.सी.यू.संचालनका लागि औजार उपकरण खरिद भएको।
- ९ वटा (ताप्लेजुङ, पाँचथर, इलाम, मेची, तेह्रथुम, धनकुटा, सोलु, उदयपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) अस्पतालमा Mortuary (शव गृह) का लागि फ्रिज खरिद गरिएको।
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा ओपिडी हल निर्माण भएको।
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा C-arm Compatible Fracture table र Echocardiography मेसिन खरिद गरिएको।
- उदयपुर अस्पतालमा GA र C-ARM मेसिन खरिद गरिएको।
- उदयपुर अस्पतालमा Ramp निर्माण तथा स्टोर हल सहितको प्रशासनिक कक्ष निर्माण गरिएको।जिल्ला अस्पताल पाँचथर तथा इलाममा DR एक्स रे मेसिन खरिद गरी जडान गरिएको।
- जिल्ला अस्पताल खोटाङ्गमा hematology analyzer (5 parts) खरिद गरिएको।

- जिल्ला अस्पताल खोटाङ्गको अस्पताल परिसर पीच तथा गाडी पार्किङ निर्माण भएको।
- जिल्ला अस्पताल धनकुटालाई १०० शैयामा स्तरोन्नतिका लागि DPR तयार भएको।
- ताप्लेजुङ र इलाम अस्पतालमा म्याटर्निटी वेटिङ्ग होम निर्माण भएको।
- ४ वटा अस्पतालमा (इलाम, उदयपुर, खोटाङ अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) माइक्रोबायोलोजी ल्याव सेवा बिस्तार गरिएको।
- ताप्लेजुङ, पाँचथर, इलाम, मेची, धनकुटा र संखुवासभा अस्पतालहरूको भवन मर्मत सम्भार गरिएको।
- उदयपुर, खोटाङ र मेची अस्पतालमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिएको।
- पाँचथर र भोजपुर अस्पतालका लागि आवश्यक पर्ने फर्निचर तथा फिक्चर्स खरिद गरिएको।
- १४ वटामा अस्पतालहरूमा प्रदेशस्तरीय स्वास्थ्य संस्था तथा सरकारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड समीक्षा कार्यक्रम सम्पन्न भएको।
- अस्पतालमा ल्याब परीक्षणका लागि आवश्यक केमिकल्स खरिद गरिएको।
- संखुवासभा तथा भोजपुर अस्पतालमा रक्त संचार सेवा स्थापनाका लागि आवश्यक केही उपकरण/औजार खरिद गरिएको।
- हिमाली तथा पहाडी जिल्लाहरूमा प्रसुती जटिलताका लागि रिफरल सेवा प्रदान गर्न निःशुल्क यातायातको व्यवस्था मिलाइएको।
- अस्पतालका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिएको।
- सबै अस्पतालमा टेलिमेडिसन सञ्चालनका लागि उपकरण खरिद गरिएको।
- इलाम अस्पतालमा डायलाइसिस सेवा सञ्चालनका लागि सेट तयार भएको।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापनका लागि ८ वटा अस्पताल (इलाम, इनरूवा, ओखलढुङ्गा, खोटाङ, तेह्रथुम, पाँचथर अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र रंगेली अस्पताल) मा Automatic Hospital Laundry Washing Machine with Dryer खरिद गरी जडान गरिएको।
- जिल्ला अस्पताल इनरूवा, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र रंगेली अस्पतालमा फोहोर व्यवस्थापनका लागि अटोक्लेभ मेसिन खरिद गरिएको।
- इनरूवा, उदयपुर, ताप्लेजुङ, धनकुटा, पाँचथर अस्पताल, मदन अस्पताल भण्डारी तथा ट्रमा सेन्टर र रंगेली अस्पताल गरी ७ वटा अस्पतालमा फोहोर व्यवस्थापन भवन निर्माण भएको।
- जिल्ला अस्पताल तेह्रथुम बाहेकका सबै अस्पतालहरूमा फोहोर व्यवस्थापनका लागि आवश्यक सामान खरिद र Testing indicators गरिएको।
- जिल्ला अस्पताल खोटाङ, इलाम, सोलु ,पाँचथर र रंगेली अस्पतालमा संक्रामक रोग विरूद्ध भ्याक्सिन खरिद गरिएको।
- जिल्ला अस्पताल इलाम, खोटाङ, ताप्लेजुङ, सोलु, संखुवासभा, पाँचथर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र रंगेली अस्पतालमा फोहोर लेबलिंग (labeling) स्टिकर छपाई गरिएको।

### ५.७.२ जनस्वास्थ्यतर्फ

- स्वास्थ्य चौकी सवलीकरण कार्यक्रममार्फत ७२ वटा स्वास्थ्य चौकीको सबलीकरण गरिएको।
- प्राथमिक स्वास्थ्य केन्द्र सवलीकरण कार्यक्रममार्फत १५ वटा सबलीकरण गरिएको।
- सदरमुकाम बाहिर रहेका स्वास्थ्य संस्थाहरूको मर्मत सम्भार कार्यक्रम अन्तर्गत ५९ वटा स्वास्थ्य संस्थाको मर्मत सम्भार गरिएको।

- प्रदेश सरकार मातहतका अस्पतालका लागि प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रबाट "ख" वर्गका ९ वटा एम्बुलेन्स र २ वटा शव बहान खरिद गरिएको।
- नियमित औषधी तथा अन्य सामग्री व्यवस्थापनका लागि ८ वटा स्वास्थ्य कार्यालय (इलाम, ओखलढुङ्गा, खोटाङ, झापा, तेह्रथुम, धनकुटा, पाँचथर र मोरङ) का लागि गाडी खरिद गरिएको।साथै मन्त्रालयका लागि १ वटा मोटरसाइकल, १ वटा स्कूटर र १ वटा चारपाङ्ग्रे गाडी खरिद गरिएको।
- धनकुटा, पाँचथर र भोजपुर जिल्लाका ३ वटा प्राथमिक स्वास्थ्य केन्द्रमा पोष्टमार्टम घर निर्माण भएको।
- एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रममार्फत १३७ जना स्वयंसेविकाको सम्मान गरिएको।
- स्वास्थ्य कार्यालय ताप्लेजुङको भवनमा कम्पाउण्ड रिटेनिङ वाल निर्माण गरिएको।
- स्वास्थ्य कार्यलय खोटाङको परिसर वरिपरि ढल तथा बाटो व्यवस्थापन गरिएको।
- क्षयरोग लागेका बिरामीहरूको व्यवस्थापनका लागि National Anti Tuberculosis Association (NATA) लाई अनुदान उपलब्ध गराइएको।
- हेमोफिलिया भएका ब्यक्तिहरुका लागि एन्टिहेमोफिलिक फ्याक्टर व्यवस्थापन गर्न हेमोफिलिया सोसाइटी नेपाल, प्रदेश १ लाई अनुदान उपलब्ध गराइएको।
- स्वास्थ्य कार्यालय तेह्रथुममा कोल्ड चेन रुममा पावर ब्याकअप जडान गरिएको।
- आङ्ग खस्ने समस्या भएका २०७ जना महिलाहरूको निःशुल्क शल्यक्रिया गरिएको।
- जनस्वास्थ्य प्रयोगशालामा ग्यारेज तथा जेनेरेटर हाउस निर्माण गरिएको।
- सबै जिल्लामा स्वास्थ्यकर्मीहरूका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुखको स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारबारे प्रशिक्षण प्रशिक्षक तालिम सम्पन्न भएको।
- क्षयरोगका जोखिम समूहमा क्षयरोग स्क्रिनिङ तथा सक्रिय खोजपड्ताल कार्यक्रम सम्पन्न गरिएको।
- झापा (मेचीनगर नपा) र सुनसरा (इटहरी उपनपा) मा क्षयरोग मुक्त घोषणा अभियान सञ्चालन गरिएको।
- सुनसरी र ताप्लेजुङ जिल्ला पूर्ण खोप सुनिश्चितता भएको र बाँकी सबै जिल्लामा खोप सुनिश्चितताको दिगोपना भएको।
- टाइफाइड खोप अभियान सञ्चालन गरिएको।नियमित खोपका लागि सुक्ष्म योजना निर्माण कार्यक्रम सम्पन्न भएको।
- तथ्यांक गुणस्तर सुधारका लागि एल.एम.आइ.एस./एच.एम.आई.एस./डि.एच.आई.एस.एस. सम्बन्धी स्थलगत सहजीकरण/मेन्टोरिङ गरिएको।
- स्वास्थ्य कार्यालयहरुबाट कुष्ठरोग प्रभावित क्षेत्र तथा समुदायमा सक्रिय विधिबाट कुष्ठरोगका बिरामी खोजपडतालका लागि कार्यक्रम सञ्चालन गरिएको।
- परिवार कल्याण (सुरक्षित मातृत्व, नव शिशु स्याहार, बाल स्वास्थ्य, पोषण र खोप ) सेवा कार्यक्रम निरन्तर भइरहेको।
- सबै स्वास्थ्य कार्यालयमार्फत राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको लागि आधारभूत तथा पुर्नताजकी तालिम सञ्चालन गरिएको।
- सबै स्वास्थ्य कार्यालयमार्फत स्थानीय मातहतको स्वास्थ्य सम्बन्धी मासिक सूचना संकलन/ भेरिफिकेशन तथा गुणस्तर सुधार सम्बन्धी बार्षिक समीक्षा सम्पन्न भएको।
- मोरङ जिल्लाका ४ वटा स्थानीय तह सुन्दरहरैंचा नपा ,लेटाङ नपा, धनपालथान गापा र जहदा गापामा समुदायमा आधारित नसर्ने रोग सम्बन्धी पाइलट कार्यक्रम सञ्चालन गरी महिला स्वयंसेविकाद्धारा समुदायस्तर

मै मधुमेह पहिचानका लागि ५०१३ जनाको रगतमा ग्युल्कोजको मात्रा मापन, उच्च रक्तचाप पहिचानका लागि ६४३९ जनाको रक्तचाप मापन गरिएको। उक्त स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई नसर्ने रोग निदान तथा व्यवस्थापन सम्बन्धी अभिमूखीकरण गरिएको। समुदायमा रोग पहिचान भएका व्यक्तिहरूलाई स्वास्थ्य संस्थामा प्रेषण गरी समयमै उपचार/ औषधी सेवन गर्न परामर्श दिएको।

- १२ वटा स्थानीय तहमा रहेका Birthing Centre को स्तरोन्नति तथा सुदृढीकरण गरिएको। जसका लागि ११ वटा एसी, १० वटा सेमी अटो एनालाइजर मेसिन तथा १० वटा क्विल्टर काउन्टर मेसिन तथा अन्य आवश्यक औजार/उपकरण खरिद गरिएको।
- कार्यक्रम लागू भएका जिल्लाका जनप्रतिनिधि तथा पालिकाको स्वास्थ्य संयोजकलाई ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम सम्बन्धी अभिमूखीकरण सम्पन्न गरिएको।
- उदयपुर खोटाङ ताप्लेजुङ तेह्रथुम भोजपुर र मोरङ रहेका स्वयसेविकाहरूलाई २०० वटा ब्लडप्रेसर मेसिन र १६०० वटा तौल मेसिन खरिद गरी वितरण गरिएको।
- इलाम, उदयपुर, खोटाङ, ताप्लेजुङ, मोरङ र सुनसरी जिल्लामा महिला स्वास्थ्य स्वयम सेविका सहित १ दिने रिभ्यु मिटिंग सम्पन्न भएको।
- ४९ वटा स्थानीय तह (सुनसरी-१२,मोरङ-१, संखुवासभा-१०, भोजपुर-९, ओखलढुङ्गा-८ र ताप्लेजुङ-९) मा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिएको।
- घरमा आधारित वृद्धि अनुगमन कार्यक्रमका लागि जोखे झोला सहित १६९० वटा साल्टर स्केल र १४८०० किलोग्राम सुपर सेरल फलावर खरिद गरिएको।
- झापा, मोरङ र सुनसरी जिल्लामा रहेका १८ वर्ष मुनिका ८५ जना HV संक्रमित बालबालिकाहरूलाई मासिक १ हजारका दरले पोषण भत्ता उपलब्ध गराइएको।
- विभिन्न संक्रामक रोगहरू मलेरिया, डेंगु, कालाजार, हैजा, झाडापखाला, मौसमी रूघाखोकी आदिको द्रुत सूचना प्रवाहका लागि सेन्टिनल साइटसँग Early Warning and Reporting system सम्बन्धी समीक्षा कार्यक्रम सम्पन्न भएको।
- सर्पदंश उपचार पद्धति अनुसारको उपचारमा खटिएका स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान गरिएको।
- स्वास्थ्यकर्मीहरूलाई आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुखको स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारबारे प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको।
- जिल्लास्तर क्षयरोग कोहर्ट विश्लेषण तथा समीक्षा गोष्ठी सम्पन्न भएको।
- ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा स्थानीय तहलाई eTB तालिम प्रदान गरिएको ।
- आकस्मिक तथा आधारभूत स्वास्थ्य सेवाको STP ( Standard Treatment Protocal) को अभिमुखीकरण सम्पन्न भएको।

### ५.७.३ औषधी तथा औषधीजन्य सामग्री व्यवस्थापन

- आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्री खरिद गरी वितरण गरिएको।
- औषधि खरिद (वफर स्टक तथा मानसिक स्वास्थ्य र नसर्ने रोग सम्बन्धी) गरिएको।
- MCHN कार्यक्रम निरन्तरता तथा आपतकालीन पोषणको लागि समेत १५० हजार के.जी. फोर्टीफाइड पिठो (Supercereal) खरिद गरिएको । साथै IMKC कार्यक्रमको लागि औषधी खरिद गरिएको।
- नसर्ने रोग सम्बन्धी कार्यक्रमको औजार उपकरण खरिद गरिएको।
- सुत्केरी तथा गर्भवती आमा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि किशोरीहरुलाई साप्ताहिक आइरन फोलिक एसिड र Albendazole (जुकाको औषधी) खरिद गरिएको।

- ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रमका लागि ४८ लाख क्याल्सियम खरिद गरिएको।
- Oxytocin, Ma.sul, Cal.gluconate, Vitamin k1, Mesoprostol, Tranexamin acid खरिद गरिएको।
- महामारी र विपद व्यवस्थापनका लागि आवश्यक पर्ने औषधि तथा उपकरण र औजार लगायतका सामग्री खरिद गरिएको।
- औषधि खरिद ( वफर स्टक तथा मानसिक स्वास्थ्य र नसर्ने रोग सम्बन्धी) NCD Medicine खरिद गरिएको।
- मानसिक रोग व्यवस्थापनका लागि औषधी खरिद ।
- ल्याब परीक्षणका लागि आवश्यक केमिकल्सको व्यवस्थापन गरिएको।
- Implant insertion 625, Implant removal 625, IUCD insertion 450, IUCD removal 450, Minilap set 100, Vasectomy set १०० खरिद गरिएको।

**५.७.४ जनस्वास्थ्य प्रयोगशाला सम्बन्धी**

- स्नातकोत्तर क्याम्पसको जग्गा लिजमा लिइ सेभ द चिल्ड्रेनमार्फत विराटनगरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भवन निर्माण कार्य अन्तिम चरण रहको ।
- पि.सि.आर. परीक्षणका लागि स्वाव संकलन तथा परीक्षणको व्यवस्थापन गरिएको।
- पि.सि.आरका लागि आवश्यक पर्ने Reagent तथा सहायक सामाग्रीहरू खरिद गरिएको।
- प्रयोगशालामा आवश्यक ल्याव सामग्री, औजार तथा उपकरण खरिद तथा जडान गरिएको।
- प्रयोगशालाको परिसरमा ग्यारेज तथा जेनेटर हाउस निर्माण भएको।

**४.७.५ कोभिड- १९ रोकथाम तथा नियन्त्रण सम्बन्धी**

- सबै जिल्ला अस्पताल र कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा कोभिड-१९ का बिरामीहरूको निशुल्क उपचारको व्यवस्था मिलाइएको।
- प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मेची अस्पताल, धनकुटा अस्पताल तथा अन्य अस्पतालद्वारा निःशुल्क पिसिआर परीक्षण गर्ने व्यवस्था मिलाइएको।
- कोशी अस्पताल, कोभिड -१९ उपचार केन्द्रमा खटिएका डाक्टर, स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूका लागि आवास, खाना र खाजाको व्यवस्था मिलाइएको।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रद्वारा कोभिड-१९ उपचारका लागि चाहिने औषधि तथा औषधिजन्य सामग्री खरिद गरी व्यवस्थापन गरिएको।
- ओखलढुङ्गा अस्पतालमा पी.सि.आर मेसिन खरिद गरिएको।
- भारतीय सामा नाका झापाको काकरभिट्टा, इलामको पशुपतिनगर, विराटनगरको रानी र सुनसरीको भन्टावारीमा हेल्प डेस्क संचालन गरिएको।
- सबै स्वास्थ्य कार्यालय मार्फत कोभिड-१९ महामारीको Antigen testing गरिएको।
- कोभिड-१९ संक्रमितहरूलाई उपचार केन्द्रसम्म ल्याउन/लानका लागि एम्बुलेन्स र उपचारको क्रममा मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनका लागि शवबाहनको व्यवस्था मिलाइएको।
- कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा स्वीस सरकारको सहयोगमा १५० सिलिन्डर क्षमताका २ वटा अक्सिजन प्लान्ट जडान भएको।
- कोभिड-१९ विरूद्ध खोप अभियान सञ्चालन भइरहेको।

**५.७.६ आयुर्वेद सम्बन्धी**

- आयुर्वेदमा वर्णन गरिएको रसायन गुण भएका औषधिहरु वितरण गरिएको।
- आयुर्वेद स्वास्थ्य केन्द्र मोरङमा प्रकृतिक चिकित्साका केही सेवा र अक्युपञ्चर सेवा सुरु भएको ।

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ तथा प्रादेशिक अस्पताल, झापामा होमियोप्याथिक चिकित्सा सेवा सञ्चालनमा भएको ।
- मोरङ, झापा, इलाम तथा उदयपुर गरी चार स्थानमा ३० जना विभिन्न पदका लागि करार सेवामा जनशक्ति लिई पञ्चकर्म, क्षारसूत्र, सःशुल्क फार्मेसी, फिजियोथेरापी लगायतका सेवा सञ्चालनमा ल्याइएको।
- १३ वटा (कूल २६ जना जनशक्ति) स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना भएको र प्रदेश एवं जिल्लास्तरीय नागरिक आरोग्य समिति गठन भएको ।
- सबै जिल्लामा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- सबै आयुर्वेद केन्द्रहरूमा ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिएको।
- स्तनपायी आमाहरूलाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जटिबुटीजन्य औषधी वितरण गरिएको।
- महामारी लक्षित व्याधी क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिएको।
- पूर्वाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय, लखनपुरको भवनसहित सम्पूर्ण जग्गा उपयोग एवं सञ्चालनका लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई उपलब्ध भएको।
- प्रादेशिक आयुर्वेद अस्पताल सञ्चालनका लागि आवश्यक औजार/उपकरण, फर्निचर तथा औषधी खरिद गरिएको।
- आयुर्वेद कार्यालयहरूका (धनकुटा, खोटाङ, भोजपुर, मोरङ र प्रादेशिक आयुर्वेद अस्पताल, झापा ) लागि ५ वटा मोटरसाइकल खरिद गरिएको।

### ५.७.६ स्वास्थ्य सम्बन्धी तालिम

| सि.नं. | तालिम | एकाइ | बार्षिक परिमाणात्मक लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | सेवा प्रदायकहरुको लागि पिएमटिसिटी तालिम | जना | २० | २० | |
| २ | स्वास्थयकर्मीलाई एकद्वार संकट व्वस्थापन सम्बन्धी तालिम | जना | २४ | १२ | |
| ३ | स्वास्थ्यकर्मीलाई इम्प्लाट तालिम | जना | ८ | ८ | |
| ४ | चिकित्सक र नर्सिङ स्टाफलाई पाठेघरको मुखको क्यान्सर परीक्षण (PAP Smear) तथा Thermocoagulation तालिम | जना | ३० | ३६ | |
| ५ | आधारभूत आइ.यु.सी.डी. तालिम (नर्सिङ स्टाफ) | जना | १६ | १२ | |
| ६ | किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम | जना | १६ | १६ | |
| ७ | चिकित्सक र नर्सिङ स्टाफलाई पाठेघरको मुखको क्यान्सर परीक्षण तथा (VIA) तालिम ३ दिने | जना | १० | १० | |
| ८ | चिकित्सक, नर्स तथा अ.न.मी.लाई दक्ष प्रसुति सेवा तालिम | जना | १२ | १२ | |
| ९ | महिला स्वयंसेविकाको प्रशिक्षण प्रशिक्षक तालिम | जना | १६ | १३ | |
| १० | संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) तालिम | जना | १४ | १४ | |
| ११ | CTS तालिम | जना | १० | १० | |
| १२ | स्वास्थ्यकर्मीहरूलाई इम्प्लान्ट तालिम | व्याच | १ | १ | |
| १३ | स्वास्थ्यकर्मीहरूलाई Climate change and health impact | जना | १६ | १६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तालिम | | | | |
| १४ | ग्रामीण स्वास्थ्य आमा कार्यक्रमको प्रशिक्षक प्रशिक्षण (MTOT) तालिम | जना | २४ | २४ | |

**५.८ उद्योग, श्रम तथा रोजगार मन्त्रालय**

- उद्योग संगठन मोरङ, मोरङ व्यापार संगको संलग्नतामा कृषि तथा औद्योगिक प्रदशनी सम्पन्न भएको
- सृजनशिल समाज विराटनगर-७, महिला उद्यमशिलता तालिम संचालन
- नेपाल ग्रिन लिंक फाउण्डेसन ईटहरी, महिला उद्यमी हेण्डिक्राफ्ट तालिम तथा उत्पादन अनुदान प्रदान भएको
- उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र मातहतका घरेलु तथा साना उद्योग कार्यालयहरू मार्फत जम्मा ७९२ वटा उद्योगहरूको अनुगमन निरिक्षण गरिएको ।
- घरेलु तथा साना उद्योग कार्यालयहरू मार्फत विभिन्न जिल्लामा जम्मा १७७२ वटा व्यापारीक प्रतिष्ठानहरूको अनुगमन निरिक्षण गरी १४८ वटा व्यापारीक प्रतिष्ठानहरूलाई कारवाही समेत गरिएको ।
- मातहतका घरेलु तथा साना उद्योग कार्यालयबाट विभिन्न खालका २९८ तालिम संचालन गरी ५६११ जना व्यक्तिहरूलाई तालिम प्रदान गरेको साथै जम्मा ५०४ जनालाई उपयुक्त प्रविधि हस्तान्तरण समेत गरेको ।
- मातहतका सिप विकास तथा तालिम केन्द्रबाट जम्मा ७६८ जनालाई नियमित तालिम र ४५० जना व्यक्तिहरूलाई विशेष सीप विकास तालिम उपलब्ध गराई जम्मा १२१८ जनालाई दक्ष सीपयुक्त बनाईएको।

| उद्योग निरीक्षण/अनुगमन सम्बन्धी विवरण | | |
|---|---|---|
| क्र.सं. | विभाग/कार्यालय | उद्योगको संख्या |
| १ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १२६ |
| २ | घरेलु तथा साना उद्योग विकास कार्यालय, झापा | १०७ |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय, इलाम | ३ |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय, ताप्लेजुङ्ग | १०५ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय, पाँचथर | ४४ |
| ६ | घरेलु तथा साना उद्योग कार्यालय, तेह्रथुम | १७ |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय, संखुवासभा | ६७ |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय, धनकुटा | ४१ |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय, मोरङ | ६५ |
| १० | घरेलु तथा साना उद्योग कार्यालय, भोजपुर | ६० |
| ११ | घरेलु तथा साना उद्योग कार्यालय, सोलुखुम्बु | ४१ |
| १२ | घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गा | २९ |
| १३ | घरेलु तथा साना उद्योग कार्यालय, खोटाङ्ग | २५ |
| १४ | घरेलु तथा साना उद्योग कार्यालय, उदयपुर | २१ |
| १५ | घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी | ४१ |
| **जम्मा** | | **७९२** |

| बजार निरीक्षण/अनुगमन सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विभाग/कार्यालय | अनुगमन गरिएका व्यापारिक प्रतिष्ठानको सङ्ख्या | जरिवाना/कारबाही गरिएका व्यापारिक प्रतिष्ठानको सङ्ख्या | कैफियत |
| १ | घरेलु तथा साना उद्योग विकास कार्यालय, झापा | १०१ | १५ | |
| २ | घरेलु तथा साना उद्योग कार्यालय, इलाम | ५५ | ८ | |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय, ताप्लेजुङ्ग | २२६ | ८५ | |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय, पाँचथर | १४९ | ० | |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय, तेह्रथुम | १७८ | | २७७१५३/- मूल्य बराबरको सामान जफत गरी नष्ट गरिएको |
| ६ | घरेलु तथा साना उद्योग कार्यालय, संखुवासभा | १८४ | ९ | |
| ७ | घरेलु तथा साना उद्योग कार्यालय, धनकुटा | ५० | ११ | |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय, भोजपुर | १४३ | ० | |
| ९ | घरेलु तथा साना उद्योग कार्यालय, सोलुखुम्बु | ६० | ० | |
| १० | घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गा | १२१ | 0 | |
| ११ | घरेलु तथा साना उद्योग कार्यालय, खोटाङ्ग | ४०० | ० | ६८ वटा व्यवसायवाट अखाद्य सामान वरामद गरी नस्ट गरिएको |
| १२ | घरेलु तथा साना उद्योग कार्यालय, उदयपुर | ६ | **0** | |
| १३ | घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी | ९९ | २० | |
| **जम्मा** | | १७७२ | १४८ | |

## आ.व. २०७८/७९ मा घरेलु कार्यालयहरुबाट वार्षिक तालिम सञ्चालन सम्बन्धी विवरण

| क्र.सं. | तालिम तथा कार्यक्रमको नाम | तालिम संख्या | सहबागि संख्या |
|---|---|---|---|
| १ | उद्यमशिलता विकास तालिम | ६५ | १३५३ |
| २ | भिन्न क्षमता भएका व्यक्तिहरुको शिप विकास तालिम | ७ | ८५ |
| ३ | भगत सर्वजित शिप विकास तालिम | ९ | १२८ |
| ४ | उद्यमी विकाश तथा रोजगार कार्यक्रम | २५ | ३९९ |
| ५ | युवा उद्यमशिलता तथा औद्योगिक जनशक्ति विकाश तालिम कार्यक्रम | ४५ | ६५२ |
| ६ | एक जिल्ला एक उत्पादन कार्यक्रम | २२ | ४३८ |

| | | | |
|---|---|---|---|
| ७ | उपयुक्त प्रविधि हस्तान्तरण | | ५०४ |
| ८ | उद्यमी सृजना तथा रोजगार कार्यक्रम | ३४ | ५४६ |
| ९ | उद्योग प्रवर्द्धन कार्यक्रम | २२ | ४०९ |
| १० | सिप विकाश तालिम | ६ | ८७ |
| ११ | स्थापन्न उद्यमिहरुको लागी स्तरोन्नती कार्यक्रम | २५ | ३५१ |
| १२ | होमस्टे संचालन तथा अभिमुखिकरण तालिम | ४ | १०० |
| १३ | कोभिड १९ बाट प्रभावित समुदायका लागी सिपविकाश तालिम | १२ | २१४ |
| १४ | परम्परागत उद्यम प्रवर्द्धन कार्यक्रम | ११ | १४२ |
| १५ | ढाखा जोन स्थापना संचालन कार्यक्रम | २ | २० |
| १६ | कुक तालिम | ४ | ९६ |
| १७ | हाउस वायरिङ | २ | ३७ |
| १८ | सिलाइ कटाइ | १ | १० |
| १९ | बाँसको फर्निचर बनाउने तालिम | १ | १६ |
| २० | अचार बनाउने तालिम | १ | १४ |
| **जम्मा** | | **२९८** | **५६११** |

**सिपविकाश तालिम केन्द्रहरुबाट संचालित तालिम सम्बन्धी विवरण**

| क्र.सं. | तालिम तथा कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | वार्षिक प्रगती |
|---|---|---|---|---|
| | | | परिमाण | परिमाण |
| | **नियमित तालिम** | | | |
| १ | अधारभुत कम्प्युटर | जना | १२० | १३१ |
| २ | कटाइ सिलाई | जना | ८५ | ८५ |
| ३ | सिकर्मी | जना | ४५ | ४५ |
| ४ | बिद्युत जडान | जना | १०५ | १०६ |
| ५ | विद्युत जडान अपग्रेडिङ | जना | २० | २० |
| ६ | मोवाइल मर्मत | जना | ७० | ७० |
| ७ | मोवाइल मर्मत अपग्रेडिङ | जना | २० | २० |
| ८ | केश श्रृंगार | जना | १०५ | १०७ |
| ९ | ढाका बुनाइ | जना | ३० | ३० |
| १० | ढाका बुनाइ अपग्रेडिङ | जना | २० | २३ |
| ११ | पल्मबिङ्ग | जना | ६० | ६१ |
| १२ | मोटरसाइकजल मर्मत | जना | ४० | १७ |
| १३ | कटाइ सिलाई अपग्रेडिङ | जना | ५० | ५३ |
| **जम्मा** | | | **७७०** | **७६८** |
| | **विशेष सीप विकास तालिम** | | | |
| १ | सेक्युरीटी गार्ड | जना | ९० | ९० |

| | | | | |
|---|---|---|---|---|
| २ | कम्प्युटर डिप्लोमा | जना | ४० | ४० |
| ३ | मौरी पालन | जना | २० | २० |
| ४ | बंगुर पालन | जना | २० | २० |
| ५ | बाख्रा पालन | जना | २० | २० |
| ६ | च्याउ खेती | जना | ४० | ४० |
| ७ | डल बनाउने | जना | ७० | ७० |
| ८ | छापाखाना तालिम | जना | २० | २० |
| ९ | वेटर/वैट्रेस | जना | ४० | ४० |
| १० | अचार बनाउने | जना | २० | २० |
| ११ | स्काफोल्डिङ | जना | ५० | ५० |
| १२ | मुडा बनाउने | जना | २० | २० |
| **जम्मा** | | | **४५०** | **४५०** |
| **कुल जम्मा(नियमित तालिम + विशेष सीप विकास तालिम)** | | | **१२२०** | **१२१८** |

## ५.९ कृषि मन्त्रालय

### ५.९.१ कृषि मन्त्रालय, विराटनगर अन्तर्गतका कार्यक्रमहरू-

- **प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रम**

कृषि विकास बैंक सँग गत आ.व.२०७८/७९ मा संझौता भएको र कोभिड १९ का कारण विदेशवाट फर्केका ७९५ युवाहरुलाई छनौट गरि त्यसमध्ये ३५० जनालाई स्थलगत व्यवहारीक (बाख्रा, वंगुर, गाई/भैंसि, कुखुरा, तरकारी, च्याउ खेति) सम्वन्धि तालिम दिने कार्य सम्पन्न भएको।

- **कस्टम ह्यारिङ्ग सेन्टर स्थापना**

मोरङको कटहरी ,सुनसरीको बर्जु र झापामा कन्काई सिचाई आयोजनामा गरि ३ वटा कस्टम ह्यारिङ्ग सेन्टर स्थापना भएको। यी केन्द्रहरुवाट किसानहरुलाई आवश्यक पर्ने कम्वाइन हार्वेस्टर-२, ट्याक्टर-३, खाद्यान्न सुकाउने मोवाइल ड्रायर-१, ड्रोन-१,मिनि टीलर लगायत अन्य Attachments खरिदमा सहयोग गरिएको। यसवाट यन्त्र तथा उपकरणहरु सहुलियत भाडा दरमा उपलब्ध हुनेछन र विभिन्न वालीको उत्पादन लागतमा कम हुनेछ ।

- **कृषि वस्तु उत्पादन तथा प्रशोधन पुर्वाधार निर्माण सहयोग**

८ जना नव प्रवर्तन उद्यमिलाई मासु / दुध / मसला प्रशोधन तथा बजारीकरणका लागि यन्त्र उपकरणमा सहयोग गरीएको। यस कार्यक्रमवाट १८ जना कृषक प्रत्यक्ष लाभान्वित हुने साथै आगामि आ.व. मा ५० जनालाई रोजगारी सृजना हुने अपेक्षा गरिएको।

- **वाली तथा मत्स्य, पशुवस्तु ढुवानीका लागि उद्यमी तथा सहकारीहरुलाई ढुवानी साधन खरीदमा सहयोग**

यस कार्यक्रमवाट अधिकतम रु १० लाखका दरले २५ जना किसान/फर्म/सहकारी/उद्यमि छनोट गरि ढुवानी साधन खरीद गर्न सहयोग गरिएको। जसवाट आगामि दिन दैनिक ५० मे.टन कृषि उपज वस्तु ढुवानि गर्न सहज हुने छ।

- **प्राङ्गारीक मलमा अनुदान**

प्राङ्गारीक मल खरीद गर्ने किसानहरुलाई प्रति किलो ५ रुपैयाका दरले प्रोत्साहान गरी करीव ४२८ मे.टन प्राङ्गारीक मल सहुलियतमा उपलब्ध गराईएको छ।

- **आकस्मिक रोग आउटब्रेक, पशुपंक्षी उपचार सहयोग तथा रोग नियन्त्रण सहयोग**

मोरङ्ग, सुनसरी र उदयपुरमा विभिन्न मिति मा १५ पटक वर्ड फ्लुको प्रकोप देखिएको र त्यस स्थानमा नियन्त्रण कार्य सम्पन्न गरिएको। त्यसैगरि धरान उ.न.पा. मा आउटब्रेक भएको Classical Swine Fever र African Swine Fever रोग नियन्त्रण गरिएको। वर्ड फ्लुवाट करिब १० करोड बराबर र स्वाईन फिभरवाट करिव ७ करोड बरावर क्षति भएको छ ।

- **हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा प्रबर्द्धन कार्यक्रम**

कार्यक्रम संचालन भएका ३ वटा दुध सम्बन्धी कुनै कारोवार नभएका सहकारीमा आवद्ध सदस्यहरु करिब ६०० कृषकहरु प्रत्यक्ष लाभान्वित भई दैनिक ५ हजार लिटर दुध संकलन गरी बजारीकरण गरेको।

३८ वटा साना तथा मझौला डेरी ब्यवसाय सुधारका लागि यन्त्र उपकरण खरीदमा २ करोड ५१ लाख सहयोग उपलब्ध गराई दुध प्रसोधनमा सहायता पुग्नेछ ।

५.९.२ <u>कृषि विकास निर्देशनालय र मातहतका निकाय अन्तर्गतका कार्यक्रमहरू-</u>

- **संघन वाली विकास आयोजना धान), मकै गहुँ)**

१२० हेक्टरमा सिचाई, उन्नत जातको बीउ प्रयोग तथा यन्त्र उपकरणमा सहयोग गरीएको। उत्पादन लागतमा कमि आउने, उत्पादन वृद्धि हुने र बाली सघनता ५० प्रतिशत बढ्ने।

- **हाईब्रिड मकै खेती विस्तार आयोजना)** (Area based cash incentives) **क्षेत्र विस्तार**

६७० हेक्टरमा मकै खेति क्षेत्र विस्तार गरी प्रोत्साहन उपलव्ध गराएइको र बीउ प्रतिस्थापन दर बढ्ने र उत्पादकत्व वृद्धि हुने।

- **रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम**

४० स्थान कार्यक्रम संचालन भइ रैथाने बाली बजारीकरणका लागि थ्रेसर, पिठो बनाउने मेशिन र प्याकेजिङ बोरा वितरण भएको। मुल्य श्रृंखलामा सहयोग भई रैथाने बालि प्रवर्द्धनमा सहयोग पुगेको।

- **महिला ,दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम**

९० जना महिला दलित विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई टनेल निर्माण, सिचाई पाइप, टनेल बिस्तार, हजारी, स्प्रेयर, कृषि औजार, बिउ, बिषादी, सिचाई ड्रम, इनसेक्ट नेट, मल्चिङ, थोपा सिचाई सेट जडान गर्न सहयोग गरिएको जसवाट किसान स्वरोजगार भएको।

- **बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यमका विकासका लागि प्रस्तावनामा आधारित कृषि कार्यक्रम**

फलामे ट्रस भएको ३ वटा प्लाष्टिक टनेल र ५ वटा जि.आइ. को नेचुरिल्ली भेन्टीलेटेड ग्रिनहाउस निर्माण, ६१६ वर्ग फिट को च्याउको व्यवस्थित २ वटा टहरा निर्माण, ५ कट्ठा क्षेत्रफलमा ड्रागन फल खेति विस्तार समेत गरी १० जना कृषि पढेका बेरोजगार युवाले आफ्नै फार्ममा नर्सरी, तरकारी खेति तथा फलफूल खेतीबाट आम्दानी गरेर स्वःरोजगार बन्ने। नविनतम प्रविधिको प्रयोगले छिमेकका कृषकहरु माझ नयाँ प्रविधितर्फ आकर्षण बढ्ने।

- **मौरी पालन तथा च्याउ श्रोत केन्द्र विकास कार्यक्रम**

१ वटा श्रोत केन्द्र वाट २००० के.जी. मह उत्पादन/माग वमोजिम मौरी घार तथा गोला उत्पादन हुनेछ।साथै गुणस्तरीय मह र मौरीजन्य उत्पादन जस्तै मौरी गोला, मैन, आधारचाकाहरु उत्पादन हुनेछ।मौरी सँग सम्वन्धित विषयमा (घार निर्माण, मौरी व्यवस्थापन) तालिम प्रदान गरि मौरी पालक कृषकहरुले प्रत्यक्ष लाभ लिन सक्नेछन।

- **बीउ विजन आत्मनिर्भर कार्यक्रम**

१७ स्थानमा कार्यक्रम सञ्चालन भएको जसवाट १५० मे.टन खाद्यान्नको गुणस्तरीय वीउ थप हुने।

- **चक्लावन्दी खेती कार्यक्रम**

१ वटा समुहमा ३५ जना कृषक लाभावान्वित भइ ३० हेक्टर जमिनमा गह्रा सुधार र कम्तिमा ३ कट्ठाको चक्ला निर्माण भएको, १२ वटा वोरिङ्ग जडान गरी बाह्रै महिना सिंचाई सुविधा हुने, गह्रा सुधार र जग्गा सम्याउनाले ठुला मेशिनरी औजार प्रयोग गर्न सहज हुने ।

- **नमुना कृषि फार्म स्थापना सहयोग**

नमुना कृषि फार्म स्थापना सहयोगः ७५ वटा नमुना कृषि फार्महरु स्थापना भएका, ति फार्महरुमा बिभिन्न आकारका प्लाष्टिक हाउस निर्माण भएका, किबिको स्थाई माच निर्माण भएको, थोपा सिँचाई प्रणालि जडान गरी प्रयोगमा आएको, कृषि औजार उपकरण प्रयोग भएको, भर्मि कम्पोष्ट पिट निर्माण भएको, ७५ वटा फार्महरु वरपरका कृषकहरुको लागी सिकाई केन्द्रको रुपमा बिकास हुने साथै सम्बन्धित कृषकको आम्दानीमा बृद्धि हुने ।

- **कृषि बजार तथा संकलन केन्द्र निर्माण सहकारी, सरकारी साझेदारीमा**

१६ स्थानमा कृषि उपज संकलन गरी वजार पहुँचमा सहयोग पुग्ने।

- **अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम**

२० मेटन अलैची प्रशोधन भई गुणस्तरीय अलैची उत्पादन हुने र किसानले उचित मूल्य पाउने।

- **कृषि यान्त्रीकरणका लागि औजार उपकरण प्रयोग प्रवर्द्धन कार्यक्रम**

प्याडि ह्विल ३० वटा, मिनि टिलर २७० वटा र ब्रस कटर ५ वटा वितरण, र १ वटा थ्रेसर वितरण भएको

- **युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम**

३६९ जना युवाले तरकारी, मह तथा च्याउको व्यवसायिक उत्पादन गरि स्वरोजगार भएको र तरकारी मह र च्याउको उत्पादन बढ्ने।

- **एक पालिका एक नर्सरी स्थापना सहयोग**

४५ वटा स्थानिय तहमा फलफुल तथा तरकारीको ४.५ लाख गुणस्तर बिरुवाको उत्पादन भइ स्थानीय स्तरमा माग अनुसार विरुवा उपलब्ध हुने

- **सुन्तलाजात बगैंचा व्यवस्थापन एवम् सुदृढिकरण कार्यक्रमः**

६४ वटा पुरानो तथा रोगग्रस्त सुन्तलाजात बगैंचाको लागि औजार उपकरण तथा रोग निदानको लागि प्राविधिक सेवा तथा रसायन प्रदान भएको र आगामी वर्ष ६००० मे. टन सुन्तला उत्पादनमा वृद्धि हुने।

- Digital Mini Soil Lab **स्थापनाः**

स्थानीय स्तरमै छिटो तरिकाबाट माटोको धेरै विधा (११-१२ Parameters) मा माटो परिक्षण गर्न १० वटा कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको छ।

- **विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालमः**

४७ स्थानमा १२०० कृषकहरुको बालीनालीमा लाग्ने रोग किरा लगायतका समस्याहरु पहिचानमा सहयोग मिलेको र समाधान समेत भएको ।

- **कागती खेती मिसन कार्यक्रमः**

  ६७ वटा स्थान कार्यक्रम सञ्चालन भइ ४५ हे. क्षेत्रफलमा कागती खेती विस्तार भएको र आगामी ४ वर्ष पछि ४५० मे.टन उत्पादन थप हुने।

- **किवी खेती प्रवर्द्धन कार्यक्रमः**

२७ स्थान कार्यक्रम सञ्चालन भएको र १३ हे. क्षेत्रफलमा व्यवस्थित किवि खेती विस्तार भएको र आगामी ४ वर्ष पछि १०० मे.टन उत्पादन थप हुने।

- **चैते धान बिशेष सहयोग कार्यक्रम**

  ९७ हेक्टरमा चैते धानको क्षेत्र विस्तार गरि प्रोत्साहन उपलव्ध गराएको र उत्पादन ५०० मे.टन ।

- **व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग**

  ७१ वटा वगैचामा कुल १८ हेक्टर क्षेत्रफलमा फलफूल बगैंचा स्थापना भएको र ५ वर्ष पछाडी १५० मे.टन फलफुल उत्पादन थप हुने।

- **कफि खेती विस्तार कार्यक्रम**

  १५ स्थान कार्यक्रम सञ्चालन भइ ७.५ हेक्टरमा कफी खेती विस्तार गरिएको र आगामि ३ वर्षमा ६ मे.टन कफि उत्पादन हुने।

- **मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम**

  उच्च र मध्य पहाडमा १६७५ हेक्टरमा कार्यक्रम सञ्चालन भएको र कृषियन्त्र उपकरण प्रवर्द्धन, कम्बाइन मिलको उन्नत वीउको प्रयोगले लागत न्यूनीकरण र समयको वचत भएको।। प्रति हेक्टर १मे. टनका दरले उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको।

- **बाली विशेष भण्डार गृह, Mini Cold Store, कोल्ड चेम्बर निर्माणमा सहयोग**

  ५ वटा **Mini Cold Store**, कोल्ड चेम्बर निर्माण भइ २५ मे. टन तरकारी तथा फलफुल भण्डारण गरि बेमौसममा विक्रि गरि कृषकको आम्दानी को बढ्ने।

- **प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम**

  २६३ वटा कार्यक्रमवाट भकारो सुधार साथै भर्मीकम्पोष्ट पिट निर्माण भएर कम्पोष्ट मलको प्रभावकारी रुपमा प्रयोग हुने र गहुत वालि संरक्षणको रुपमा प्रयोग गर्न सकिने साथै रासायनिक बिषादी, रासायनिक मल न्यून प्रयोग हुने। १००० मे.टन गुणस्तरीय कम्पोष्ट मल उत्पादन हुने। प्राङ्गारीक प्रमाणीकरणका लागि पीजीएस तालिमको शुरुवात गरिएको।


५.९.३ <u>पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय र मातहतका निकाय अन्तर्गतका कार्यक्रमहरू-</u>

- **यूवा लक्षित पशु विकास कार्यक्रम**

  वैदेशिक रोजगारिवाट फर्केका तथा स्देशमा वेरोजगार रहेका ११४ यूवा जनशक्तीलाई स्वदेशमानै रोजगारिको अवसर सृजना गर्ने गरि बाख्रापालन/गाईभैसी पालन/वंगुर पालन/डेरि प्रवर्द्धन आदी जस्ता कार्यक्रम का माध्यमवाट उत्पादन मूलक कार्यमा लगाई रोजगारी सृजना गरिएको ।

- **कृत्रिम गर्भाधान कार्यक्रम**

  कृत्रिम गर्भाधानका माध्यमवाट पशुहरुमा नश्ल सुधारगरि उत्पादनवृद्धि गर्ने उद्धश्यले गाईमा-४१३९२ भैसीमा १०५१० र बाखामा ११५८ गरि कूल ५३०६० संख्यामा कृ.ग. गरिएको र भविष्यमा दूध र मासुमा क्रमस ३३ मे.टन दूध र थप ५ टन मासु उत्पादन हुने अपेक्षा राखिएको ।




- **गाईको श्रोत केन्द्र स्थापना**

  धनकुटा जिल्लाको छथर जोरपाटी गा.पा.अन्तरगत सिधुवामा गत आ.व.मा सहकारी संस्था मार्फत ५० जना कृषकवाट शुरु गरिएको गाईको श्रोत केन्द्र स्थापनामा यस वर्ष होलष्टिन र जर्सि जातका ५० वटा कोरली वाछी वितरण, ८८५ थान होलष्टिन जातको गाईको सिमेन क्यानाडावाट ल्याई गाईमा प्रजनन् गरिएको भने

४० थान च्यापकटर समेत वितरण गरिएको छ । यस कार्यक्रमवाट ३००० लि/दिन दुध उत्पादन भई बजारिकरण हुने गरेको ।

- **रेसवे निर्माण अनुदान कार्यक्रम**

  यस प्रदेश अन्तर्गतका सोलुखूम्वू, ओखलढुङ्गा, संखुवासभा,ताप्लेजुङ्ग र पाँचथरमा रेन्वोट्राउट जातका माछा पालन गर्न १८७९ वर्ग मीटर क्षेत्रफलमा विस्तार गर्न रु १७४३६३२० रकम सहयोग गरिएको जसवाट वार्षिक २५ टन माछा उत्पादन हुनेछ ।

- **अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षाका लागि ग्रामिण कुखरा प्रवर्द्धन कार्यक्रम**

  पिछडिएको विपन्न वर्ग,दलित,जनजाति वा महिलालाई विशेष प्राथमिकता दिई कुखुराको खोर निर्माण, चल्ला खरिद तथा वितरण, दाना खरिद, फिडर/ड्रिन्कर खरिद, तालिम संचालन कार्यक्रम गरिएको ।८ स्थानमा कार्यक्रम संचालन गर्दा प्रति कार्यक्रम कम्तिमा १० जना कृषकका दरले ८० जना प्रत्यक्ष लाभान्वित हुन गएका छन भने अप्रत्यक्ष रुपमा रुपमा ४०० जना लाभान्वित भएका छन।यस कार्यक्रमका माध्यमवाट उल्लेखित उल्लेखत वर्ग र समुदायका पशुजन्य प्रोटिनको आपूर्ति हुन गै कुपोषण न्यूनिकरण गर्न सहयोग पुग्नेछ।

- **बाखाको श्रोत केन्द्र स्थापना**

  मोरङ्ग जिल्लाको लेटाङ्ग न.पा.मा गत आ.व.मा सहकारी संस्था मार्फत ५० जना कृषकवाट शुरु गरिएको बाखाको श्रोत केन्द्र स्थापना मा यस वर्ष वोयर क्रस जातका वोका १० र पाठी ३१ वितरण गरिएको भने ३ थान वर्डिजोक्यासट्रेटर एवम् बाखा संकलन केन्द्र निर्माण समेत भएको यस केन्द्रवाट वार्षिक ३००० वाखा उत्पादन हुने छ ।

- **बाखा वृहत्तर पकेट प्याकेज कार्यक्रम**

  १२ स्थानमा यस कार्यक्रमका माध्यामवाट कम्तिमा ५० जना कृषकका दरले कम्तिमा ६०० जना प्रत्यक्ष लाभान्वित हुन गएका छन भने अप्रतक्ष रुपमा रुपमा २४०० जना लाभान्वित भएका छन भने यस कार्यक्रमका माध्यामवाट बार्षिक करिव २४०० खसिवोका विक्रिहुने र करिव ७२ मे.टन मासु प्रसहुने अपेक्षा राखिएको छ।

- **कृषि/पशु सहकारी संस्थाहरुको सहकार्यमा व्यवसायीक पशुपालन कार्यक्रमः**

  प्रदेशका सुनसरी, मोरङ, धनकुटा, झापा, ओखलढुङ्गा लगायतका जिल्लाहरुमा १० सहकारीहरु मार्फत व्यवसायिक पशुपालनलाई सहयोग गरियो। यस कार्यक्रम अन्तर्गत कृषकहरुलाई गोठ निर्माण/सुधार-२७३ वटा, च्यापकटर खरीद - २२७, मिल्क एनलाईजर-३, काउ म्याट-३९, एलमुनियम क्यान खरिद तथा वितरण - २६५ वटा, उन्नत जातको घाँसको विउ बेर्ना वितरण, औषधी वितरण, आदीमा सहयोग गरियो।यस कार्यक्रमबाट गोठको आधुनिकीकरण, पशु आहारामा सुधार साथै असल पशु सेवा अभ्यासबाट पशु र पशुजन्य पदार्थको उत्पादनमा बृद्धि भई रोजगारी सृजना हुने।

- **बंगुर विकास कार्यक्रम**

  सुनसरी, मोरङ, धनकुटा, तेह्रथुम, पाँचथर र ताप्लेजुङमा गरि ६ स्थानमा समुह/सहकारी मार्फत कार्यक्रम संचालन गरीयो। यस कार्यक्रममा बंगुर पालन गर्ने कृषकलाई खोर निर्माण/सुधार – ७९ वटा, बिर खरीद -९ वटा, पेलेट दाना बनाउने मेसिन – १ वटा, जैविक सुरक्षा जस्ता विभिन्न क्रियाकलापमा सहयोग गरियो।साथै, उक्त स्थानमा व्यवसायिक बंगुर पालन सम्बन्धि ६ वटा तालिम संचालन गरीयो। यस कार्यक्रमबाट बंगुर पालनमा सुधार भई पाठा/पाठी तथा मासु उत्पादनमा बृद्धि हुने।

- **पशुपन्छी उपचार सेवाः**

पशुपन्छी उपचार सेवाः प्रदेश नं.१ अन्तरगतका ८ वटा विज्ञ केन्द्र र ६ वटा सम्पर्क केन्द्रवाट तथा निजी पाराभेटहरुवाट २३८१७४ पशुपन्छीमा लागेका विभिन्न रोगहरुको उपचार सेवा दिइएको ।

| | | |
|---|---|---|
| उपचारको विवरण | सरकारी | १८७३९१ |
| | निजी | ५०७८३ |
| कुल जम्मा | | २३८१७४ |

- **पशुपन्छी रोग निदान सेवाः**

प्रदेश नं.१ अन्तरगतका ८ वटा विज्ञकेन्द्र र ६ वटा सम्पर्क केन्द्रवाट तथा निजी पाराभेटहरुवाट पशुपन्छीमा लागेका वा सम्भाव्य विभिन्न रोगहरुको रोग एकिन गर्न कुल ४८७३७ नमूनाहरु (रगत,दिसा,पिसाव,र्‍याल,छाला, दूध) प्रयोगशालामा परिक्षण गरिएको ।

| | | |
|---|---|---|
| प्रयोगशाला विवरण | सरकारी | २५७३८ |
| | निजी | २२९९९ |
| कुल जम्मा | | ४८७३७ |

- **FMD, PPR, Ranikhet, H.S./ B.Q. Swine Fever रोग नियन्त्रण**

१४ जिल्लाका कुल २१४२५८९पशुपन्छीहरुलाई उल्लेखित रोगहरुको प्रतिरोधात्मक क्षमताको विकास हुन गै रोग नलागोस भन्नका लागि विज्ञकेन्द्रको समन्वयमा स्थानिय तहहरुका पशु सेवाका प्राविधिकहरु/निजीपाराभेटद्वारा प्रभावकारी रुपमा भ्याक्सिन लगाउने कार्य भएको।

| भ्याक्सिनेसन | डोज संख्या |
|---|---|
| **H.S. / B.Q.** | ४०९०० |
| **F.M.D.** | ५६४६८० |
| **Rabies** | ११६४१ |
| **Swine Fever** | १९६४२० |
| **PPR** | ९४८४८९ |
| **Ranikhet** | २३८१९४ |
| **Fowl Pox** | ११७७३ |
| **Gambaro** | १३०४९२ |
| **जम्मा** | **२१४२५८९** |

## ५.९.४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (ब्लक विकास कार्यक्रम)

### कृषि विकास तर्फ

| क्र.स. | जिल्ला | आ.व. २०७७/७८ मा संचालन भएका पुरानो ब्लकको निरन्तरता | आ.व. २०७८/७९ मा संचालन गरिने नँया ब्लकको बाँडफाँड | जम्मा |
|---|---|---|---|---|
| १ | झापा | धान-२, मकै-१, च्याउ-२, तरकारी-१, तोरी-१ | धान-१, मकै-१, केरा-१ | १० |
| २ | सुनसरी | धान-१, मकै-१ , च्याउ-१ , मौरी-१ | | ४ |
| ३ | मोरङ्ग | धान-३, मकै-१ , केरा-१, अदुवा / बेसार-१ | धान-२, मकै-२, तरकारी- १, तोरी-१ | १२ |
| ४ | उदयपुर | मकै-१, च्याउ-२, अदुवा / बेसार-१ | धान-२, मकै-१, केरा-१, आलु-१ | ९ |
| ५ | ईलाम | तरकारी-१ , किवि-१, अलैंचि-१ | तरकारी- २ , अदुवा/ बेसार-१, अलैंचि-१ | ७ |

| क्र.स. | जिल्ला | आ.व. २०७७/७८ मा संचालन भएका पुरानो ब्लकको निरन्तरता | आ.व. २०७८/७९ मा संचालन गरिने नँया ब्लकको बाँडफाँड | जम्मा |
|---|---|---|---|---|
| ६ | पाँचथर | अदुवा / बेसार-१, कफि-१ | तरकारी- १, अदुवा/ बेसार-१, अलैंचि-१ | ५ |
| ७ | ताप्लेजुङ्ग | अलैंचि-१, कफि-१ | अलैंचि-३ | ५ |
| ८ | धनकुटा | मकै-१, तरकारी-४ , आलु-१ | धान-१, मकै-१, सुन्तला जात-१ | ९ |
| ९ | तेहथुम | तरकारी-२, किवि-१, आलु-१ | मकै-१ | ५ |
| १० | भोजपुर | धान-१, तरकारी-१, किवी-१, आलु-१, एभोकार्डो-१, सुन्तला जात-१ | धान-१, तरकारी- २ | ९ |
| ११ | खोटाङ्ग | तरकारी-१, मौरी-१, सुन्तला जात-१ | तरकारी- १, आलु-१,सुन्तला जात-१ | ६ |
| १२ | ओखलढुगां | तरकारी-१, आलु-२, आँप-१ | मकै-१, आलु-१, सुन्तला जात-१ | ७ |
| १३ | संखुवासभा | अलैंची २,सुन्तला जात-२ | तरकारी- २ | ६ |
| १४ | सोलुखुम्बु | आलु-३, चिया-१ | आलु-१, स्याउ/ ओखर-२ | ७ |
| **जम्मा** | | | | **९८** |

**पशुपन्छी तथा मत्स्य विकास तर्फ**

| क्र.स. | जिल्ला | आ.व. २०७७/७८ मा संचालन भएका पुरानो ब्लकको निरन्तरता | आ.व. २०७८/७९ मा संचालन गरिने नँया ब्लकको बाँडफाँड | जम्मा |
|---|---|---|---|---|
| १ | मोरङ्ग | वंगुर -१, बाखा -१, गाई - १, माछा -२ | बाखा -१, गाई - १ | ७ |
| २ | सुनसरी | बाखा -१, भैसी -१ | बाखा -१, भैसी -१ | ४ |
| ३ | झापा | गाई - १,माछा –१, बाखा -१ | गाई - १,माछा –१, बाखा -१ | ६ |
| ४ | ईलाम | गाई - १ | बाखा -१, गाई – १, ट्राउट माछा-१ | ४ |
| ५ | पाँचथर | बाखा -१ | बाखा -१, वंगुर -१ | ३ |
| ६ | ताप्लेजुङ्ग | बाखा –१ | बाखा -१, वंगुर -२ | ४ |
| ७ | संखुवासभा | वंगुर -१, बाखा -१ | बाखा -१, वंगुर -१ | ४ |
| ८ | भोजपुर | वंगुर –१, बाखा -१ | वंगुर -१, बाखा -१ | ४ |
| ९ | धनकुटा | बाखा –१, वंगुर -१ | बाखा –२ | ४ |
| १० | तेहथुम | बाखा –१ | बाखा -२, ट्राउट माछा-१ | ४ |
| ११ | उदयपुर | बाखा -१, गाई-१, वंगुर -१ | बाखा -१, भैसी -१, वंगुर -१ | ६ |
| १२ | खोटाङ्ग | | बाखा -१, ट्राउट माछा-१ | २ |
| १३ | ओखलढुगां | वंगुर -१ | वंगुर -१ | २ |
| १४ | सोलुखुम्बु | बाखा -१ | बाखा -१, वंगुर -१ | ३ |
| **जम्मा** | | | | **५७** |

### ५.९.५ नेपाल सरकार विशेष अनुदान

- **विशिष्टिकृत सहकारी संघ मार्फत धुलो दुध कारखाना स्थापनाः**

३५ वटा सहकारीहरु संलग्न सगरमाथा विशिष्टिकृत सहकारी संघ मार्फत धुलो दुग्ध कारखाना स्थापनाका लागि आ.व. २०७७/०७८ मा संझौता भइ आ.व. २०७८/७९ मा कार्यक्रम सम्पन्न भएको छ। आगामी दिनमा प्रति दिन ६ मे. टन धुलो दुग्ध उत्पादन हुने अनुमान गरिएको छ।यसवाट प्रदेशमा मिल्क होलिडेको समस्या समाधान हुनेछ।

- **दुध उत्पादन, प्रशोधन, पूर्वाधार निर्माण कार्यक्रमः**

विराटनगर – १४, मोरङमा संचालित सुर्योदय मिल्क एण्ड वेभरेज इण्डस्ट्रि प्रा.लि.लाई धुलो दुध उत्पादनका लागि यन्त्र उपकरण खरिदमा सहयोग गरिएको।

- **व्यवसायिक गाई फार्महरुका लागि गाईको सेक्सड सिमेन खरीद तथा वितरणः**

अमेरिकावाट उन्नत नश्लका ६७६६ सेक्सड सिमेन (जर्सी र होलस्टेन जात) आयात गरिएको छ। जसवाट आगामी वर्षमा २५०० उन्नत नश्लका वाच्छी उत्पादन हुने अनुमान गरिएको छ।

- **साईलेज प्रयोजनका लागि च्यापकटर खरीदमा सहयोगः**

१६ वटा फर्म/समुह/सहकारी छनोट गरी ४३ थान च्यापकटर र ट्याक्टर माउण्टेड च्यापकटर-१ खरिदमा सहयोग गरिएको ।

**५.९.६ स्थानिय तहहरुलाई सशर्त वित्तिय हस्तान्तरण**

| कार्यक्रमको नाम | कार्यक्रमको संख्या | रकम रु हजारमा |
|---|---|---|
| कृषि बजार निर्माण | ५१ | १२८००० |
| पशु हाटवजार तथा बद्दशाला निर्माण | ७ | २२५०० |
| कोल्ड स्टोर निर्माण | ८ | ८१००० |
| सिंचाई विस्तार कार्यक्रम | ५ | ११६०० |
| एभोकाडो खेती प्रवर्द्धन | १ | ८५०० |
| कफिका लागि हाईटेक नर्सरी तथा प्रशोधन केन्द्र स्थापना | १ | १०००० |
| चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र निर्माण निरन्तरता | १ | ६०००० |
| प्राङ्गारीक मल उत्पादन पुर्वाधार र धान रोप्ने मेसिन खरिद | १ | ४००० |
| कृषि प्राविधिक शिक्षालयमा हाईटेक नर्सरी निर्माण | १ | १००० |
| अन्य | १ | ५०० |
| **कुल जम्मा** | **७७** | **३२७१००** |

आ.व. २०७८/७९ मा कृषि मन्त्रालयले सशर्त अनुदानको रुपमा स्थानिय तहहरुलाई कुल रकम रु. ३२ करोड ७१ लाख वित्तिय हस्तान्तरण गरेको थियो।

**<u>५.९.६ स्थानीय तहसँग समन्वय स्थापित गर्न भएका प्रयासहरु</u>**

- जिल्ला समन्वय समितिका प्रमुख तथा स्थानीय तह प्रमुखहरु सँग कार्यक्रम सञ्चालनका विषयमा नियमित समन्वय र सर-सल्लाह गर्ने गरिएको।
- स्थानीय तह कृषि शाखा/पशुपंक्षी विकास शाखा र जिल्ला स्थित कृषि ज्ञान केन्द्र/पशु सेवा विज्ञ केन्द्रवीच द्वैमासिक समन्वय बैठक संचालन।
- निर्देशनालय तथा कृषि ज्ञान केन्द्र मार्फत संचालन हुने/भएका कार्यक्रमहरुको भेरिफिकेशनमा सहभागिता, सम्झौतामा स्थानिय तहको सिफारिस माग गर्ने गरिएको।
- वालीनाली र पशुपंक्षी रोग किरा सम्बन्धी आकस्मिक प्रकोपहरुमा नियन्त्रणका लागि सहयोग/सहभागिता।
- सहकारी संस्थाहरुको अनुगमन तथा नियमनको कामलाई संघन रुपमा संचालन गरिएको ।

**<u>५.९.७सुशासनका लागि भएका प्रयासहरु</u>**

- वार्षिक कार्यक्रमहरुको सार्वजनिकिरण गर्ने गरिएको।
- प्रदेश सभा सदस्य, स्थानीय तहका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधि तथा सरोकारवालाहरु संग छलफल गर्ने गरिएको।
- सूचना अधिकारी तोकिएको/उजुरी पेटिका राखिएको/खरिद इकाइ गठन भएको ।

- नियमित स्टाफ बैठक बस्ने गरिएको ।
- सेवाग्राही विवरण वेभसाईट मार्फत सार्वजिनिकिरण गरिएको/अनुदान ग्राही छनौट गरेको ७ दिने सुचना सार्वजनिकीकरण गरी कुनै गुनासो/उजुरी नपरेमा मात्र संझौता गर्ने गरिएको छ ।

## ५.१० पर्यटन तथा संस्कृती मन्त्रालय

### ५.१०.१ पर्यटन तथा संस्कृती मन्त्रालय अन्तर्गतको कार्यक्रम-

भाषा, कला, संस्कृति तथा पुरातत्व संरक्षण एवं पुस्तकालय विकास कार्यक्रम

- किँरात सभ्यता र संस्कृतिको विषयमा खोज तथा अनुसन्धान कार्य सम्पन्न
- प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन तर्जुमा सम्पन्न
- भाषा,साहित्य,कला र संस्कृतिको क्षेत्रमा कार्यरत श्रष्टाहरुको सम्मान गरिएको
- भाषा संरक्षण कार्यक्रम (नेवार,लेप्चा,दनुवार र किँरात राई चाम्लिङ,खाम्वातिम)

पर्यटन प्रवर्द्धन तथा पुर्वाधार विकास कार्यक्रम

- प्रादेशिक पर्यटन विकासका लागि web based digital portal, mobile app निर्माण कार्य सम्पन्न
- पर्यटन क्षेत्रसँग आबद्ध ट्राभल,ट्रेकिङ तथा टुर गाइडहरुको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न (श्रीअन्तु)
- प्रदेशभित्रका धार्मिक धामहरुको बहुभाषिक जानकारी पुस्तिका प्रकाशन
- प्रदेशस्तरीय पर्यटकीय गन्तव्यहरुको पहिचान र छनौट प्रयोजनार्थ सरोकारवालाहरुसँग छलफल कार्यक्रम
- खेलकुद पर्यटन तथा प्रवर्द्धन कार्य सम्पन्न
- प्रदेश नं. १ को पर्यटनलाई प्रवर्द्धन गर्न संचार माध्यमबाट कार्यक्रम संचालन
- प्रदेश नं. १ को पर्यटन तथा ब्राण्ड नाम तयारी, प्रचारप्रसार सामग्री उत्पादन र वितरण

संस्कृति प्रवर्द्धन कार्यक्रम

- एक प्रदेश एक साँस्कृतिक पर्व कार्यक्रम (च्याब्रुङ नाच पर्व)

### ५.१०.१ पर्यटन विकास आयोजना अन्तर्गतको कार्यक्रम-

- पार्क, उद्यान, मन्दिर, गुम्बा, शान्ति बाटिका, पदमार्ग, भ्यूटावर जस्ता पर्यटकीय पुर्वाधार निर्माण कार्यको लागि प्रदेश सरकारको बजेटबाट जम्मा २४२ वटा कार्यक्रमहरू संचालम भई सम्पन्न भएका ।
- पार्क, उद्यान, बृक्षारोपण लगायतका पर्यटन पुर्वाधार निर्माण कार्यको लागि संघिय सरकारको सशर्त बजेटबाट जम्मा २२ वटा कार्यक्रमहरू संचालम भई सम्पन्न भएका ।

## ५.११ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय-

- प्रदेश नं.१ का सबै १४ जिल्लाका भूमि आयोगका जिल्ला समिति संगको अन्तरक्रिया कार्यक्रम सम्पन्न
- प्रदेश नं.१ का ८ जिल्लामा जिल्लागत रुपमा सहकारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको
- सहकारी संस्था, सहकारी संघ र वचत तथा ऋण सहकारी संस्थाहरुको नियमन
- प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय मार्फत संचालित विभिन्न कार्यक्रमहरू -
  - सहकारी सम्बन्धी विशिष्टीकृत तालिम,
  - आधारभूत सहकारी व्यवस्थापन तालिम ३ दिने
  - सहकारी लेखापालन तालिम ४ दिने
  - अभिलेख व्यवस्थापन, पर्ल्स अनुमगन तथा व्यवसायिक योजना ३ दिने
  - सहकारी लेखापालन तालिम ५ दिने
  - अनुगमन, मूल्याङ्कन, निरीक्षण र प्रतिवेदन

## ५.१२ यातायात व्यवस्था तथा संचार मन्त्रालय-

- सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी कार्यक्रम संचालन
- अन्य संस्थालाई सशर्त अनुदान वितरण गरेको
- अन्य सामाजिक सहायता कार्यक्रम
- प्रदेश संचार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक २०७८ प्रदेश सभामा टेवल भएको

## ५.१३ खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय

प्रदेश १, खानेपानी सिंचाइ तथा उर्जा मन्त्रालय वाट प्रदेश सरकार स्थापना भएदेखी आ. व. २०७८/२०७९ सम्म गरेको संक्षिप्त भौतिक उपलब्धि विवरण।

१) <u>खानेपानी तथा सरसफाई क्षेत्रमा आ. व. २०७८।२०७९ सम्मको अवस्था।</u>

प्रदेशमा ७ वटा डिभिजन कार्यालयबाट आयोजना कार्यान्वयन भइरहेको

१) आ. व. २०७८।२०७९मा प्रदेश तर्फ ७३८ र सशर्त तर्फ ३९४ गरी जम्मा ११३२ वटा आयोजना कार्यान्वयनको चरणमा रहेको

२) आगामी वर्ष ०७९-०८० मा प्रदेश तर्फ १०८६ र सशर्त तर्फ ४५३ गरी जम्मा १५३९ वटा आयोजना कार्यान्वयन हुने

३) हालसम्म प्राप्त उपलब्धीः

- ०७६-०७७ मा सम्पन्न स्कीम संख्या १०८, सम्पन्न आयोजना संख्या २६, लाभान्वित जनसंख्या ४०,८४१
- ०७७-०७८ मा सम्पन्न स्कीम संख्या १४१, सम्पन्न आयोजना संख्या २७, लाभान्वित जनसंख्या ५६,६२४

- ०७८-०७९ मा सम्पन्न स्कीम स्कीम संख्या २०४, सम्पन्न आयोजना संख्या ३५, लाभान्वित जनसंख्या १,०१,३५७

४) आधारभूत खानेपानीसेवा पुगेको जनसंख्याः २०७८-०७९ अन्तसम्मा ९० प्रतिशत

५) सुरक्षीत खानेपानी पुगेको जनसंख्या २०७८-०७९ अन्तसम्ममा १८ प्रतिशत

६) खुलादिसा मुक्त घोषित जिल्लाः १४ वटै जिल्ला

## २) <u>सिंचाइ,जलउत्पन्न प्रकोप तथा उर्जा क्षेत्रमाआ. व. २०७८।२०७९ सम्मकोअवस्था</u>

### १. <u>सिंचाइ क्षेत्रमा हालसम्म भएको उपलव्धी विवरण।</u>

प्रदेशमा जलस्रोत तथा सिंचाइ विकास डिभिजन १३ वटा, सव डिभिजना १ वटा,कन्काई सिँचाई व्यवस्थापन कार्यालय गैंडे झापा,चन्दामोहना सिँचाई व्यवस्थापन कार्यालय,मोरङ्ग र भुमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ सहित मातहतका१७ वटा कार्यलय मार्फत सिंचाइ तथा जल उत्पन्नप्रकोप नियन्त्रण सम्वन्धमा मझौला तथा साना प्रकृतिका योजनाहरुको निर्माण कार्यान्वयन भएको छ।

- सतह सिंचाई वाट नयांथप सिंचित क्षेत्र विस्तार ५७१९ हेक्टर।
- भुमिगत सिंचाई वाट नयां थप सिंचित क्षेत्र विस्तार १३३७हेक्टर।
- कृषक कुलो मर्मत सुधार तथा पुर्नस्थापना वाट ४२७३६हेक्टर।
- कृषककुलो मर्मत सुधार तथा नयांथप सिंचित क्षेत्र विस्तार गरेर कुल जम्मा ४४०७३ हेक्टर जमिनमा सिंचाइको पुर्वाधार विकास मार्फत प्रदेशको करिव दुइ लाख पचास हजार जनसंख्या लाइ प्रत्यक्ष लाभ पुगेको अनुमान गरिएको छ।

### २. <u>जलउत्पन्न प्रकोप नियन्त्रण क्षेत्रमाहालसम्म भएको उपलव्धी विवरण ।</u>

आ. व. २०७८।२०७९ सम्म जल उत्पन्न प्रकोप नियन्त्रण वाट विभिन्न मझौला तथा साना प्रकारका नदि वाट जमिन कटान तथा पुर्वाधार संरक्षणको लागीनिर्मित संरचाना वाट सुरक्षा प्रदान गरेको कुल लम्वाइ ७२.५३ कि. मि. र यस वाट प्रत्यक्ष लाभान्विन अनुमानित जनसंख्या ८०५०० र निर्मित संरचना वाट भएको जग्गा उकास अनुमानित १२५० हेक्टर।

### ३. <u>उर्जा क्षेत्रमा हालसम्म भएको उपलव्धी विवरण ।</u>

उर्जा क्षेत्रमा प्रदेश सरकार वाट विशेष गरेर नविकरणिय क्षेत्रमा न्युन मात्रमा केहि कार्यहरु भएका छन।मन्त्रालयको संरचनामा सिंचाइ तथा उर्जा विकास महाशाखामा उर्जा शाखाको संरचनाको व्यवस्था भएपनि दरवन्दी पदपुर्ति हुननसकेर विज्ञ जनशक्तिको अभावमा तपशिल अनुशारको केहि कार्यहरु भएका छन्।

<u>सौर्य उर्जा तर्फ</u>

- राष्ट्रिय विद्युत प्रणाली नपुगेका स्थानहरुमा स्थानिय निकायहरुको माग शिफारिसमा २१९४ लाभग्राहीहरुको घरधुरीमा **विपन्न वर्ग सौर्य ऊर्जा कार्यक्रम** मार्फत घरयासी सोलर जडान कार्य सम्पन्न। (जम्मा बजेट रु. ३१७६२९९०।-)
- खानेपानी सिंचाइ तथा उर्जा मन्त्रालय परिसर भित्र सौर्य विद्युतिकरण कार्य गरिएको।(जम्मा बजेट रु. ७४०५५५।-)

<u>सुधारिएको चुलो तर्फ</u>

- LPG ग्यांस लाइ विस्थापित गर्न विद्युतिकरण पुगेको स्थानहरुमा स्थानिय निकाय मार्फत १६८० सुधारिएको विद्युतियचुलो वितरण कार्य सम्पन्न भएको।(जम्मा बजेट रु. ९४३८६६०।-)

### ५.१४ प्रदेश सभा सचिवालय

मुख्य-मुख्य आयोजना तथा कार्यक्रमको उपलब्धिहरु

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | वार्षिक विनियोजन | वार्षिक खर्च | वार्षिक लक्ष्य | वित्तिय | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | भवन निर्माण (ब्यारेक भवन) | ५२०००००० | ३३३१०२९ | | ६४.०६% | | |
| २. | भवन निर्माण (मिडिया सेन्टर) | १५०००००० | ९२०४७७.९० | | ६१.३७% | | |
| ३. | भवन मर्मत सुधार (अन्य पूँजिगत सुधार) | ६८०००००० | ३९४७७६७ | | ५८.०६% | | |
| ४. | प्रदेश सभा विषयगत समितिको कार्यक्रम | ३९०००००० | ३३६७४४९ | | ८६.३४% | | |
| ५. | संसदीय दलहरुको कार्यक्रम | १५०००००० | ५८६७१४ | | ३९.११% | | |
| ६. | स्थानीय तह र प्रदेश सभा सचिवालयका बीच अन्तरक्रिया कार्यक्रम | ३०००००० | २७११६०२ | | ९०.३९% | | |
| ७. | मिडिया सेन्टर क्षमता अभिवृद्धि तथा पत्रकारसँग अन्तरक्रिया कार्यक्रम | २००००० | २००००० | | १००% | | |

- संसदीय दलको कार्यक्रम अन्तरगत प्रदेश सभाका ७ वटा संसदीय दलका जम्मा ३३ वटा बैठक तथा १ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- विषयगत समितिको कार्यक्रम अन्तरगत प्रदेश सभाका विषयगत समितिहरुको बैठक ६१, अनुगमन कार्यक्रम ६, अन्तरक्रिया तथा छलफल कार्यक्रम १३ र अन्तरप्रदेश भ्रमण कार्यक्रम ६ वटा सम्पन्न भएको ।
- प्रदेश सभा सचिवालय र स्थानीय तहबीच प्रदेश सभाबाट र स्थानीय तहबाट निर्मित कानून र कार्यान्वयन अवस्था, तथा स्थानीय तहमा कानून निर्माण प्रक्रियाका विषयक अन्तरक्रिया कार्यक्रम ६ न.पा. र ७ वटा गाउँपालिका गरी जम्मा १३ वटा स्थानीय तहमा संचालन भएको ।
- मिडिया सेन्टर क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत संसदीय मामिला सम्बन्धमा संसदीय पत्रकार मञ्च आवद्ध पत्रकारहरुलाई तालिम तथा संसदीय पत्रकारीताको आवश्यकता र चुनौती र सहकार्य विषयक अन्तरसंवाद सम्बन्धी गरी २ वटा कार्यक्रम विराटनगरमा संचालन भएको ।
- प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम (PLGSP) को सहयोग र प्रदेश सभा न्याय, प्रशासन तथा विधायन समितिको आयोजनामा सम्बन्धित समितिका माननीय सदस्यहरु तथा सचिवालयका कर्मचारीहरुलाई कानून निर्माण प्रक्रिया र प्रत्यायोजित विधायन सम्बन्धी २ दिवसीय अन्तरक्रिया कार्यक्रम धनकुटा जिल्लाको हिलेमा सञ्चालन भएको।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सयोग कार्यक्रम (PSP) को सहयोग र प्रदेश सभा सार्वजनिक लेखा र अर्थ समितिको आयोजनामा सम्बन्धित समितिका माननीय सदस्य, सम्बन्धित समितिका सचिव लगायत अन्य कर्मचारीहरुका लागि सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी २ दिवसीय अभिमुखीकरण तालीम, विराटनगर र प्रदेश सभाका विषयगत समितिका सचिव तथा कर्मचारीहरुका लागि विधेयक छलफल, निर्णय र प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सुनसरी जिल्लाको धरानमा सञ्चालन गरिएको ।
- भवन निर्माण तर्फ मर्याद पालकहरुको लागि भवन, मिडिया सेन्टर भवन निर्माण गरिएको छ भने प्रदेश सभाहलको सुरक्षार्थ एउटा हाईपोष्ट निर्माण गरिएको छ । नवनिर्मित प्रदेश सभाहल समेतको लागि नियमित

रुपमा विद्युत आपूर्ति गरी सभाका क्रियाकलाहरुलाई नियमित रुपमा यूटुव लगायत विभिन्न माध्यामबाट नागरिक समक्ष पुऱ्याउन सचिवालयक परिसर भित्र नेपाल विद्युत प्राधिकरण मार्फत ३०० के.भि.ए. क्षमताको ट्रास्फर्मर जडान कार्य भएको।

- भवन मर्मत संभार अन्तरगत प्रदेश सभा सचिवालयको मर्मत संभार गरिएको ।

**कानून निर्माणको अवस्था**

| क्र.सं. | निर्माण सम्पन्न भएका कानूनको नाम | संख्या | स्वकृत/लागु मिति | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | १ | २०७८/५/१० | आठौं अधिवेशबाट पारित |
| २. | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | १ | २०७८/१२/२३ | आठौं अधिवेशबाट पारित |
| ३. | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक, २०७८ | १ | २०७९/३/२१ | दशौं अधिवेशबाट पारित |
| ४. | प्रदेश विनियोजन विधेयक, २०७९ | १ | २०७९/३/२१ | दशौं अधिवेशबाट पारित |

## ५.१५ प्रदेश लोकसेवा आयोग

प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८/७९ को अवधिभर सम्पादन गरेका मुख्य मुख्य कार्यहरूको छोटकरी विवरण देहाय बमोजिम रहेको छ ।

(१) <u>संस्थागत सुधार</u>

- आ.व. २०७७/०७८ को शुरूदेखि नै आयोगले विज्ञापन तथा दरखास्त व्यवस्थापनका लागि Province १ Public Service Recruitment Management System (P1PSRMS) नामको अनलाइन प्रणाली लागू गरी संचालनमा ल्याएको ।
- प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ ले मिति २०७८/०४/२९ मा प्रथम पटक लिखित परीक्षा सञ्चालन गरेको ।
- प्रदेश लोक सेवा आयोगले मिति २०७८/०९/०६ मा प्रथम पटक उम्मेदवार सिफारिस गरेको ।
- मिति २०७९/०३/०९ मा प्रदेश लोक सेवा आयोगको प्रतिक चिन्ह (Logo) पारित गरी प्रयोगमा ल्याइएको ।
- यस आयोगबाट संचालन हुने वस्तुगत परीक्षाको परीक्षाफल सहज र सरल बनाउनका लागि OMR प्रविधिको प्रयोग शुरू गरिएको थियो ।

(२) <u>पाठ्यक्रम निर्माण</u>

अघिल्लो आ.व. २०७७/०७८ सम्म विभिन्न सेवा, समूह तथा तहका प्रदेश निजामती सेवातर्फ कूल २९ वटा तथा स्थानीय सरकारी सेवातर्फ ३० वटा पाठ्यक्रम निर्माण भईसकेको थियो भने गत आ.व. २०७८/०७९ मा प्रशासन सेवा, सा.प्र/लेखा समूह, सहायकस्तर चौथो तहको आ.प्र.तर्फको थप १ वटा पाठ्यक्रम निर्माण भई कूल जम्मा ६० वटा पाठ्यक्रमहरू प्रयोगमा रहेका छन् ।

<u>(३) प्रतिशत निर्धारण</u>

आ.व. २०७८/०७९ को अवधिमा विभिन्न स्थानीय तहहरूबाट रिक्त पदपूर्तिका लागि माग भए अनुरूप विभिन्न सेवा, समूह र पदमा प्राविधिक र अप्राविधिक गरी कूल ७ सय ४५ वटा पदहरूको नियमानुसार प्रतिशत निर्धारण गरिएको थियो ।

(४) विज्ञापन

प्रतिशत निर्धारण भएबमोजिम आ.व. २०७८/०७९ को अवधिमा स्थानीय सरकारी सेवा अन्तरगत विभिन्न सेवा, समूह र पदमा प्राविधिक र अप्राविधिकसमेत गरी २ वटा आन्तरिक प्रतियोगितात्मक, २७ वटा खुला प्रतियोगितात्मक र १८ वटा विभिन्न समावेशी समूहका विज्ञापन गरी जम्मा ४७ वटा विज्ञापनहरू प्रकाशित गरिएको थियो । उक्त विज्ञापनहरूबाट आ.प्र.तर्फ २३ वटा, खुला प्रतियोगितातर्फ ४ सय ५६ वटा तथा महिला, आदिवासी/जनजाति, मधेशी र दलित समूहका समावेशी प्रतियोगितातर्फ जम्मा ९८ वटा गरी कूल जम्मा ५ सय ७७ वटा पदका लागि विज्ञापन भई दरखास्त आव्हान गरिएको थियो ।

(५) दरखास्त

आ.व. २०७८/०७९ मा प्रकाशित विज्ञापनहरूका लागि आयोगमा आ.प्र. तथा खुला विज्ञापनतर्फ जम्मा ९६ हजार ९ सय ५२ दरखास्तहरू प्राप्त भएका थिए । आ.प्र. तथा समावेशीतर्फका दरखास्तदाताको तथ्यांक खुला र अन्य समावेशी समूहमा समेत दोहोरिने हुँदा समावेशी समूहसमेतको कूल तथ्यांक १ लाख ३३ हजार ८ सय ५८ हुन आएको थियो । जसमा आ.प्र.तर्फ ३ सय ५०, खुलातर्फ ९५ हजार ७ सय ८१, समावेशी समूह अन्तरगत महिला २२ हजार ४ सय ९५, आ.ज. ७ हजार ८ सय ५७, मधेशी ६ हजार ५ सय ७१ र दलित ८ सय ४ को संख्यामा दरखास्त प्राप्त भएका थिए ।

(६) लिखित परीक्षा

स्थानीय सरकारी सेवातर्फ विज्ञापन गरिएका आ.प्र., खुला र समावेशी प्रतियोगिताका ४७ वटा विज्ञापन मध्ये ३५ वटा विज्ञापनका कूल ५ सय ३३ पदका लागि लिखित परीक्षा संचालन गरिएको थियो । जसमध्ये कूल ५३ हजार ७ सय ७ जना परीक्षार्थीहरू एकै चरण र प्रथम चरणको लिखित परीक्षामा सम्मिलित भएका थिए भने जम्मा १ हजार २ सय १ जना परीक्षार्थीहरू द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित भएका थिए ।

(७) उत्तरपुस्तिका परीक्षण

आ.व. २०७८/०७९ को अवधिमा ३३ हजार ५ सय १८ वस्तुगत, १ हजार २ सय १ विषयगत र २० हजार १ सय ८९ OMR Sheet गरी कूल ५४ हजार ९ सय ८ थान उत्तरपुस्तिकाहरू विज्ञहरूबाट परीक्षण गरिएको थियो ।

(८) अन्तर्वार्ता र सिफारिस

आ.व.२०७८/०७९ मा विभिन्न २२ वटा विज्ञापनमा संचालित विभिन्न चरणका परीक्षाहरूबाट छनौट भएका कूल ६ सय जना उम्मेदवारहरूको अन्तर्वार्ता संचालन गरी विभिन्न सेवा, समूह र तहहरूमा माग पद संख्या अनुरूप जम्मा २ सय ८० जना उम्मेदवारहरूलाई नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरूमा सिफारिस गरी पठाइएको थियो ।

(९) पदपूर्तिमा समावेशीता

आ.व. २०७८/०७९ मा विभिन्न समावेशी समूहतर्फ जम्मा १८ वटा विज्ञापनमा जम्मा ९८ वटा पदका लागि विज्ञापन प्रकाशन गरी सोही अनूरूप परीक्षा संचालन गरेको र यसरी संचालित परीक्षाका चरणहरूबाट महिला, आ.ज. र मधेशीतर्फ गरी ५२ जना समावेशी समूहका उम्मेदवारहरूलाई नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरूमा सिफारिस गरी पठाइएको थियो ।

(१०) प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति

- विराटनगर म.न.पा. वडा नं. ४, खार्जीस्थित करिव १० हजार ८ सय वर्ग फिट क्षेत्रफलमा बनेको भाडाको निजि भवनमा मिति २०७९ असार २० गते देखि कार्यालय स्थानान्तरण गरिएको ।
- आ.व. २०७८/०७९ को अवधिमा आयोगले ४३ वटा वैठक बसी १ सय २८ वटा विभिन्न निर्णयहरू गरेको छ ।
- आ.व. २०७८/०७९ को कूल विनियोजित बजेट रु. ८ करोड ४२ लाख ४१ हजार मध्ये प्रदेश सरकारको अनुरोधमा रु ५६ लाख ७३ हजार बजेट समर्पण गरिएको थियो । यसरी समर्पण गरी बाँकी रहेको खुद विनियोजित रकम रु ७ करोड ८५ लाख ६८ हजारमा ८०.५५% वित्तीय प्रगति भएको छ ।
- आ.व. २०७८/०७९ मा यस आयोगबाट परीक्षा शुल्क तथा अन्य केही श्रोतबाट कूल रू.५,३६,३८,७५०।- राजश्व संकलन भएको थियो ।

<u>(११) क्षमता अभिवृद्धि</u>

- आ.व. २०७८/०७९ को अवधिमा विविध क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू सम्पन्न गरिएको थियो:
- लोक सेवा आयोगहरूको दोश्रो राष्ट्रिय सम्मेलन, बुटवलमा सहभागिता जनाइएको थियो ।
- यस आयोगको आयोजनामा दोश्रो अन्तरप्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको थियो ।
- यस आयोगको आयोजनामा ताप्लेजुङ्, पाँचथर, इलाम र झापा जिल्लाका स्थानीय तहहरूका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरूसँगको अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको थियो ।
- विभिन्न मितिमा विभिन्न कार्यक्रम तथा भ्रमणमार्फत अनुभवको आदान-प्रदान भएको थियो ।

### ५.१६ प्रदेश योजना आयोग

- प्रदेश योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन बमोजिम सम्भाव्य आयोजनाको छनौट गर्न वैज्ञानिक आधार सहितको आयोजना वैंक प्रणाली स्थापनाको सुरुवात गरिएको।
- प्रदेशको बजेट प्रणालीलाई नेपालको दिर्घकालिन सोच, पन्धौं राष्ट्रिय योजना, प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य तथा मध्यकालिन खर्च संरचनासंग आवद्ध हुने गरी योजना तथा बजेट प्रणाली विकास गरिएको ।
- मध्यकालीन खर्च संरचना निर्माण गरिएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरिएको ।

### ५.१७ मुख्य न्यायधिवक्ताको कार्यालय-

- गाउँ पालिका/नगर पालिकाहरुका न्यायिक समितिहरुसंग अन्तक्रिया कार्यक्रम ।
- अन्तर प्रदेश अनुभव अदान प्रदान कार्यक्रम एवं अन्तरक्रिया
- उच्च अदालत ,सरकारी वकील ,प्रहरी एवं वार एशोसियसनसँग कानून सम्बन्धी अन्तरक्रिया कार्यक्रम
- प्रदेश प्रहरी प्रशिक्षण कार्यक्रम

## परिच्छेद छ

## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको विवरण देहायअनुसार रहेको छ।

तालिका ९.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण

(रकम रु.हजारमा)

| मन्त्रालय | ठेक्का सम्झौता रकम | आ.व.२०७८/७९ सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०७९/८० को विनियोजन |
|---|---|---|---|---|
| सडक पुर्वाधार तथा शहरी विकास मन्त्रालय | ३३६०१५८३ | १८२१६६४९ | १५३३७९२९ | ४९३५४२० |
| खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | ३६२२७९६ | २८७०६७२ | ७५२१२४ | ४७७२७८ |
| पर्यटन तथा संस्कृती मन्त्रालय | ५८३४०६ | १८१९९३ | ४०१४१३ | १८०००० |
| **जम्मा** | **३७,८०,७७,८४** | **२१,२६,९३,१४** | **१६,४९,१४,६६** | **५,५९,२६,९८** |

पुनश्च - माथि उल्लेखित दायित्व रकम कन्टेन्जेन्सी, मुल्य समायोजन र फिजिकल कन्टेन्जेन्सी बाहेकको ठेक्का सम्झौता रकम मात्र हो । कन्टेन्जेन्सी र मुल्य समायोजनका लागि औसतमा १८ प्रतिशत दायित्व थपिने वा खर्व हुने अनुमान रहेको छ । यस कारण बहुवर्षिय आयोजनाको वाँकी दायित्वमा करिव ३ अर्व थप खर्च हुने भएकोले वहुवर्षिय आयोजनाको बाँकी दायित्व १९ अर्व ५० करोड भन्दा वढी रहेको देखिन्छ ।

स्रोतः सम्बन्धित विषयगत मन्त्रालय

## परिच्छेद सात

## बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू

बजेट सार्वजनिक वित्त व्यवस्थापनको अभिन्न अङ्ग हो। बजेट तर्जुमा गर्दा प्राथमिकता र सिद्धान्त निश्चित गरी प्रदेशको आर्थिक अवस्था र आवश्यकतालाई ध्यान दिई सीमित स्रोत र साधनलाई उच्चतम उपयोग गर्नेगरी आर्थिक तथा राजनैतिक दस्तावेजको रूपमा सरकारको नीति तथा कार्यक्रमको आधारमातर्जुमा गरिन्छ। बजेट कार्यकारिणी माथि जनप्रतिनिधिहरूको नियन्त्रण हो। सार्वजनिक बजेटले आम्दानी, खर्च लगायतको पक्षलाई समेटेको छ। प्रदेश सभाबाट पारित भएको बजेट क्षेत्रगत मन्त्रालय/आयोगबाट स्वीकृत वार्षिक बजेट र कार्यक्रम अनुसार कार्यान्वयन गरिन्छ। प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकमको प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखापरीक्षण र महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी मूल्याङ्कन गर्ने गरिएको छ।

### ७.१ बजेट तर्जुमामा देखिएका समस्याहरू

**(क) स्रोत अनुमान तथा परिचालनमा विद्यमान समस्याहरू:**

- प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रकम न्यून रहेको।
- प्रदेशको आन्तरिक आयको दायरा सीमित हुनु।
- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त नहुने भएकोले तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न नसकिएको।
- राजस्व असुल गर्ने निकायहरूबीच सुचना आदानप्रदान र समन्वयको कमी रहनु।
- वैदेशिक सहायताको सम्पूर्ण हिस्सा राष्ट्रिय तथा प्रादेशिकबजेटमा समावेश नहुनु।

**(ख) विनियोजन दक्षतामा देखिएका समस्याहरू:**

- बजेट विनियोजनका लागि पर्याप्त गृह कार्य नगर्नु।
- अनिवार्य दायित्व व्यवस्थापन गरेर मात्र अन्य खर्चका लागि रकम विनियोजन गर्नुपर्ने भएकोले विकास खर्चलाई कम विनियोजन हुनु।
- प्राविधिक अध्ययन र तयारीविना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु।
- कार्यान्वयन क्षमता नहेरी बजेट विनियोजन गरिनु।
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना रहनु।
- विगतमा व्यवस्था नगरिएको दायित्व भुक्तानीमा ठूलो रकम खर्च गर्नु परेकोले नयाँ आयोजनामा पर्याप्त विनियोजन हुन नसक्नु रविगतमा सिर्जित दायित्वकोभुक्तानी गर्न बजेट व्यवस्था नगरी थप रकममाग गर्ने प्रवृत्ति रहनु।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम बीच तादाम्यताकायम नहुनु।
- बजेट प्रस्ताव गर्दा कार्यक्रम र क्रियाकलापहरूको पहिचान नगरी बाँडफाँट नगरी राख्ने र लामो समयसम्म पनि बाँडफाँट र क्रियाकलाप निर्धारण नगर्ने प्रवृत्ति कायमै रहनु।
- बजेट विनियोजनमा कानूनी प्रावधानको पालना कमजोर रहनु।
- ठूला र प्राथिमकताका आयोजनामा कम मात्र विनियोजन गरि पछि थप बजेट माग गर्ने प्रवृत्ति रहनु।

- प्रदेश सरकार अन्तरगतका निकायहरुमा दक्ष र पर्याप्त प्राविधिक कर्मचारीको अभाव।

**(ग) आयोजना छनौट र प्राथमिकीकरणमा देखिएका समस्याहरूः**

- आयोजना छनौटका आधार, विधि र मापदण्ड तहगत सरकारमा एकरूपता नहुनु,
- तीन तहबीच आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड पालना नगरिनु।
- हरेक वर्ष साना र टुक्रे नयाँ आयोजना थप्ने प्रवृत्ति कायम रहनु।
- अन्तरनिकाय समन्वय नहुँदा आयोजनामा दोहोरोपना कायमै रहनु।
- प्राविधिक सम्भाव्यता अध्ययन विना आयोजना/कार्यक्रमहरूमा बजेट प्रस्ताव तथा विनियोजन हुनु।
- प्रदेशको आयोजना बैंक र आयोजना प्राथिमिकीकरण गर्ने प्रणाली सुरुवात नहुनु।
- बहुवर्षीय ठेक्का अन्तरगत निर्माणाधीन आयोजनाको लागि पर्याप्त विनियोजन हुन नसक्नु।
- सालबसाली आयोजनामा अपर्याप्त रकम विनियोजन भई समयमै सम्पन्न नहुन र लागत बढ्नु।

## ७.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू

**(क)चालु खर्चलाई वाञ्छित सीमामा राख्न नसक्नुः**

- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय गठन गरिँदा प्रशासनिक खर्चको भार बढ्दै गइरहेको।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च गर्ने गरिएको।
- प्रशासनिक खर्च, भ्रमण, सेमिनार, बैठक, तालिम जस्ता खर्चहरू प्रत्येक वर्षमा वृद्धि हुनु तथा अस्वस्थ प्रतिस्पर्धा हुनु।
- विभिन्न व्यक्ति तथा संस्थालाई दिइने अनुदानको वस्तुगत मापदण्ड तथा वर्गीकरण नहुनु।
- सवारी साधन सञ्चालन र मर्मत खर्च बढ्दै जानु।

**(ख) आयोजना कार्यान्वयन क्षमता कमजोर हुनुः**

- अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बन्न नसक्नु।
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भएतापनि व्यवस्थापन नहुँदा कतिपय आयोजना प्रभावित हुनु।
- आयोजना/परियोजना प्रमुखहरूको बारम्बार परिबर्तन भइरहनु।
- निर्णय गर्दा जोखिम लिने क्षमता ह्रास हुनु र खर्च नगर्दा/ आयोजना सम्पन्न नगर्दाको उत्तरदायित्व बहन गर्ने प्रणाली कमजोर रहनु।
- कर्मचारीहरूको कार्यसम्पादनलाई निजको वृत्ति बिकास, पुरस्कार, दण्ड र कार्यसम्पादन मापनको आदिको मूल्याङ्कनको वस्तुगत आधार बनाउन नसक्नु, वस्तुगत आधारको निर्धारण र सोको कार्यान्वयन पक्ष कमजोर रहेको छ।
- निर्माणसँग सम्बन्धित आयोजनाको Alignment समय समयमा परिवर्तन हुनु।

- अन्तर निकाय समन्वय/सहयोग कमजोर रहनु।
- स्थानीय तहमा जग्गा, जग्गाको मुआब्जा, स्थानीय प्राकृतिक स्रोतको उपयोगको विवाद र वातावरणीय परिक्षणको टुङ्गो नलगाई आयोजना शुरू गर्नु।

(घ) **निर्माण व्यवसायीको व्यवसायिक क्षमता कमजोर हुनुः**

- व्यवसायीहरूको क्षमताको परिक्षण नगरी ठेक्का दिंदा समयमा काम सम्पन्न नहुनु।
- न्यूनतम रकममा ठेक्का बोल कबोल गर्ने, ठेक्का ओगट्ने र पछि ठेक्का छाड्ने तथा Variation हुने प्रवृत्ति कारण तोकिएको समयमा कार्य सम्पन्न नहुनु।
- अनुगमन र सुपरीवेक्षणपछि पनि सम्बन्धित निर्माण स्थलमा समस्या समाधान नहुनु।

### ७.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या

- नगदमा आधारित लेखा प्रणालीका कारण सबै आम्दानी खर्च, सम्पत्ति र दायित्वको एकीकृत हिसाब आउन नसक्नु।
- वैदेशिक सहायताको शोधभर्ना समयमै माग गर्न कागजात पेश नहुने।
- प्रत्यक्ष भुक्तानी र वस्तुगत सहायताको समयमै प्रतिवेदन प्राप्त हुन नसक्नु।
- आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी दिने प्रवृत्तिले आर्थिक वर्षको अन्त्यमा बढी खर्च देखिनु।
- सूचना प्रविधिमा आधारित तीन तहको एकीकृत सफ्टवेयर अभाव हुनु।

### ७.४ बजेट तर्जुमामा गर्नु पर्ने सुधारहरू

(क) **स्रोत आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउनेः**

- प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँटको अनुपात, संघ अनुदानको रकम बढाउन पहल गर्नुपर्ने।
- प्रदेशको आन्तरिक आय अभिवृद्धि गर्न कानूनी तथा संस्थागत सुधार गर्ने।
- स्थानीय तहबाट संकलन भई प्रदेशलाई प्राप्त हुनुपर्ने राजस्व बाँडफाँट संकलनलाई प्रभावकारी बनाउने।
- सवारी साधन कर संकलनलाई अनलाईन प्रणालीमा बनाई राजस्व संकलनमा सहजता अभिवृद्धि गर्ने।
- घरजग्गा रजिष्ट्रेशनलाई वास्तविक कारोबारमा आधारित बनाउने।
- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त गरी तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न सम्बन्धित निकायमा समन्वय गर्नुपर्ने।
- राजस्व चुहावट नियन्त्रण, करदाता शिक्षा, वित्तीय अनुशासन लगायतको पक्षमा कानूनी व्यवस्था तथा संस्थागत सुधार गर्ने।
- दीर्घकालीन सोच सहितको राजस्व परिचालन नीतिको तर्जुमा गर्ने र राजस्व वृद्धिको प्रक्षेपण गर्दा बढोत्तरीको सिद्धान्तका आधारमा नभई कराधारका आधारमा गर्ने प्रणाली बनाउने।
- विकास सहायता परिचालन सम्बन्धी प्रदेशको नीति तथा कार्यविधि तर्जुमा गरी वैदेशिक सहायतालाई प्रदेशको प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रिकृत गर्ने।

(ख) **विनियोजन कुशलता बढाउनेः**

- दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने।
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा परेका आयोजना/कार्यक्रमको वर्गीकरण गरी सम्बन्धित तहले बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- मध्यमकालीन खर्च संरचना(Medium Term Expenditure Framework- MTEF)लाई यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्ने।
- स्रोत सहमति भएका वा निर्माणाधीन बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनालाई बजेट सीमा प्रदान गर्दा नैEarmark गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजना कार्यान्वयनको पूर्व तयारीका कार्यहरू (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, वातावरणीय परिक्षण, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरूमा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गरी आयोजना प्रवेशमा गुणस्तर कायम गर्ने।
- सवारी साधन, सरकारी भवन, कार्यालय सामाग्री तथा उपकरणहरू समेतको खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।
- सहमति प्रदान गरिएका आयोजना/कार्यक्रमकहरूको लागि आवश्यक पर्ने पर्याप्त रकम सम्बन्धित निकायले नियमित बजेट सीमाबाट प्रस्ताव गर्ने र त्यसरी प्रस्ताव नगरेमा आर्थिक वर्षको बीचमा सो बापत नपुग हुने रकम निकासा नदिने।
- आयोजनाको पुनरावलोकन गरी संख्या घटाउने।तत्काल नयाँ आयोजना सकेसम्म थप नगर्ने।
- आयोजना बैंक स्थापना गरी सोमा समाबेश भएका आयोजनाहरूका लागि मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने।
- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने ।

## ७.५ बजेट कार्यान्वयनमा गर्नु पर्ने सुधारः

### (क) आयोजना कार्यान्वयनको सहज वातावरण तयार गर्नेः

- आर्थिक वर्षको शुरुदेखिनै पूर्ण रूपमा बजेट कार्यान्वयनमा लाग्ने गरी बजेट सार्वजनिक भए पछिपूर्व तयारीका कार्यहरू प्रारम्भ गरी असार मसान्तभित्र सम्पन्न गर्ने व्यवस्था गर्ने।
- आर्थिक वर्षको मध्यमा नयाँ कार्यक्रममा बजेट माग गर्ने प्रवृत्तिको अन्त्य गर्ने।
- आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, कार्यक्रम तालिका गुणस्तर र प्रतिफल लगायतका शर्तहरू राखि कार्यसम्पादन सम्झौता गर्ने।
- आयोजना/परियोजनामा कर्मचारीको सरुवालाई अनुमान योग्य बनाउने।
- कार्य सम्पादन करार सम्झौता अनुसार कार्यान्वयन गर्न नसक्ने र खर्च गर्न नसक्ने पदाधिकारीलाई भविष्यमा आयोजना/कार्यक्रम प्रमुखको जिम्मेवारी नदिने व्यवस्था गर्ने।
- ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्थापन सहज बनाउने।

- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रुख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने।

**(ख) आर्थिक अनुशासनलाई थप सुदृढ बनाउने:**

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक स्वीकृत गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने।
- सरकारी खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिकाको परिपालना गर्ने।
- बजेट कार्यान्वयन सम्बन्धी मापदण्डहरू र मार्गदर्शनको पूर्ण परिपालन गर्ने।
- आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गर्ने। काम सम्पन्न भएपछि प्राप्त विलको तोकिएकै समयमा भुक्तानी दिने।
- थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाई विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

**(ग) सूचना प्रबिधि प्रणालीमा थप सुधार गर्नेः**

- बजेट, खर्च, राजस्व, लेखा सम्बन्धी प्रयोगमा रहेका सफ्टवेयरहरु PLMBIS, TSA, RMIS, CGAS, PAMS लगायतका प्रणालीहरुको तथ्याङ्क, डाटावेशमा पहुच हुनेगरी, प्रदेशकै निकायबाट सानातिना त्रुटि सच्याउन क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रविधि उपलब्ध गराउनका लागि संघीय सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने।
- सार्वजनिक वित्त व्यवस्थापनमा प्रयोग भइरहेका PLMBIS, TSA, RMIS, CGAS, SUTRAलगायतलाई एकीकृत ( Integration)गर्ने।
- आयोजनाको वित्तीय, भौतिक तथा व्यवस्थापकीय प्रगति देखिने आयोजना व्यवस्थापन सूचना प्रणलीको (Project Management Information System) विकास गर्ने।
- सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- निर्माण सम्पन्न भएका आयोजनाहरूकोTechnical Auditलाई प्रभावकारी बनाउने।
- तीनै तहको सरकारको आम्दानी, खर्च र ऋणको एकीकृत प्रतिवेदन तयार गर्ने।

**(घ) आयोजना कार्यान्वयनको प्राविधिक र प्रशासकिय क्षमता अभिवृद्धिमा जोड दिनेः**

- खर्च गर्ने प्राविधिक र व्यवस्थापकीय दक्षता/क्षमता विकास गर्न जनशक्ति विकास र परिचालनमा जोड दिने।
- निर्माण व्यवसायीहरूको व्यवसायिकता बढाउन सरकारले सहयोग गर्ने। निर्माण व्यवसायीहरूको Capacity Audit गर्ने प्रणालीको शुरुवात गर्ने।
- आयोजनासम्बद्ध जनशक्ति र प्राविधिकलाई क्षमता विकासमा मापदण्डसहित तालिम र प्रशिक्षण दिने।
- बजेट विनियोजन गरेर सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्न सकिने कार्यको लागि आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी रकमबाट गैह्रबजेटरी रुपमा खर्च नगर्ने।

**(ङ) अभिलेख, प्रतिवेदन तथा लेखाप्रणालीमा सुधार गर्नेः**

- बजेट कार्यान्वयन प्रगतिको प्रतिवेदन पेश गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। समय मै प्रतिवेदन पेश भए/नभएको जिम्मेवार पदाधिकारीले अनुगमन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ बमोजिम गर्ने।
- स्पष्ट अधिकार र जिम्मेवारी सहितको छुट्टै अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र विकास गरेर परिचालन गर्ने। अनुगमन मुल्याङ्कन गर्दा समन्वयात्मक रूपमा नतिजामूखी हुने गरी गर्ने।
- वैदेशिक सहायता परिचालन गर्न सम्झौता गर्दाकै वखत पालना गर्नुपर्ने शर्तहरूका विषयका बारेमा स्पष्ट हुने।
- आयोजनाहरूको अनुगमन र नियमन प्रभावकारी बनाउन प्राविधिक परीक्षण प्रयोगशाला स्थापना गर्ने।
- निर्माण आयोजनाको गुणस्तरमा सुधार ल्याउन निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष सम्मकै मर्मतको जिम्मेवारी निर्माण ब्यवसायीलेनै व्यहोर्नु पर्ने व्यवस्था गर्ने।
- एकल खाता प्रणालीबाट भुक्तानी आदेशको माध्यमबाट नै खर्चको वर्गीकरणको आधारमा लेखा तयार हुने र सम्पत्ति र दायित्वको लेखाङ्कन गर्ने सूचना प्रणाली विकास स्वःचालित रूपमा लेखाङ्कन प्रतिवेदन हुने गरी प्रणाली विकास गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने।

### ७.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू

**समस्याहरू**

- प्रदेशका प्राथिमिकता प्राप्त र ठूला तथा बहुवर्षीय आयोजनाहरु छनौटगर्ने मापदण्ड/कानून स्पष्ट नहुनु।
- बहुवर्षीय आयोजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिन र सिर्जित दायित्व भुक्तानी गर्न रकम अभाव भएकोले अपेक्षित प्रगति हासिल हुन नसकेको।
- आयोजनाको निर्माण गर्ने मोडालिटी,कुल लागत, समयावधि, जग्गा प्राप्ति/मुआब्जा, पुनर्वास र विस्तृत प्रतिवेदन जस्ता आधारभूत विषयहरू तयार नभई राष्ट्रिय गौरवका आयोजनाहरूको रूपमा आयोजना वर्गीकरण हुनु।
- निर्माण मूल्याङ्कनहरूको प्राविधिक, वित्तीय व्यवस्थापकीय क्षमता परीक्षण नगरी ठेक्का लगाउनु, नियमित अनुगमन मूल्याङ्कन नगरिनु तथा तोकिएको समयमा कार्य सम्पन्नगर्न सहजीकरण गर्न र निर्माण व्यवसायीहरूलाई बाध्य पार्न नसक्नु।
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीहरूको अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु।
- निर्माणस्थलको साइट क्लियरेन्स नहुँदै ठेक्का सम्झौता गरिनेकारणले निर्माण व्यवसायीले नियमित रूपमा काम गर्न नपाउँदा पटक पटक म्याद थप गरी भेरिएसन समेत दिनुपर्ने अवस्था देखिएकोले आयोजनाको लागत बढ्दैजाने अवस्था सिर्जनाभएको।
- आयोजना स्थलका बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध हुने गरेको।
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत वृद्धिहुने गरेको।

- आयोजनाको स्वीकृति तथा निर्माणको चरणमा पनि आयोजनाको लागि लाग्नेस्रोततथा मोडालिटी तय नहुँदा आयोजना समयमा नै सम्पन्न नभई लागत समेत वृद्धि हुने गरेको।
- बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजनले अपुग भईरहेको अवस्थामा बचत रकम वा आयोजनाको कन्टिन्जेन्सी रकम सम्बन्धित आयोजना बाहेक अन्य कार्यमा खर्च गरिनु।
- आयोजना सञ्चालन गर्ने निकायहरू, अन्तरतह र स्थानीय सरोकारवालाहरूबीच समन्वय नहुनु।

**समाधानका उपायहरू**

- ठूला र रूपान्तरणकारी आयोजनाको प्रतिफल, लागत, समयसहित अन्य पूर्व तयारी गरेर मात्र प्रादेशिक प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजनाको रूपमा घोषणा गर्ने।
- बहुवर्षीय आयोजना सञ्चालन गर्दा प्रदेशको स्रोत तथा वित्तीय क्षमतालाई विश्लेषण गरेर मात्र आयोजना सञ्चालन प्रक्रिया सुरु गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन समयमा नै तयार गरी समयबद्ध कार्ययोजनाका आधारमा आयोजना सञ्चालन गर्ने। आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्ति नदोहोऱ्याउने।
- समयमै आयोजना कार्यान्वयन र सञ्चालन ढाँचा निर्धारण गर्ने एवम्वित्तीय स्रोत साधनको व्यवस्थापन उचित ढङ्गबाट गर्ने।
- आयोजना कार्यान्वयनको लागि उच्चस्तरको व्यवस्थापकीय र प्राविधिक जनशक्तिव्यवस्था गर्ने।
- आयोजनामा क्रियाकलापहरूको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकका आधारमा कार्यसम्पादन सम्झौता भएकोमात्यसको समीक्षा गरी सम्बन्धित आयोजना प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाउने।
- आयोजना सञ्चालनको व्यवस्थापकीय र प्राविधिक क्षमता वृद्धिमा जोड दिने।
- प्रदेशको बहुवर्षीय आयोजना व्यवस्थापन तथा सञ्चालनसम्बन्धी छुट्टै कानूनी प्रबन्ध गर्ने।
- पर्याप्त कारण विनानै आयोजना प्रमुख लगायत आयोजनामा खटिएका कर्मचारीहरू छिटो छिटो परिवर्तन नगर्ने।
- बहुवर्षीय आयोजनाहरूको कानूनी विवाद, स्थानीय अवरोध एवम्खरिदसम्बन्धी विषयहरूमा द्रुत गति निर्णय गर्ने व्यवस्था मिलाउने। आयोजनाको शुरुवाती चरणमानै स्थानीयसँग छलफल गरी सहमतीमा ल्याउने।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रवन्धमा आधारित प्रणाली लागू गर्ने।
- आयोजना प्रमुखलाई समय, लागत र गुणस्तर प्रति जिम्मेवार बनाउन कार्य सम्पादन स्तरलाई Grading गर्ने प्रणाली विकास गर्ने। आयोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहका बीच उच्चतम समन्वय कायम गर्ने।

## ७.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू

**समस्याहरू**

- स्थानीय तहको विनियोजन, आम्दानी र खर्चको एकिकृत विवरण प्राप्त हुन नसकेको।
- संघीय सरकारले बजेट तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने परिपाटी नहुँदा बजेट कार्यान्वयनमा प्रदेश र स्थानीय तहको अपनत्वको कमी रहेको।
- प्रदेश र स्थानीय तहमा परियोजना बैंक नहुँदा नयाँ नयाँ र साना आयोजनामा बजेट छर्ने प्रवृत्ति कायमै रहेको।
- संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम र आयोजनामा दोहोरोपन कायम रहनु।
- सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनामा पर्याप्त बजेट प्राप्त नहुदा कार्य अधुरो रहने र सिर्जित दायित्व भुक्तानीमा स्रोत अभाव हुनु। थप रकम माग गर्दा समयमै र पर्याप्त रकम प्राप्त नहुनु।
- प्रदेश तहले नेपाल सरकारको आयोजना/कार्यालयमा समेत बजेट विनियोजन गर्ने कारण स्रोतको परिचालनमा दोहोरोपन र उत्तरदायित्वमा जटिलता सिर्जना भएको।
- संघीय सरकारका निकायहरूबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकायहरूको तदारूपता नहुँदा हस्तान्तरणपछि संघीय सरकारका निकायहरूले बजेट कार्यान्वयनको दायित्व पन्छिएको महशुस गर्नु।

**समाधानका उपायहरू**

- प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत गर्ने।
- बजेट तर्जुमा एवम् छनौट र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न परियोजना बैंक (Project Bank) लाई आधार लिई आयोजना तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन तथा रिपोटिङ्गमा तीनै तहका बीचमा यथोचित सहकार्य र समन्वय गर्ने।
- मध्यकालीन खर्च संरचनाका आधारमा खर्च र प्रतिफललाई पूर्वानुमानयोग्य बनाउने।
- संविधानको अनुसूची अनुसारको कार्यहरू गर्ने गरी संगठन संरचना, कर्मचारी व्यवस्थापन तथा कर्मचारीको दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहमा नागरिकको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- खर्च आवश्यकता तथा राजस्व सम्भाव्यताको लेखाजोखा गर्दै प्रदेशको आन्तरिक राजस्व संकलन र वित्तीय स्रोतपरिचालनमा आत्मनिर्भर हुने ।
- प्रदेशको तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाई प्राथमिक तहको तथ्याङ्कको रूपमा लिने।
- प्रदेश र स्थानीय तहको चालु खर्चलाई वाञ्चित सिमा भित्र राख्दै पूँजीगत खर्चमा गुणात्मक वृद्धि गर्ने।
- उत्तरदायी आर्थिक व्यवस्थापन गर्दै वित्तीय सुशासन कायम गर्न सामाजिक उत्तरदायित्वका उपायहरू अवलम्वन गर्ने।

## निष्कर्ष

आर्थिक वर्ष २०७८/७९ बजेट कार्यान्वयनमा अघिल्लो वर्षको तुलनामा केही सहज भएको छ। प्रदेश नं.१ सरकार अन्तरगतका निकायहरुबाट महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरु सञ्चालन भएका छन्।

प्रदेश नं.१को आ.व.२०७८/७९ को सरकारी खर्चतर्फ विनियोजनको ८६.२ प्रतिशत र राजस्व तथा अनुदानतर्फ लक्ष्यको ९९.६ प्रतिशत प्रगति रहन पुग्यो। स्रोतको दृष्टिकोणले अन्य प्रदेश भन्दा कम आय भएतापनि सीमित स्रोत साधनको परिचालनबाट पनि प्रदेश नं.१ अरु प्रदेश भन्दा बढी खर्च गर्न सक्ने प्रदेशको रुपमा रहेको छ।

प्रदेशको आयको ठूलो हिस्सा संघ अनुदानमा नै निर्भर रहनु र प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित हुनु, स्थानीय तहबाट बाँडफाँट भई प्रदेशलाई प्राप्त हुने राजस्व समेत प्राप्त नहुनु राजस्व परिचालनका प्रमुख समस्या एवम् चुनौतीका रूपमा विद्यमान छन्। प्रदेशमा विकासको माग र ठेक्का प्रक्रियाबाट दायित्व सृजना भएको बढ्दो सार्वजनिक खर्चलाई व्यवस्थापन गर्न संघ वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउनुका साथै आन्तरिक राजस्वमा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ भने सार्वजनिक खर्चलाई पर्याप्त विश्लेषण गरी उत्पादनमूलक क्षेत्रमा मात्र परिचालन गर्ने नीति लिनु पर्ने देखिन्छ। सार्वजनिक खर्चतर्फ प्रादेशिक महत्वमा प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजना लगायतका ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०७८/७९ मा वित्त व्यवस्थापन सुधारको दृष्टिकोणले महत्वपूर्ण रहेको छ। विगत वर्षहरुमा भएका त्रुटि सच्याई वित्त व्यवस्थापनलाई नयाँ गतिमा अगाडि बढाउने अवसर समेत प्राप्त भएको छ। कोभिड-१९ संक्रमणले मुलुकको अर्थतन्त्रमा प्रभाव पर्दा राजस्व संकलन केही प्रभावित भएतापनि सार्वजनिक खर्चमा गरिएको सावधानी, संघबाट थप सशर्त अनुदान प्राप्तिले गर्दा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोष अनुकूल रह्यो। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ कार्यान्वयन भएको, सार्वजनिक खर्चमा मितव्ययीता एवम् प्रभावकारी अभिवृद्धिका गरिएका प्रयास, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट कार्यान्वयनको आवधिक समीक्षा गरी कार्यान्वयनमा समन्वय गरिएको साथै संघ सशर्त अनुदानमा थप बजेट प्राप्त भई त्यसको प्रभावकारी रुपमा परिचालन गरिएकोले वित्त सन्तुलनमा सकारात्मक प्रभाव परेको छ।

आयोजना छनौटमा प्रभावकारीता अभिवृद्धि गरी गुणस्तरीयता कायम गर्ने, चालु खर्चमा नियन्त्रण गर्ने र संघबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदान तथा स्थानीय तहमा जाने वित्त हस्तान्तरणलाई अधिकतम ढंगले परिचालन गर्नु अपरिहार्य रहेको छ। आगामी दिनमा विनियोजन दक्षता अभिवृद्धि गर्ने, प्रशासनिक खर्चहरुलाई मितव्ययीता अवलम्बन गरी वित्तीय अनुशासन कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तर्फ विशेष प्रयत्न गर्नुपर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची-१

## आ.व. २०७८/०७९ मा  कायम बजेट विनियोजन

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालय/निकाय | सुरु विनियोजन | रकमान्तर घट | रकमान्तर थप | अर्थविविधबाट थप | संघ सशर्त अनुदान थप | कायम भएको बजेट |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका सचिवालय | २२१९८४ | - | - | - | - | २२१९८४ |
| २. | प्रदेश लोकसेवा आयोग | ९८८०३ | - | - | ३८ | - | ८४२४१ |
| ३. | मुख्य न्यायाधिवक्ता कार्यालय | १६६४३ | - | - | ९५० | - | १७५९३ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १०२३३०२ | ९३६०० | - | ७०० | - | ९३०४०२ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २६७७२६ | १९८४०० | - | २००३४८१ | - | २०७२८०७ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८१७७०३ | ४१९७० | ६०२०० | १००७५ | ६१९३१ | २९०७९३९ |
| ७. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २६३९६०० | ४४२२१८ | - | ८०३१ | ७५०० | २२१२९१३ |
| ८. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६३९१९७ | २३२२९० | - | - | - | ४०६९०७ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १२८४९०४८ | - | १०२६६४० | ८८८६९६ | १५३०००० | १६२९४३८४ |
| १०. | सामाजिक विकास मन्त्रालय | ४८३१८३९ | २३९२७२ | १५७५ | ५४५६८ | ६९१२२२ | ५३३९९३२ |
| ११. | प्रदेश योजना आयोग | ३९१२४ | - | - | - | - | ३९१२४ |
| १२. | अर्थ विविध | ३८०००५७ | ३७६९५४८ | - | - | - | ३०५०९ |
| १३. | स्थानीय तह | ३२२४१७४ | - | १७३९३५ | ८०३००९ | १००० | ४२०२११८ |
| **जम्मा** | | **३२४६९२००** | **५०३१८९८** | **१२६२३५०** | **३७६९५४८** | **२२९१६५३** | **३४७६०८५३** |